कर्णाली प्रदेश सरकार

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८२/८३–२०८४/८५)

कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

२०८२

# कर्णाली प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री, श्री यामलाल कंडेल | अध्यक्ष |
| माननीय सूर्यनाथ योगी, कर्णाली प्रदेश योजना आयोग | उपाध्यक्ष |
| माननीय अशोकनाथ योगी, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| माननीय डम्बर बहादुर रावल, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| श्री वीरेन्द्र कुमार यादव, प्रमुख सचिव, कर्णाली प्रदेश सरकार | सदस्य |
| श्री रविलाल शर्मा, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य-सचिव |

# कर्णाली प्रदेश योजना आयोग

उपाध्यक्ष

**वीरेन्द्रनगर, सुर्खेत**
**नेपाल**



## भूमिका

नेपालको संविधान, २०७२ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले प्रदेश सभामा वार्षिक विनियोजन विधेयक संगै आगामी तीन वर्षको मध्यकालीन खर्च संरचना समेत तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ। कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६/०७७-२०८०/०८१ कार्यान्वयन गरी सकिएको छ। यस योजनाले लिएका लक्ष्यहरु योजनाहरु विकासको जग निर्माण गर्ने कार्य गरेको भएता पनि विषयक्षेत्रगत रुपमा मिश्रित रुपमा उपलब्धी हाँसिल भएको छ। लक्षित उपलब्धी हाँसिल हुन नसक्नुमा संघीयताको शुरुवाती चरणमा र अन्य क्षेत्रमा भुकम्प लगायत विविध कारणका साथै अलि बढी महत्वकांक्षी योजना र आर्थिक वृद्धिको लक्ष्य तय गरेका कारण अपेक्षित उपलब्धी हाँसिल हुन नसकेको देखिन्छ। हाल आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि दोस्रो आवधिक योजना कार्यान्वयनको चरणमा रहेको छ र नेपाल सरकारले सो योजनामा तयार गरेको सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीको सोच अनुसार लक्ष्य उद्देश्य कर्णाली सोच २१०० नेपाल अति कम विकसित मुलुकबाट मध्यम आय भएको विकाससील मुलुकमा स्तरोन्नती सन् २०२६ सम्ममा हुने र दिगो विकास लक्ष्य सन् २०३० हाँसिल गर्न प्रदेश सरकारले पुरा गर्नुपर्ने जिम्मेवारी प्रदेश नीति योजना तथा कार्यक्रम प्रदेशको कार्यसूची र जनताको आवश्यकता र विकासका अपेक्षा समेतलाई आत्मसाथ गरी प्रदेशको पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ। कर्णाली प्रदेश सरकारले दिएको दीर्घकालिन सोच, समृद्ध कर्णाली सुखारी कर्णालीवासी र दोस्रो आवधिक योजनाको सोच सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीको सोचलाई सार्थक बनाउन मध्यमकालीन खर्च संरचनाले आगामी त्रिवर्षीय आर्थिक अवस्थालाई चित्रण गर्दछ। प्रदेश स्रोत परिचालनको सम्भावना आयोजना कार्यान्वयन तथा प्रगतिको अवस्था र तिनबाट प्राप्त भएका उपलब्धीको आधारमा हरेक आर्थिक वर्षको शुरुमा यसको पुनरावलोकन गर्दै जानुपर्ने हुन्छ। कार्यान्वयन अवस्थाको आधारमा साविकका कार्यक्रम तथा आयोजनालाई निरन्तरता दिनुका साथै प्रदेश महत्वका नयाँ कार्यक्रम वा आयोजना समावेश गर्दै जानुपर्ने हुन्छ। यस मध्यमकालीन खर्च संरचना २०८२/२०८३-२०८४/०८५ मा उल्लिखित विवरणहरु कर्णाली प्रदेशका आवश्यकता र प्राथमिकताका साथै विभिन्न अध्ययनका आधारमा सम्पन्न गर्न सकिने भनी निर्धारण गरिएका क्षेत्रगत क्रियाकलापहरु हुन्। प्रदेशको वार्षिक योजना, दोस्रो पञ्चवर्षीय योजना, नेपाल सरकारको सोह्रौ पञ्चवर्षीय योजना, दिगो विकासको लक्ष्य २०३०, नेपालले सन् २०२६ सम्म विकासशील राष्ट्रमा स्तरोन्नती, मन्त्रालयगत गुरुयोजनाहरु, दीर्घकालीन योजनालाई आत्मसाथ गर्दै दिगो, फराकिलो र उच्च आर्थिक विकासमा मध्यमकालीन खर्च संरचनाको तर्जुबाट महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छ। मध्यमकालीन खर्च संरचना तयार गर्ने क्रममा कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ लाई आधार लिइएको छ। यस मार्गदर्शन अनुसार गठित मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिको निर्देशनमा रही मध्यमकालीन खर्च संरचना प्राविधिक समिति र विषयगत मन्त्रालय वा निकायगत मध्यमकालीन खर्च संरचना कार्यदल विज्ञ समूहबाट आ-आफ्नो कार्यक्षेत्रमा पर्ने प्राविधिक कामहरु सम्पन्न भएका छन्।

कर्णाली प्रदेश योजना आयोगले प्राविधिक समिति मार्फत आवश्यक विवरण सहितको दस्तावेजलाई आवश्यक सम्पादन गरी अन्तिम रुप दिइएको छ। अन्तिममा मेहेनतका साथ महत्वपूर्ण दस्तावेज तयार गर्ने कार्यमा संलग्न आयोगका माननीय सदस्यद्वय अशोकनाथ योगी, माननीय सदस्य डम्बर बहादुर रावलज्यू, मध्यमकालीन खर्च संरचना तर्जुमा समितिका सदस्यज्यूहरु, प्राविधिक समिति तथा विज्ञ महानुभावहरु र कर्णाली प्रदेश योजना आयोगका प्रशासकीय प्रमुख गोपाल के.सी.ज्यू लगायत आयोगका कर्मचारीहरु, विशेषगत सबै मन्त्रालय र निकायमा रहेका राष्ट्रसेवक कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहान्छ।

२०८२ असार १

**सूर्यनाथ योगी**
**उपाध्यक्ष**

# विषयसूची


| विषय | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **परिच्छेद-१ः परिचय** | | **१-१०** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | सोच, लक्ष्य र उद्देश्य | २ |
| १.३ | उपादेयता | ४ |
| १.४ | कानुनी आधार | ५ |
| १.५ | कर्णाली प्रदेशमा मध्यमकालीन खर्च संरचना अभ्यास | ५ |
| १.६ | संस्थागत व्यवस्था | ५ |
| १.७ | मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया | ७ |
| १.८ | अपेक्षित उपलब्धी | ९ |
| १.९ | मध्यकालीन खर्च संरचना र योजनाबीच सम्बन्ध | ९ |
| **परिच्छेद-२ : मध्यमकालीन खर्च संरचना** | | **११-२५** |
| २.१ | पृष्ठभूमि | ११ |
| २.२ | चुनौती तथा अवसर | ११ |
| २.३ | सोच, उद्देश्य तथा रणनीति | १२ |
| | २.३.१ सोच | १२ |
| | २.३.२ लक्ष्य | १२ |
| | २.३.३ उद्देश्य | १२ |
| | २.३.४ रणनीति | १३ |
| २.४ | मध्यमकालीन वित्त र नतिजा खाका | १४ |
| २.५ | मध्यमकालीन बजेट खाका | १७ |
| २.६ | आयोजना प्राथमिकताक्रमका आधारमा त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण | १८ |
| २.७ | लैंगिकता, जलवायु परिवर्तन र दिगो विकास लक्ष्य सम्बन्धी त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण | १९ |
| | २.७.१ लैंगिक संकेतका आधारमा | १९ |
| | २.७.२. जलवायु संकेतका आधारमा | १९ |
| | २.७.३ दिगो विकास लक्ष्यका आधारमा | २० |
| २.८ | वित्तीय हस्तान्तरण | २१ |
| २.९ | वैदेशिक सहयोग व्यवस्थापन | २२ |

| | | |
|---|---|---|
| २.१० | आन्तरिक ऋण | २२ |
| २.११ | स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण | २२ |
| २.१२ | आगामी तीन वर्षको लागि सुनिश्चित गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू | २३ |

**परिच्छेद-३ : मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना** **२६-१८४**

| | | |
|---|---|---|
| ३.१ | उद्योग, पर्यटन, वन तथा वातावरण | २६ |
| ३.२ | भूमि व्यवस्था, कृषि तथा सहकारी | ४२ |
| ३.३ | भौतिक पूर्वाधार तथा शहरी विकास | ८० |
| ३.४ | जलश्रोत तथा उर्जा विकास | ९१ |
| ३.५ | सामाजिक विकास मन्त्रालय | ११५ |
| ३.६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३० |
| ३.७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४३ |
| ३.८ | आन्तरिक मामिला तथा कानून | १५३ |
| ३.९ | प्रादेशिक आयोग तथा निकाय | १६० |
| | ३.९.१ प्रदेश सभा | १६० |
| | ३.९.२ प्रदेश लोक सेवा आयोग | १६५ |
| | ३.९.३ मुख्य न्यायाधिवक्ताको कार्यालय | १७४ |
| | ३.९.४ कर्णाली प्रदेश योजना आयोग | १७८ |

**अनुसूचीहरू :**

| | |
|---|---|
| अनुसूची-१ : मन्त्रालयगत/निकायगत त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण | १८५ |
| अनुसूची-२ : मन्त्रालयगत/निकायगत त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण | १८७ |
| अनुसूची-३ : बहुवर्षीय आयोजनाहरूको विवरण | १८९ |
| अनुसूची-४ : विकास बजेटका आयोजना प्राथमिकीकरणका आधारहरू | २०२ |
| अनुसूची-५ : लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र मापनका प्रमुख सूचक र उपसूचकहरू | २०५ |
| अनुसूची-६ : जलवायु परिवर्तन बजेट कोड | २११ |
| अनुसूची-७ : असर र प्रभाव तहका सूचकहरूको विवरण | २१४ |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

सार्वजनिक श्रोतको समुचित विनियोजन तथा विनियोजित रकमको प्रभावकारी ढंगले उपयोग गर्नु सबै तहका सरकारहरुको पहिलो प्राथमिकताको विषय हुनु स्वभाविक हो। यसको लागि सार्वजनिक श्रोतको विनियोजन गर्ने सम्बन्धमा श्रोतको सीमित उपलब्धतालाई मध्यनजर गरी उत्पादन तथा पूर्वाधार निर्माणसंग जोडिएका क्षेत्रलाई आवश्यकताको दृष्टिले पहिलो तथा दोश्रो श्रेणीमा राखी अधिकांश श्रोत यस्ता क्षेत्र र विषयमा प्रयोग हुने प्रणालीको विकास गर्नु पनि त्यतिकै आवश्यक हुन्छ। यसका लागि मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने हुन्छ। मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा खर्च संरचनामा समावेश हुने योजना, कार्यक्रम तथा आयोजना-परियोजनाको उद्देश्य, खर्चको पुष्टयाईं, आगामी वर्ष तथा त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुने अनुमानित प्रतिफल र उपलब्धी समेत समावेश भएको हुनु पर्दछ। यसरी तयार गरिएको मध्यमकालीन खर्च संरचनाले सरकारले परिचालन गर्न सक्ने श्रोत साधनको वैज्ञानिक ढंगले अनुमान लगाई त्यस्तो श्रोत साधनलाई आवधिक योजनाले प्राथमिकतामा राखेका क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गरी साधनको प्रयोगको प्रभावकारिता बढाउनमा मद्दत गर्दछ।

नेपालको संविधान, २०७२ लागू भएपछि तर्जुमा भएर कार्यान्वयनमा आएको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा तीन तहका सरकारले आ-आफ्नो तहको व्यवस्थापकीय संस्था (प्रदेशको हकमा प्रदेश सभा) मा संविधानले व्यवस्था गरे अनुरुप वार्षिक अनुमान प्रस्तुत गर्दा मध्यमकालीन खर्च संरचना समेत तयार गरी प्रस्तुत गर्नु पर्ने व्यवस्था गरिएको छ। प्रस्तुत सन्दर्भमा मूलतः नेपालको संविधान, प्रदेश सरकारको कार्य विभाजन नियमावली, प्रदेश सरकारको दोस्रो आवधिक पञ्चवर्षिय योजना (२०८१/०८२-२०८५/०८६), प्रदेश सरकारका विगतका नीति तथा कार्यक्रम र वार्षिक बजेटहरुले लिएका सोच, उद्देश्य, नीति तथा प्राथमिकतालाई ध्यानमा राखी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

नेपालको संविधानले आत्मसात गरेको लोक कल्याणकारी राज्य, सुशासन, विकास र समृद्धिको परिकल्पना पूरा गर्न सार्वजनिक स्रोतको प्रभावकारी परिचालन अनिवार्य हुन्छ। हरेक सार्वजनिक खर्चलाई लक्ष्योन्मुख र उपलब्धीमूलक बनाउन नितान्त आवश्यक हुन्छ। नेपालको दीर्घकालीन राष्ट्रिय सोच "**समृद्ध नेपाल, सुखी नेपाली**", कर्णाली प्रदेशको दीर्घकालीन सोच "**समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**", दिगो विकास लक्ष्य र सामाजिक न्यायमा आधारित समावेशी तथा सन्तुलित विकासको लक्ष्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको अहम् भूमिका रहन्छ। वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नती हुने राष्ट्रिय अठोट पुरा गर्न "कर्णाली सोच २१००" को योजनाबद्ध कार्यान्वयन गर्न, **"शिक्षा, स्वास्थ्य र रोजगारः त्यसका लागि**

**सुशासन र पूर्वाधार"** भन्ने कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको मूल नारा **"सामाजिक, आर्थिक, भौतिक, र मानवीय विकास सहितको समाजवाद उन्मुख प्रणाली : सुशासन, सामाजिक न्याय र समृद्धियुक्त कर्णाली"** पूरा गर्न सार्वजनिक स्रोतको कुशल र प्रभावकारी परिचालन अपरिहार्य हुन्छ। यसका लागि स्रोत-साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन लगायत सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई प्रयोग गर्न सकिन्छ।

आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता र सामञ्जस्यता कायम गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्ने औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई प्रयोग गरिन्छ। यसले सरकारसँग उपलब्ध सीमित स्रोत साधनको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकता क्षेत्रमा न्योयोचित वितरण र परिचालन गर्ने, सार्वजनिक खर्च प्रणालीलाई मितव्ययी र पारदर्शी बनाउने, वित्तीय अनुशासन कायम गर्ने कार्यमा सघाउ पुऱ्याउँदछ।

कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) ले निर्धारण गरेका प्रथामिकता एवम् प्रदेश सरकारको नीति तथा कार्यक्रम (२०८२-०८३) अनुरुप बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन मध्यमकालिन खर्च संरचना (२०८२/०८३-२०८४/०८५) तर्जुमा गरिएको छ। यसमा आगामी त्रिवर्षीय अवधिको खर्च तथा स्रोतको अनुमान गरिएको छ। सो अवधिमा प्रदेश सरकारबाट सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक स्रोतको प्रक्षेपण, स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने अनुदान तथा राजश्व बाँडफाँड, योजना तथा कार्यक्रमको प्राथमिकीकरण, दिगो विकास तथा लैङ्गिक सांकेतीकरण सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिएको छ।

## १.२ सोच, लक्ष्य र उद्देश्य

मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework - MTEF) एउटा यस्तो औजार हो जुन सरकारको बजेट निर्माण, नीति निर्माण र खर्च व्यवस्थापनलाई मध्यम अवधिको समयसीमा (सामान्यतः ३ वर्ष) भित्र योजना बनाउन र कार्यान्वयन गर्न मद्दत गर्दछ। यसको उद्देश्य वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक स्रोतहरूलाई प्राथमिकताका आधारमा खर्च गर्न सक्षम बनाउनु हो।

**(क) सोच :**

- स्रोतसाधनको अधिकतम उपयोग गर्दै पारदर्शी र उत्तरदायी खर्च प्रणाली विकास गर्ने,
- राष्ट्रिय प्राथमिकता र विकास लक्ष्यसँग मिल्दोजुल्दो बजेट निर्माण गर्ने,
- समावेशी विकास र सेवा प्रवाहमा सुधार ल्याउने सोच राख्ने,
- अनुकूलनशील (flexible) तर प्रभावकारी खर्च योजना बनाउने।

**(ख) लक्ष्य :**

मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य भनेको स्रोतको तार्किक विनियोजनमार्फत बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउनु हो। प्रस्तुत मध्यमकालीन खर्च संरचनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्ः-

- दिगो आर्थिक विकास सुनिश्चित गर्ने,
- बजेट र आवधिक योजना बीच प्रभावकारी तादम्यता राख्ने,
- दिगो आर्थिक विकास सुनिश्चित गर्ने,
- सार्वजनिक सेवाको गुणस्तर र पहुँच सुधार गर्ने,
- वित्तीय अनुशासन र उत्तरदायित्व बढाउने,
- नीतिगत प्राथमिकतासँग मिल्दोजुल्दो बजेट प्रणाली विकास गर्ने,
- खर्चको पूर्वानुमान र कार्यसम्पादनको अनुगमन गर्ने प्रणाली मजबुत पार्ने,
- विकास बजेटको कार्यान्वयन क्षमता सुधार गर्ने,
- न्यायोचित र समावेशी सेवा प्रवाह सुनिश्चित गर्ने,
- स्थानीय, प्रदेश र संघीय तहबीचको समन्वय मजबुत बनाउने,
- उपलब्ध स्रोत-साधनलाई प्राथमिकता अनुसार रणनीतिक रूपमा विनियोजन गर्ने,
- नीतिगत निर्णयहरूमा तथ्य र डाटामा आधारित योजना निर्माण सुनिश्चित गर्ने,
- SDG (Sustainable Development Goals) लक्ष्यहरू हासिल गर्न अनुकूल बजेट प्रणाली निर्माण गर्ने,
- सार्वजनिक खर्चमा पारदर्शिता, प्रतिस्पर्धा र प्रभावकारिता बढाउने।

**(ग) उद्देश्य :**

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्ः-

- संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा प्रतिफलदायी क्षेत्रमा योजना तथा कार्यक्रमलाई निर्देशित गर्ने,
- सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम र बजेट अनुमान तथा आगामी दुई आर्थिक वर्षको बजेट खाका तर्जुमा गर्ने,
- आवधिक योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेट बाँडफाँड गर्ने,

- सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने,
- सम्बन्धित मन्त्रालय तथा निकायको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने,
- कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणालीको अवलम्बन गरी खर्चको आवश्यकताको उत्पादकत्व वृद्धि गरी वित्तीय सुशासन कायम गर्ने,
- प्रदेशको श्रोत सीमिततालाई मध्यनजर गरी संघीय सरकारको समन्वयमा वैदेशिक र स्वदेशी लगानीबाट श्रोत न्यूनता परिपूरण गर्ने।

## १.३ उपादेयता

मध्यमकालीन खर्च संरचनाको अवधारणा,यसको प्रयोगको पृष्ठभूमि तथा विस्तार, संरचनाको कानूनी मान्यता तथा यसका प्रमुख उद्देश्यहरूलाई दृष्टिगत गर्दा यसको महत्त्व तथा उपादेयता निम्नानुसार हुने अपेक्षा गरिएको छः

(क) चालु खर्चलाई मितव्ययी बनाउने आधार प्रदान गर्ने,

(ख) पुँजीगत खर्चलाई नतिजामुखी बनाउन आधार तयार गर्ने,

(ग) सालवसाली रूपमा सामान्य वृद्धिको आधारमा बजेट निर्माण गर्ने प्रक्रिया र परम्पराको अन्त्य गरी बजेट निर्माण प्रक्रियालाई शून्य र कार्यक्रममा आधारित बनाउने,

(घ) प्रदेश गौरव, प्रदेश महत्त्व तथा प्रदेश प्राथमिकतामा परेका परियोजनाहरूको लागि स्रोतको अभाव हुन नदिने,

(ङ) पुँजीगत खर्चको गुणस्तरीयता र प्रभावकारीता बढाउन वर्षको प्रारम्भमा नै निर्माणसम्बन्धी कार्यको ठेक्का बन्दोबस्त गरिसक्ने गरी कार्यक्रमको स्रोतको सुनिश्चितताको लागि उपयुक्त आधार सृजना गर्ने,

(च) परियोजना निर्माणको लागि बहुवर्षीय ठेक्का लगाउँदा मध्यमकालीन खर्चसंरचनाको सीमाभित्र रहेर प्राथमिकता किटान भएका र स्रोत सुनिश्चित भएका योजनामा मात्र बजेट समावेश गर्ने र गराउने,

(छ) गैरबजेटरी रकम माग गर्ने र जथाभावी रकमान्तर गर्ने कार्यलाई निरुत्साहित गर्ने र विनियोजित रकम मासिक रूपमा कार्य अनुपात निर्धारण गरी सोही अनुपात तथा समय सीमाभित्र रहेर खर्च गर्ने गराउने तथा वर्षका पछिल्ला महिनामा हचुवाका भरमा खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्ने,

(ज) दिगो विकास लक्ष्य,लैंगिक समानता, समावेशिता तथा प्राथमिकताका आधारमा योजना छनौट र बजेट विनियोजन गर्ने पद्धतिको विकास गर्ने,

(झ) सार्वजनिक खर्चलाई उत्पादन, रोजगारी र सामाजिक न्यायको क्षेत्रमा परिचालन गर्ने।

## १.४ कानुनी आधार

नेपालको संविधानको धारा ५६, ५७ र ५९ मा तीनै तहका सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी रहेको छ। यसैगरी, धारा २०७ ले प्रदेश सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्ष सुरू हुनुभन्दा अगावै प्रदेश सभा समक्ष राजश्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकमहरू र प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकमहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्ने व्यवस्था गरेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। सो ऐनको दफा १७ अनुसार प्रदेश सरकारले यसै ऐनको दफा १६ अनुसारको खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था छ।

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश सरकारले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संघीय तथा प्रादेशिक आवधिक योजनालाई समेत मार्गदर्शनको रूपमा लिनुपर्ने प्रावधान ऐनमा उल्लेख छ। प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति ईकाइ लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिसमेत खुलाई प्रत्येक योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.५ कर्णाली प्रदेशमा मध्यमकालीन खर्च संरचनाको अभ्यास

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-८०/८१) निर्माणको कार्य आर्थिक वर्ष २०७५/०७६ देखि प्रारम्भ भएको हो। आवधिक योजना र बजेट तथा कार्यक्रमबीच तादाम्यता नरहने, कुनै कार्यक्रम/आयोजनामा आवश्यकताभन्दा बढी बजेट विनियोजन हुने र कुनैमा कम विनियोजन हुने जस्ता समस्याहरू हटाउन कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा पहिलो पटक त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तयार गरी प्रकाशन गरेको हो। पहिलो पटक आर्थिक मामिला तथा योजना मन्त्रालयले तयारी गरी प्रकाशन गरेको थियो भने त्यसपछिका चारवटा मध्यकालीन खर्च संरचना प्रदेश योजना आयोगबाट तयारी गरी प्रकाशन गरिएको थियो भने यो छैठौं मध्यकालीन खर्च संरचनासमेत प्रदेश योजना आयोगबाट तयारी गरी प्रकाशन गरिएको छ।

## १.६ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने संयन्त्र भएकाले वार्षिक बजेट तर्जुमामा यसको महत्त्वपूर्ण भूमिका रहन्छ। “**कर्णाली प्रदेश योजना तर्जुमा**

**मार्गदर्शन,२०७५"** मा मध्यमकालीन खर्च संरचनासम्बन्धी कार्यका लागि निम्नानुसारका संस्थागत संयन्त्र रहने व्यवस्था छ।

**(क) मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिः**

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | सदस्यहरू, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| ४. | सचिवहरू, विषयगत मन्त्रालय | सदस्य |
| ५. | सदस्य-सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन दिई प्रभावकारी कार्यान्वयनका लागि पहल कदमी गर्दछ।

**(ख) बजेट तथा स्रोत अनुमान समिति**

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | सदस्यहरू, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४. | प्रमुख, प्रदेश कार्यालय, नेपाल राष्ट्र बैंक | सदस्य |
| ५. | प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ६. | सदस्य-सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले प्रदेशको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार गरी आगामी तीन वर्षको लागि बजेट सीमा निर्धारण गर्ने कार्य गर्दछ।

**(ग) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति**

| | | |
|---|---|---|
| १. | सदस्य सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३. | महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, सबै मन्त्रालय वा निकाय | सदस्य |
| ४. | योजना अनुगमन शाखा प्रमुख, कर्णाली प्रदेश योजना आयोग | सदस्य-सचिव |

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि बजेट कार्यान्वयन तहको यो एक महत्त्वपूर्ण समिति हो। समितिका कार्यहरू निम्नानुसार छन्ः

(क) सम्पूर्ण मन्त्रालय र निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,
(ख) निर्देशक मार्गदर्शन तथा ढाँचा बनाउने, डाटावेश व्यवस्थापन गर्ने, कम्प्युटराइज्ड गर्ने तथा सञ्चालन विकास गर्ने,
(ग) मध्यमकालीन खर्च संरचनाको कार्य सम्पादन सम्बन्धी आवश्यक तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
(घ) मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अन्य कार्य गर्ने ।

मन्त्रालय वा निकायगत मध्यमकालीन खर्च संरचना सम्बन्धी कार्यका लागि निम्न बमोजिमको मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था छः

| | | |
|---|---|---|
| १. | योजना तथा बजेट महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | संयोजक |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | सदस्य |
| ३. | सम्बन्धित निकाय अन्तर्गतको विभागीय स्तरको कार्यालयको प्रतिनिधि | सदस्य |
| ४. | योजना शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | सदस्य सचिव |

यो कार्यदल मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी कार्य गर्ने संरचनागत श्रृङ्खलामा सबभन्दा तल्लो संरचना हो। यस कार्यदलले सम्बन्धित मन्त्रालय तथा निकायहरूमा आ-आफ्नो मन्त्रालयको मध्यमकालीन खर्च संरचना सम्बन्धी प्रत्येक क्रियाकलापको एकाईगत लागत आङ्कलन र परिमार्जन गर्दछ। यसले आफ्नो मन्त्रालय र निकाय अन्तर्गतको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी विषय समेटी बजेटको मस्यौदा तयार गर्नुका अतिरिक्त आवश्यकता अनुसार मातहत निकायहरूका लागि समन्वयात्मक भूमिका पनि निर्वाह गर्दछ। प्रत्येक कार्यक्रम तथा आयोजनाको एकाईगत लागत आँकलन एवम् परिमार्जन पश्चात मन्त्रालयगत खर्च संरचना तयार गरी कर्णाली प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयमा पेश गर्ने दायित्व समेत यसै कार्यदलमा रहेको छ।

## १.७ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### (क) बजेटको तयारीको आधार:

यस चरणमा बजेट सम्बन्धी नीतिगत विषयको प्रारम्भिक प्रतिवेदन तयार गर्ने र त्यसको आधारमा नीतिगत अवधारणा बनाउने समेत गरी दुई विषय पर्दछन्। त्रिवर्षीय खर्च प्रक्षेपण सहित कूल बजेटको आकार तयारीका लागि गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा सम्बन्धित निकाय वा मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र कर्णाली प्रदेश योजना आयोगले नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गर्नुपर्दछ। यो कार्य गर्दा सम्बन्धित मन्त्रालयहरूले आफ्नो मन्त्रालयको खर्च संरचना कार्यदलको संलग्नतामा कार्यगत रूपमा कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयले समग्र रूपमा पुनरावलोकन गरी नीतिगत अवधारणापत्र तयार गर्नु पर्दछ।

**(ख) बजेटको आकार र सीमा निर्धारण :**

नीतिगत अवधारणा तय भएपछि स्रोत समितिले, प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कूल ग्राहस्थ उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, वित्तीय साधन परिचालनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गर्दछ।

**(ग) बजेट सीमा र मार्गदर्शन :**

स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र रहेर कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मन्त्रालयगत र खर्च प्रकृति वा कार्यगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार हुन्छ। यसअनुसार तयार भएको मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश स्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टी गरी सम्बन्धित मन्त्रालयहरूमा पठाउनु पर्दछ। सम्बन्धित मन्त्रालयहरूले आफू अन्तर्गतका निर्देशनालय, कार्यालय र आयोजनाहरूको मार्गदर्शनसहित बजेटको सीमा प्रदेशस्तरको मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्नुपर्दछ। बजेट तथा कार्यक्रमले देहायका वृहत मार्गदर्शनलाई आधार मानेको छ।

- संस्थागत सुशासन
- सामाजिक सशक्तीकरण
- आर्थिक सशक्तीकरण (उद्यमशीलता र स्वरोजगार)
- करिडोर तथा टेरिटोरियल विकासको अवधारणाको कार्यान्वयन

**(घ) त्रि-वर्षीय खर्च प्रक्षेपण :**

प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरूबाट प्रस्तावित आयोजना एवम् कार्यक्रमहरूको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेटमाथि सम्बन्धित विषयगत प्राविधिक समितिमा छलफल गर्नुपर्दछ। यस्तो छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राज्यका नीतिहरू र सम्बन्धित तहको कार्यक्षेत्र) राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेशको आवधिक योजना, प्रदेशको आवश्यकता र सम्भावना एवम् आयोजना बैङ्क तयार भएको भए त्यस बैङ्कबाट छनौट गरिएका आयोजना समेतलाई प्राथमिकीकरणको आधार बनाउनुपर्दछ।

**(ङ) संरचनाको तयारी :**

विषयगत प्राविधिक समितिमा छलफल पश्चात प्रस्ताव गरिएका कार्यक्रम आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ। यसरी तयार गरिएको मस्यौदा प्रस्ताव कर्णाली प्रदेश योजना आयोगमा स्वीकृतिका लागि पेश गर्नुपर्छ।

**(च) संरचनाको प्रस्तुति :**

मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम कर्णाली प्रदेश योजना आयोगबाट स्वीकृत भएपछि बजेटको अन्तिम मस्यौदामा उल्लेखित आगामी आर्थिक वर्षको समग्र बजेटको स्वरूप प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गरिन्छ। यसरी स्वीकृत गरिएको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रममा राजस्व प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम् योजनाले निर्धारित गरेको आगामी वर्ष सञ्चालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी आर्थिक वर्षको आय-व्यय विवरण बजेट वक्तव्य मार्फत असार १ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रीबाट प्रदेश सभामा पेश हुन्छ।

## १.८ अपेक्षित उपलब्धी

(क) उपलब्ध स्रोत र अनुमानित खर्चबीच सन्तुलन कायम भएको हुने,
(ख) गैरबजेटरी माग र रकमान्तरमा न्यूनीकरण हुँदै नियन्त्रण भएको हुने,
(ग) वित्तीय अनुशासन कायम गर्न सहयोग पुगेको हुने,
(घ) प्रदेश गौरवका आयोजना, प्रदेशको प्राथमिकतामा परेका अन्य आयोजना र चालु कार्यक्रम तथा आयोजनाको लागि साधन र स्रोतको सुनिश्चितता भएको हुने,
(ङ) बजेट तर्जुमा प्रक्रिया वैज्ञानिक तथा भरपर्दो एवम् विश्वसनीय भएको हुने,
(च) प्रदेश सरकारको बजेट विनियोजन कुशलता अभिवृद्धि भएको हुने,
(छ) दिगो विकास लक्ष्य र लैङ्गिक समानता हासिल गर्न सघाउ पुऱ्याएको हुने,
(ज) दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका लक्ष्य र उद्देश्य हासिल गर्न सघाउ पुऱ्याएको हुने।

## १.९ मध्यमकालीन खर्च संरचना र योजनाबीच सम्बन्ध

मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) र योजना बीचको सम्बन्ध रणनीतिक, वित्तीय, र कार्यान्वयन दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण हुन्छ। यी दुईबीचको सम्बन्ध निम्न बुँदाहरूमा प्रष्ट पार्न सकिन्छः

**(क) रणनीतिक बजेट निर्धारण :**

मध्यकालीन खर्च संरचना योजना निर्माणको रणनीतिक आधार हो। यसले सरकारका प्राथमिकता प्राप्त कार्यक्रम र योजना पहिचान गरी तिनका लागि आवश्यक बजेट सुनिश्चित गर्छ। यसरी योजना र बजेटबीच समन्वय हुन्छ।

**(ख) स्रोतको यथोचित विनियोजन :**

MTEF ले उपलब्ध स्रोतहरूको मूल्याङ्कन गर्दै योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय प्रतिबद्धता सुनिश्चित गर्छ। यसले योजनाहरू कार्यान्वयनमा यथार्थपरक दृष्टिकोण ल्याउँछ।

**(ग) बहुवर्षीय योजना र खर्चको तालमेल :**

योजना प्रायः बहुवर्षीय हुन्छन्, तर बजेट वार्षिक बनाइन्छ। MTEF ले आगामी ३ देखि ५ वर्षको खर्च प्रक्षेषण गरेर योजना र बजेटबीचको असन्तुलन घटाउँछ।

**(घ) नतिजामुखी योजनाको प्रवर्द्धन :**

MTEF ले योजनालाई नतिजामा आधारित कार्यान्वयनमा जोड दिन्छ। यसले खर्च प्रभावकारीता, कार्यसम्पादन मूल्याङ्कन र सार्वजनिक सेवा सुधारमा सहयोग गर्छ।

**(ङ) मन्त्रालय/संस्थागत स्तरको योजना-बजेट समन्वय :**

MTEF प्रक्रिया अन्तर्गत हरेक मन्त्रालयले आफ्ना लक्ष्य अनुसार योजना र खर्च प्रस्ताव तयार गर्छ। यसले योजनाको स्वामित्व बढाउँछ र उत्तरदायित्व सुनिश्चित गर्छ।

मध्यकालीन खर्च संरचना योजनाहरूको व्यावहारिक कार्यान्वयनका लागि आधारशिला हो। यो बिना योजना केवल दस्तावेजमै सीमित हुन सक्छ। MTEF ले नीति, योजना र बजेटलाई एउटै ढाँचामा समेट्ने पुलको काम गर्छ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०८२/०८३-२०८४/०८५)

## २.१ पृष्ठभूमि

नेपाल सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच एवम् प्रदेश सरकारले लिएको समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको दीर्घकालीन सोच पूरा गर्न समृद्धि र सुखारीका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ। सो बमोजिम कर्णाली प्रदेशको समृद्धि र सुखारीको दीर्घकालीन लक्ष्य हासिल गर्ने आधार योजनाको रूपमा दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयनको चरणमा रहेको छ। यस योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति र सूचकहरूलाई आधार मानी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८२/०८३-२०८४/०८५) तयार गरिएको छ।

कर्णाली प्रदेशको भूगोल ठूलो भए पनि भू-बनोट जटिल र विकट रहेको छ। त्यसमाथि ऐतिहासिक रूपमै आर्थिक सामाजिक विकासमा पछाडि पारिएको यस प्रदेशका आर्थिक सामाजिक सूचकहरु अन्य प्रदेशको तुलनामा कमजोर रहनु स्वभाविकै छ। विगतका केही वर्षमा पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, उत्पादन र आम्दानीका सूचकहरूमा केही सुधारहरू देखिए पनि पञ्चवर्षीय योजनाले तय गरेको समृद्ध कर्णालीः सुखारी कर्णालीवासीको लक्ष्य हासिल गर्नका लागि ती पर्याप्त छैनन्। तसर्थ, बजेट तथा मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्दा पूर्वाधार विकास, सामाजिक विकास, उत्पादन र उद्योग, पर्यटन र वातावरण, सुशासन प्रवर्द्धनको साथै आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, उत्पादन वृद्धि, रोजगारी सृजना र उद्यमशीलता विकास गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ।

यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, नेपाल सरकारको सोह्रौ पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६), कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) र कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई मुख्य आधारको रूपमा लिइएको छ।

## २.२ चुनौती तथा अवसर

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२- २०८५/०८६) ले लिएका सोच, लक्ष्य र उद्देश्य हासिल गर्न सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगोविकास गर्दै तीव्र आर्थिक वृद्धि दर हासिल गरी समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको सोचलाई व्यवहारमा उतार्नु प्रमुख चुनौतीको रूपमा रहेको छ। कर्णाली प्रदेशमा रहेको उच्च निरपेक्ष तथा बहुआयामिक गरिबी,

भौगोलिक विकटता, कमजोर पोषण र खाद्य असुरक्षा, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको अभाव, विपद्को उच्च जोखिम, कमजोर भौतिक पूर्वाधार र भरपर्दो यातायात सुविधाको अभाव, डिजिटल प्रदेशको रुपमा विस्तार गर्नु,बढ्दो साइबर अपराधको न्यूनीकरण गर्नुको साथै बढ्दो जलवायु परिवर्तनको प्रभाव उत्तिकै चुनौतीपूर्ण रहेका छन्।

विनियोजन दक्षता, कार्यान्वयन कुशलता अभिवृद्धि एवं पुँजीगत खर्चमा सुधार गर्नुपर्ने चुनौती विद्यमान रहेका छन्। प्रदेशको कूल आम्दानीमा आन्तरिक आयको अंश न्यून रहेको अवस्थामा आवधिक योजनाको लक्ष्य एवं उद्देश्य अनुरूप प्रदेशको विकास र समृद्धिका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ।

सङ्घीय शासन प्रणालीको अवलम्बन पश्चात प्रदेश सरकारले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयारगर्ने र त्यसको कार्यान्वयन गर्ने अवस्था सिर्जना हुनु अवसरको रूपमा रहेको छ।साथै, राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजाअनुसार प्रदेशमा उपलब्ध जनसांख्यिक लाभलाई मानवपूँजी निर्माणको माध्यमद्वारा प्रदेशको विकासमा उपयोगको अवसर समेत प्रचुर मात्रामा रहेको छ।

कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक, भौगोलिक, जैविक, पर्यावरणीय तथा सामाजिक-सांस्कृतिक विविधताको बहुआयामिक उपयोग हुने सम्भावना रहेको छ। संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, विकास साझेदारहरूको कर्णालीप्रतिको आकर्षण, दिगो विकास लक्ष्य प्रतिको प्रतिवद्धता, आवधिक योजनाले अपेक्षा गरेको समृद्धि र विकासको चाहनालाई पूरा गर्न सहयोग पुग्ने देखिएको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

### २.३.१ सोच

नेपालको दीर्घकालीन सोच **"समृद्ध नेपालःसुखी नेपाली"** , प्रदेशको दीर्घकालीन सोच **"समृद्धकर्णाली : सुखारी कर्णालीवासी"** र सोह्रौं योजनाको सोचलाई समेत दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय आवधिक योजनाको सोच **"सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली"** राखिएको छ।

### २.३.२ लक्ष्य

नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी प्रबर्द्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सामाजिक न्याय र सुशासन मार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने।

### २.३.३ उद्देश्य

(क) उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण गर्नु,
(ख) सहज तथा सर्वसुलभ पहुँच र सघन आवद्धता कायम गर्नु,

(ग) सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण प्रबर्द्धन गर्नु,

(घ) सुशासन प्रबर्द्धन तथा विकासको प्रतिफल जनतासामु पुऱ्याउनु।

## २.३.४ रणनीति

दोस्रो पञ्चवर्षीय योजनाले लिएका रणनीतिहरु निम्मानुसार रहेका छन् :

(क) प्रदेशका तुलानात्मक तथा प्रतिष्पर्धी लाभका जल, जङ्गल, जमीन र जडीबुटीको व्यावसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा लगानी वृद्धि गर्ने,

(ख) धार्मिक तथा पर्यापर्यटन, प्राङ्गारिक र रैथाने तथा उच्च मूल्यका कृषिजन्यबाली, पशुपन्छी तथा मत्स्य, खनिज तथा उद्योग,पूर्वाधार तथा अन्तर-आबद्धता लगायत प्रदेश विकास रणनीतिक महत्त्वका क्षेत्र एवम् सडक करिडोर, विमानस्थल, ऊर्जा, रत्न पत्थर, खनिज र खानी उद्योग सम्बन्धी आयोजनामा लगानी र कार्यान्वयनको वातावरण निर्माण गर्ने,

(ग) धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटनको अवधारणा अनुरुप कर्णाली प्रदेशको अथाह पर्यटकीय संभावनालाई उपयोग गर्ने,

(घ) भूकम्प प्रतिरोधी घर तथा सार्वजनिक संरचना निर्माण, एकीकृत बस्ती विकास, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जनाको शीघ्र प्रक्रियाद्वारा जाजरकोट र रुकुम पश्चिम जिल्लामा भूकम्प पश्चातको पुनःनिर्माण, पुनर्स्थापना र पुनर्लाभ प्राप्त गर्ने,

(ङ) प्रदेश तथा स्थानीय तहको आन्तरिक राजस्व वृद्धिका लागि प्राकृतिक स्रोतसाधनको परिचालन, उत्पादन तथा रोजगारमूलक व्यावसायिक क्षेत्रको प्रर्बद्धन गर्ने,

(च) डिजिटल कर्णालीको अभियानलाई सकारात्मक रुपान्तरण, उत्पादन वृद्धि र सुशासन, शिक्षा र स्वास्थ्य लगायत सेवा प्रवाहसँग आबद्ध गर्ने,

(छ) सामाजिक, राजनीतिक, प्रशासनिक र न्याय सम्पादनका साथै आर्थिक गतिविधिमा हुने भ्रष्टचारमा शून्य सहनशीलता, सार्वजनिक जवाफदेहिता, पारदर्शीता र सुशासन्लाई अभियानका रुपमा अघि बढाउने,

(ज) नीति निर्माण, योजना तर्जुमा, सेवा प्रवाह तथा विकास प्रक्रियामा महिला, बालबालिका, किशोर किशोरी, युवायुवती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख समुदाय, धार्मिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायत सीमान्तकृत वर्ग, जाति तथा समुदायको सहभागिता र अपनत्व सुनिश्चित गर्ने,

(झ) प्रदेशको समग्र विकासका लागि तहगत सरकार, विकास साझेदार, सहकारी, नीजि क्षेत्र, समुदायबिच समन्वय, साझेदारी तथा सहकार्य सुदृढ बनाउने।

## २.४ मध्यमकालीन वित्त र नतिजा खाका

दोस्रो पञ्चवर्षीय योजनामा उल्लिखित समृद्धि र सुखारीका आर्थिक सामाजिक सूचक एवम् परिमाणात्मक लक्ष्यका आधारमा मध्यमकालीन आर्थिक खाका निर्धारण गरिएको छ। आर्थिक वृद्धिदरको लक्ष्य र अर्थतन्त्रको पछिल्लो अवस्थाका आधारमा आ.व. २०८२/०८३ सहित आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ। आर्थिक खाका तर्जुमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्वयायिक र नतिजामुलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन र रोजगारीमा प्रोत्साहन सहित समष्टिगत आर्थिक स्थायीत्व कायम गर्न जोड दिइएको छ। प्रदेशको विद्यमान अवस्था, उपलब्ध स्रोत, भविष्यका सम्भाव्यता र जनआकांक्षा तथा दोस्रो आवधिक योजनाले लिएको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरुको आधार समेतलाई दृष्टिगत गरी यस मध्यमकालीन अवधिमा हाँसिल गर्नुपर्ने लक्ष्यहरु तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१**

**प्रदेशको मध्यमकालीन वित्त र नतिजा खाकाका सूचकहरू**

| क्र.सं. | सूचक | एकाई | ०८०/८१ को यथार्थ | ०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| **१. समृद्धिका सूचकहरू** | | | | | | | |
| १.१ | वार्षिक औषत आर्थिक वृद्धि दर (प्रतिशत) | प्रतिशत | ३.४ | ५.५ | ६.६ | ७.५ | ८.६ |
| | कृषि | प्रतिशत | २.२ | ५.० | ५.५ | ६.० | ६.५ |
| | उद्योग | प्रतिशत | ०.३ | ७.२ | ८.९ | ११.० | १३.५ |
| | सेवा | प्रतिशत | ४.७ | ५.४ | ६.८ | ७.८ | ८.८ |
| १.२ | अर्थतन्त्रमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | |
| | कृषि | प्रतिशत | २९.७ | २९.१ | २८.४ | २८.० | २७.१ |
| | उद्योग | प्रतिशत | ९.५ | ११.२ | १२.४ | १३.१ | १५.२ |
| | सेवा | प्रतिशत | ६०.८ | ५९.७ | ५९.२ | ५८.९ | ५७.७ |
| १.३ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरकी डलर | १०६६ | १२५८ | १४२४ | १४५० | १५९० |
| १.४ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | २२.३ | २२.३ | १८.८ | १५.३ | १४.३ |
| १.५ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | ३६.५ | ३३.५ | ३०.६ | २५ |

| क्र. सं. | सूचक | एकाई | ०८०/८१ को यथार्थ | ०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १.६ | मानव विकास सूचकाङ्क | सूचकांक | ०.५३८ | ०.५७५ | ०.५८८ | ०.६०० | ०.६१० |
| १.७ | लैंगिक असमानता सूचकाङ्क | अनुपात | ०.५५८ | ०.५९७ | ०.६३६ | ०.६७५ | ०.७३३ |
| १.८ | लैंगिक विकास सूचकाङ्क | सुचकांक | ०.९०२ | ०.९०५ | ०.९१० | ०.९१५ | ०.९२० |
| १.९ | आधारभूत खानेपानी सुबिधा पुगेको परिवार (प्रतिशत) | प्रतिशत | ९० | ९०.५ | ९१ | ९२ | ९५ |
| १.१० | सडक यातायातले जोडिएको स्थानीय तहको सङ्ख्या | संख्या | ७६ | ७७ | ७८ | ७९ | ७९ |
| १.११ | जलविद्युत उत्पादन (मेगावाट) | मेगावाट | १६ | २० | २५ | ३० | ५० |
| १.१२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७१ | ७१ | ७२ | ७३ | ७४ |
| १.१३ | सिँचाइ पुगेको खेतीयोग्य जमिन | प्रतिशत | ३१ | ३२ | ३५ | ४० | ४५ |
| १.१४ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ७४ | ७५ | ७७ | ८० | ८२ |
| १.१५ | प्रदेशको कालोपत्रे सडक | कि.मि. | १२६५ | १६८० | २०७५ | २८६५ | ३००० |
| २.१ | औषत आयु | वर्ष | ७२.५ | ७२.६ | ७२.७ | ७२.८ | ७२.९ |
| २.२ | ५ वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | प्रतिहजार | ३५ | ३३ | ३० | २७ | २५ |
| २.३ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १७ | १६ | १५ | १३ | १२ |
| २.४ | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच भएको परिवार | प्रतिशत | ४८ | ५० | ५५ | ६० | ७० |

| क्र. सं. | सूचक | एकाई | ०८०/८१ को यथार्थ | ०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ |
| २.५ | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ६५ |
| २.६ | साक्षरता दर | प्रतिशत | ७७ | ७९ | ८२ | ८५ | ९० |
| २.७ | यूवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९४ | ९४.४ | ९४.७ | ९५ | ९५.५ |
| २.८ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९५.६ | ९६.० | ९६.५ | ९७.२ | ९७.५ |
| २.९ | माध्यामिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ६१.० | ६३.० | ६६.० | ७०.० | ७५.० |
| २.१० | उच्च शिक्षामा कूल भर्नादर | प्रतिशत | १९ | २० | २१ | २२ | २३ |
| २.११ | बेरोजगारी दर | प्रतिशत | ७.५ | ६.८ | ६.३ | ६ | ५.५ |
| २.१२ | सामाजिक सुरक्षामा आबद्ध जनसंख्या (कुनै न कुनै रूपमा) | प्रतिशत | ६०.८ | ६०.८ | ६०.९ | ६१.० | ६१.५ |
| २.१३ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३४.५ | ३७.५ | ४०.० | ४५.० | ५२.५ |
| २.१४ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ९४.० | ९४.५ | ९५.० | ९५.५ | ९६.० |
| २.१५ | सुधारिएको सरसफाइ सुबिधा प्राप्त गर्ने परिवार (प्रतिशत) | प्रतिशत | ९७.६ | ९८.० | ९८.२ | ९८.५ | ९९ |

*स्रोतः कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायगत प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय, आर्थिक सर्वेक्षण २०८०/८१, राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन, नेपाल जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण २०२२, मानव विकास प्रतिवेदन २०२०, मानव अधिकार प्रतिवेदन २०२२ इन्सेक, बहुआयामिक गरिबीको प्रतिवेदन २०२१, सोह्रौं योजना, रा.यो.आ.,* कर्णाली प्रदेश स्वास्थ्य क्षेत्र

रणनीतिक कार्ययोजना (२०८०- २०८७), *कर्णाली प्रदेश दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६)।*

## २.५ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय मध्यमकालीन बजेट विनियोजन तथा प्रक्षेपण गर्दा कार्यान्वयनको क्रममा रहेको दोश्रो पञ्चवर्षीय योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, प्रदेश सरकारको वार्षीक नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता र दिगो विकास लक्ष्यको मार्गचित्र एवम् विनियोजन कुशलतालाई मुख्य आधार लिइएको छ। माथि उल्लिखित वित्त र नतिजा खाकाका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च प्रक्षेपण गरिएको छ।

प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्का प्रकृयामा गएका आयोजनाको लागि आवश्यक बजेट सुनिश्चित हुने गरी मध्यमकालीन बजेट खाका निर्माण गरिएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ।

मध्यमकालीन स्रोत अनुमान गर्दा प्रदेश सरकारको विगतको राजश्व परिचालनको अवस्था, संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा अनुदानको उपयोगितालाई मध्यनजर गरी स्रोतको प्राथमिकता गरिएको छ।

खर्चको अनुमान तथा प्रक्षेपण गर्दा सर्वप्रथम प्रदेश सरकारले गर्नुपर्ने अनिवार्य भुक्तानी र दायित्व व्यहोर्न चाहिने रकमहरू जस्तैः संचित कोषमाथि व्ययभार हुने रकम, तलब, स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण आदि विषयलाई ध्यानमा राखिएको छ। खर्च अनुमानका आधारहरूको सम्बन्धमा चालु खर्चको अनुमान लगाउदा व्यवस्थापन कार्यको गहनता, नागरिकलाई दिनुपर्ने सेवा सुविधा, राजस्व बाँडफाँडबाट प्राप्त हुने स्रोतसमेत प्रदेशको आफ्नो राजस्व क्षमता, वित्तीय समानीकरणको रूपमा प्राप्त हुने अनुदान तथा बजेट विनियोजन गर्दा मितव्ययीताको विषयलाई समेत विशेष रूपमा ख्याल गरिएको छ भने पुँजीगत खर्चतर्फ कार्यक्रम तथा परियोजनाको प्राथमिकता, त्यसमा लाग्ने कूल लागत तथा सम्बन्धित वर्ष गरिने कार्य तथा त्यसको लागि चाहिने स्रोतको विषयलाई ध्यान दिइएको छ। त्रिवर्षीय आय तथा खर्च प्रक्षेपण निम्न अनुसार रहेको छ।

माथि उल्लिखित आधारमा प्रचलित मूल्यमा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ खर्ब ४ अर्ब २ करोड प्रक्षेपण गरिएको छ। यसमध्ये चालु खर्च रु. ४२ अर्ब ५८ करोड र पुँजीगत खर्च रु. ६२ अर्ब ९९ करोड रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ राजश्व बाँडफाँडबाट रु. १९ अर्ब ८८ करोड, वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान रु. ५० अर्ब ५६ करोड, आन्तरिक रावश्व रु. ३३ अर्ब ९१ करोड व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.२ मा उल्लेख गरिएको छ।

**तालिका नं २.२**

**त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रु. हजारमा, प्रचलित मूल्यमा)**

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | | तीन वर्षको कुल |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८२/८३ को अनुमान | आ.व. २०८३/८४ को प्रक्षेपण | आ.व. २०८४/८५ को प्रक्षेपण | |
| **बजेट अनुमान** | | | | | | |
| चालु खर्च | ५३५८७८७ | ५७६०२४७ | ७७९९१०१ | ८१८९०५६ | ८५९८५०९ | २४५८६६६६ |
| पुँजिगत खर्च | १०६९३०८६ | १२६५८८१२ | १९९८२७१३ | २०९८१८४९ | २२०३०९४१ | ६२९९५५०३ |
| वित्तीय व्यवस्था | ० | ० | ६१५००० | ६४५७५० | ६७८०३८ | १९३८७८८ |
| वित्तीय हस्तान्तरण (स्थानीय तह) | ३८१६३३५ | ४८३७४४७ | ४५९९८४१ | ४८२९८३३ | ५०७१३२५ | १४५००९९९ |
| **कूल** | **१९८६८२०८** | **२३२५६५०६** | **३२९९६६५५** | **३४६४६४८८** | **३६३७८८१२** | **१०४०२१९५५** |
| **स्रोत अनुमान** | | | | | | |
| राजश्व बाँडफाँड प्राप्ति | ७४३२३८२ | ६६७४०९८ | ६३०६३६५ | ६६२१६८३ | ६९५२७६७ | १९८८०८१६ |
| आन्तरिक राजश्व | ७७६६७९५ | ८८१३७८५ | १०६३०८९० | १११६२४३५ | ११७२०५५६ | ३३५१३८८१ |
| वित्तीय हस्तान्तरणबाट प्राप्त जम्मा अनुदान | १०९६३९२० | १३४५२११७ | १६०४०७०० | १६८४२७३५ | १७६८४८७२ | ५०५६८३०७ |
| गत आ.व.को बचत | ६३०९६१८ | ५६९६८४४ | ० | ० | ० | ० |
| अन्य बैदेशिक | ० | ० | ० | ० | ० | ० |
| चालु अनुदान | **१४७२९** | १३३५० | १८७०० | १९६३५ | २०६१७ | ५८९५२ |
| चालु आन्तरिक ऋण | **०** | **०** | **०** | ० | ० | ० |
| **कूल** | **२६१७७८२६** | **२८९५३३५०** | **३२९९६६५५** | **३४६४६४८८** | **३६३७८८१२** | **१०४०२१९५५** |
| **वचत (-) न्यून (+)** | ६३०९६१८ | ५६९६८४४ | ० | ० | ० | ० |

***श्रोत : आर्थिक ममिला तथा योजना मन्त्रालय***

## २.६. आयोजना प्राथमिकताक्रमका आधारमा त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकताक्रमका आधार र मापदण्ड अनुसूची-४ अनुसार हुने भएकाले सो अनुसार प्रदेशका आयोजनाको प्राथमिकताक्रम गर्दा आर्थिक वर्ष २०८२/०८३ मा तलको तालिकामा उल्लेख भए बमोजिम प्राथमिकता क्रमानुसार रकम र प्रतिशतको प्रक्षेपण गरिएको छ ।

तालिका नं. २.३

आयोजना प्राथमिकीकरणका आधारमा बजेट विनियोजन (रु. हजारमा)

| प्राथमिकता | आ.व.२०८२/८३ को अनुमान | |
|---|---|---|
| | रकम | प्रतिशत |
| पहिलो P1 | १५२८११७६ | ४६.३११ |
| दोस्रो P2 | ३३५२००५ | १०.१५९ |
| प्राथमिकिकरण नगरिएको | १४३६३४७४ | ४३.५३ |
| **कूल जम्मा** | **३२९९६६५५** | **१००.००** |

## २.७ लैंगिकता, जलवायु परिवर्तन र दिगो विकास लक्ष्य सम्बन्धी त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण

### २.७.१ लैंगिक सङ्केतको आधारमा

लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि निर्धारण गरिएका सूचकहरूका आधारमा पहिचान गरिएका लैङ्गिक आवश्यकता र सरोकारहरूको सम्बोधन गर्ने, लैङ्गिक अन्तर कम गर्ने र महिला सशक्तिकरणमा सहयोग पुग्ने गरी कार्यक्रमहरूको छनौट गर्नुपर्दछ। यस कार्यका लागि सूचक तथा उपसूचकहरू अनुसूची-५ अनुसार हुनेछन् ।

कर्णाली प्रदेशका आयोजनाको लैङ्गिक सङ्केतको आधार अनुसार वर्गीकरण आर्थिक वर्ष २०८०/८१ मा प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने र तटस्थमा क्रमशः ४४.९५ प्रतिशत, २२.९७ प्रतिशत र ३२.०८ प्रतिशत रहेकोमा प्रक्षेपण गरिएको छ।

तालिका नं. २.४

लैङ्गिक संकेतका आधारमा त्रिवर्षीय बजेट (रु. हजारमा)

| सि. नं. | लैङ्गिक सङ्केतको आधार | आ.व. ०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | १४८३१९४१ | ४४.९५ |
| २ | अप्रत्यक्ष लाभ | ७५७९५४९ | २२.९७ |
| ३ | तटस्थ | १०५८५१६५ | ३२.०८ |
| जम्मा | | ३२९९६६५५ | १००.०० |

### २.७.२ जलवायु सङ्केतका आधारमा

नेपालमा जलवायु परिवर्तन र त्यसका चुनौतीहरू देखा पर्न थालेको र यसबाट जलस्रोत, कृषि तथा खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायत जीविकोपार्जनका स्रोत साधनहरू अत्याधिक मात्रामा प्रभावित हुँदै गइरहेकोले जलवायु परिवर्तनको विषय महत्त्वपूर्ण र

चिन्ताको विषय बनेको छ। जलवायु परिवर्तनका दृष्टिकोणले कर्णाली प्रदेश अति नै संवेदनशील प्रदेश रहेकाले जलवायु परिवर्तन नीति,२०६७ ले समटेका विषयहरूलाई अगाडि बढाउन आवश्यक संस्थागत संरचना र बजेट कार्यान्वयन पक्षलाई विशेष ध्यान दिनुपर्नेछ।

कर्णाली प्रदेशका आयोजनाको जलवायु सङ्केतको आधार अनुसार वर्गीकरण गर्दा आर्थिक वर्ष २०८२/८३ मा प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने र तटस्थमा क्रमश १९.७९ प्रतिशत, ३७.१७ प्रतिशत र ४३.०७ प्रतिशत रहेको प्रक्षेपण गरिएको छ ।

**तालिका नं. २.५**

**जलवायु सङ्केत अनुसार त्रिवर्षीय बजेट** *(रु. हजारमा)*

| सि.नं. | सङ्केतको आधार | आ.व. २०८२/८३ प्रक्षेपण | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ६५२८७७४ | १९.७९ |
| २ | अप्रत्यक्ष लाभ | १२२५७७६२ | ३७.१५ |
| ३ | तटस्थ | १४२१०१४९ | ४३.०७ |
| जम्मा | | ३२९९६६८५ | १००.०० |

## २.७.३ दिगो विकास लक्ष्यका आधारमा

प्रदेश सरकारमार्फत सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमध्ये दिगो विकास लक्ष्यमा उल्लेख गरिएका १७ वटा सूचकहरूमध्ये कुन सूचक कार्यक्रम वा आयोजनासँग सम्बन्धित छ सो सूचक उल्लेख गर्नुपर्दछ। कुनै कार्यक्रम वा आयोजनाका लागि १ भन्दा बढी सूचक सम्बन्धित हुने देखिएमा सम्बन्धित सबै सूचकहरू उल्लेख गरी वर्गीकरण गर्दा आर्थिक वर्ष २०८२/८३ मा तलको तालिकामा उल्लेख भए बमोजिम निम्नानुसार रकम र प्रतिशतको प्रक्षेपण गरिएको छ। यस सम्बन्धी प्रदेशसँग सम्बन्धित सूचकहरू कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को अनुसूची-६ अनुसार हुनेछन् ।

**तालिका नं. २.६**

**दिगो विकास लक्ष्य अनुसार त्रिवर्षीय बजेट** **(रु. हजारमा)**

| सि.नं. | दिगो विकास लक्ष्य | आ.व. ०८२/८३ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४८८२६८० | १४.८० |
| २ | शून्य भोकमरी | ४४७५०० | १.३६ |
| ३ | स्वस्थ जीवन | २३२९२७९ | ७.०६ |
| ४ | गुणस्तरीय शिक्षा | २३५३३०३ | ७.१३ |
| ५ | लैङ्गिक समानता | ६३०३६५ | १.९१ |
| ६ | दिगो सफा पानी तथा सरसफाई सेवा | ११८९९०० | ३.६१ |

| सि.नं. | दिगो विकास लक्ष्य | आ.व. ०८२/८३ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ६६२०० | ०.२० |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ९३२८२७ | २.८३ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | १३४४६३१ | ४.०८ |
| १० | असमानता न्यूनीकरण | २७८२६९ | ०.८४ |
| ११ | दिगो सहर र बस्तीहरू | ५२४०१०७ | १५.८८ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १३६९६२८ | ४.१५ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १००८२१५ | ३.०६ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.०० |
| १५ | भू-सतह स्रोतको उपयोग | २९५०५७ | ०.८९ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ३३५८८० | १.०२ |
| १७ | दिगो विकासका लागि साझेदारी | ६२९४३ | ०.१९ |
| १८ | सांकेतिकरण नगरिएका | १०२२९८७१ | ३१.०० |
| **कूल वजेट** | | ३२९९६६५५ | १००.०० |

## २.८ वित्तीय हस्तान्तरण

प्रदेश सरकारले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त गर्ने चार किसिमका अनुदान सम्बन्धमा आर्थिक वर्ष २०८०/०८१ को यथार्थ, आर्थिक वर्ष २०८१/०८२ मा प्राप्त गर्ने संशोधित अनुमानित रकम तथा आर्थिक वर्ष २०८२/०८३, २०८३/०८४ र २०८४/०८५ को लागि प्रक्षेपित रकम सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.७**

**अनुदान प्राप्ति सम्बन्धी त्रिवर्षीय अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| क. सं. | विवरण | आ.व. २०८०/०८१ को यथार्थ | आ.व. २०८१/०८२ संशोधित अनुमान | आ.व. २०८२/०८३ को अनुमान | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ७५३२६१५ | ९५१२११७ | १०५६०४०० | ११०८८४२० | ११६४२८४१ |
| २ | सशर्त अनुदान | २६५४९४४ | २९२०००० | ४४४६००० | ४६६८३०० | ४९०१७१५ |
| ३ | समपूरक अनुदान | ४८३१८१ | ६००००० | ५३९७०० | ५६६६८५ | ५९५०१९.२५ |
| ४ | विशेष अनुदान | २९३१८० | ४२०००० | ४९४६०० | ५१९३३० | ५४५२९६.५ |
| **जम्मा** | | **१०९९५०७६** | **१०९६३९२०** | **१३४५२११७** | **१६०४०७००** | **१६८४२७३५** |

## २.९ वैदेशिक सहयोग व्यवस्थापन

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले नेपाल सरकारको पूर्व स्वीकृति लिई वैदेशिक सहयोग लिन सक्नेछ। आ.व. २०८१/०८२ सम्म कर्णाली प्रदेश सरकारले वैदेशिक सहयोग लिएको नदेखिएको भए तापनि आगामी तीन वर्षभित्र प्रदेशको विभिन्न योजना कार्यान्वयन गर्न आन्तरिक राजस्व, राजस्व बाँडफाँड र सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान रकमले समेत अपुग हुन जाने देखिँदा आगामी आर्थिक वर्षहरूमा वैदेशिक सहयोग परिचालन गर्नुपर्ने आवश्यकता देखिएको छ तर प्रस्तुत त्रि-वर्षीय अवधिमा वैदेशिक सहयोगको प्रक्षेपण गरिएको छैन।

## २.१० आन्तरिक ऋण

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले नेपाल सरकारको पूर्व स्वीकृति र प्राकृतिक श्रोत तथा वित्त आयोगले तोकेको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्न सक्दछ। आ.व. २०८१/०८२ सम्म कर्णाली प्रदेशले आन्तरिक ऋण लिएको नदेखिएको भए तापनि आगामी तीन वर्षभित्र प्रदेशको विभिन्न योजना कार्यान्वयनका लागि आगामी आर्थिक वर्षहरूमा निम्नानुसारको आन्तरिक ऋण परिचालन गर्नुपर्ने गरी प्रक्षेपण गरिएको छ। यस्तो ऋण प्रदेशको आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट प्राप्त भएको तथा हुने रकमको १० प्रतिशतको सीमामा राख्नु पर्दछ। प्रस्तुत मध्यम अवधिको लागि निम्नानुसार आन्तरिक ऋण परिचालन गर्ने गरी प्रक्षेपण गरिएको छ।

**तालिका नं. २.८**

**आन्तरिक ऋणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| क्र. सं. | विवरण | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान | आ.व. २०८३/८४ को प्रक्षेपण | आ.व. २०८४/८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० |

## २.११ स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

प्रदेश सरकारले पनि नेपाल सरकारबाट प्राप्त अनुदान तथा आफ्नो स्रोतबाट उठ्ने राजस्वमध्येबाट खर्च आवश्यकता तथा राजस्व क्षमताको आधारमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था छ (नेपालको संविधान, धारा ६०, उपधारा ५)। प्रदेशले स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमको प्रकृति तथा क्षमता एवम् प्रदेशको स्रोत र प्राथमिकताको आधारमा सशर्त अनुदान समेत प्रदान गर्न सक्दछ। यस व्यवस्था अनुसार आगामी तीन वर्षमा प्रदान गरिने

वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा सवारी साधन कर वापतको राजस्व हस्तान्तरणको अनुमानित प्रक्षेपण तल दिइएको छ ।

**तालिका नं. २.९**

**स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण (रु. हजार)**

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | सशर्त अनुदान पुँजीगत | कूल हस्तान्तरण |
|---|---|---|---|---|---|---|
| २०८०/८१ को यथार्थ | ७८९२८० | १३८१७९६ | ३५६४४७ | २१४६४५ | १०७४१६७ | ३८१६३३५ |
| २०८१/८२ को संशोधित अनुमान | ८००००० | १७४८४२ | ५७६५४७ | २४६४०० | ३०३९६५८ | ४८३७४४७ |
| २०८२/८३ को अनुमान | ९५०००० | १५८६४१ | ७६४६०० | ३६८००० | २३५८६०० | ४५९९८४१ |
| २०८३/८४ को प्रक्षेपण | ९९७५०० | १६६५७३ | ८०२८३० | ३८६४०० | २४७६५३० | ४८२९८३३ |
| २०८४/८५ को प्रक्षेपण | १०४७३७५ | १७४९०२ | ८४२९७२ | ४०५७२० | २६००३५७ | ५०७१३२५ |

## २.१२ आगामी तीन वर्षको लागि सुनिश्चित गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्न निम्न कार्यक्रम तथा आयोजनालाई कम्तिमा पनि आगामी तीन वर्षसम्मलाई निरन्तरता दिने गरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

१. मुख्यमन्त्री रोजगार कार्यक्रम
२. महिला, दलित, जनजाति, अपाङ्गता तथा सीमान्तकृत समुदाय लक्षित कार्यक्रम
३. खार्पु-सिमीकोट-मानसरोवर प्रवेशद्धार नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम
४. रिङ्गबो बस्ती विकास कार्यक्रम (शे-फोक्सुण्डो डोल्पा)
५. व्यावसायिक फलफूल बगैंचा स्थापना तथा विकास कार्यक्रम
६. कृषि तथा पशुपन्छी श्रोतकेन्द्र स्थापना तथा विकास कार्यक्रम
७. व्याज अनुदान कार्यक्रम
८. प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम
९. साना सिँचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम
१०. गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम
११. महिला आयआर्जनका लागि स्थानीय आर्थिक विकास कार्यक्रम
१२. तरल नाइट्रोजन उत्पादन प्लान्टको स्थापना
१३. कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयन
१४. जडिबुटी विकास कार्यक्रम, लेक तथा पाटन संरक्षण कार्यक्रम
१५. उत्तरी जलाधार गुरुयोजना कार्यक्रम

१६. दिगो वन व्यवस्थापन कार्यक्रम
१७. बजार मागमा आधारिक सीप विकास कार्यक्रम
१८. उद्योग प्रवर्द्धन तथा विकास कार्यक्रम
१९. मुख्य दलित आय आर्जन कार्यक्रम
२०. स्याउ तथा ओखर विकास कार्यक्रम
२१. सुन्तलाजात फलफुल बगैचा स्थापना तथा सुदृढिकरण कार्यक्रम
२२. प्रदेशका कक्षा १० मा अध्ययनरत विद्याथीहरुका लागि एस.ई.ई. तयारी कक्षा संचालन तथा व्यवस्थापन कार्यक्रम
२३. **हामी सुधाछौं हाम्रो विद्यालय** कार्यक्रम
२४. मुख्यमन्त्री डिजिटल शिक्षा तथा नमूना विद्यालय कार्यक्रम
२५. स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रम
२६. कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना मार्फत कर्णालीको भाषा, साहित्य, कला तथा संस्कृतिको अध्ययन, अनुसन्धान र संरक्षण
२७. कर्णाली प्रदेशमा रहेका मुर्त र अमुर्त सम्पदाहरुको अभिलेखिकरण स्थनीय तहको साझेदारीमा संरक्षण विकास र प्रवर्धनका कार्यक्रम
२८. स्थानीय मौलिक सस्कृतिको विकास, विस्तार र पुस्तान्तरणका लागि नवप्रवर्धन कार्यक्रम
२९. खेलकुदको ५ प (पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता, पुरस्कार, प्रोत्साहन) को नीति अबलम्बन गरि खेलाडीको बिमा
३०. अपाङ्गता भएका नागरिकको शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्न अन्तरक्षेत्र समन्वय गरी लक्षित कार्यक्रम
३१. दलित, पछाडि परेका वर्ग, लोपोन्मुख तथा सीमान्तकृत वर्ग र समुदायको लागि सशक्तीकरण तथा सामुदायिक सचेतनाका कार्यक्रम
३२. प्राविधिक तथा उच्च शिक्षामा दलित, अपाङ्ग, छोरीवुहारी, सीमान्तकृत तथा लोपोन्मुख वर्गहरुको पहुच अभिवृदि गर्नका लागि प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम
३३. प्रदेशबाट सञ्चालित राजधानी पूर्वाधार विकास कार्यक्रमलाई पूर्णता दिदै राजधानी स्थानगत योजना निर्माण गरी कार्यान्वयन गर्ने
३४. प्रदेश मन्त्रालयहरुको एकीकृत प्रशासनिक भवन निर्माण कार्यक्रम
३५. एकीकृत बस्ती विकास कार्यक्रम
३६. जनता आवास कार्यक्रम
३७. विपन्नको घर कार्यक्रम

३८. एक घर एक धारा कार्यक्रम
३९. जनता सिचाई तथा तटबन्धन कार्यक्रम
४०. आपत्कालिन बाढीपहिरो व्यवस्थापन कार्यक्रम
४१. खानेपानी तथा सिचाई आयोजनाहरुको आपत्कालिन मर्मत सम्भार कार्यक्रम
४२. सहलगानीमा आधारित उर्जा निर्माण कार्यक्रम
४३. लगानी सम्मेलन।

## परिच्छेद-३

# मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना

## ३.१ उद्योग, पर्यटन, वन तथा वातावरण

### ३.१.१ पृष्ठभूमि

कर्णाली प्रदेशको समृद्धिको लागि उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास हुनु अपरिहार्य छ। प्रदेशको आर्थिक विकास र समृद्धिको प्रमुख सम्वाहकको रूपमा रहेको उद्योग क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न औद्योगिक पूर्वाधारको विकास गर्नुपर्ने अवस्था छ। प्रदेशमा ठूला, मझौला, साना, लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धन एवं खानी तथा खनिज सम्पदाको उत्खनन र उपयोग गर्दै रोजगारी र आयआर्जन सृजना गरी निरपेक्ष गरिबी तथा भोकमरीको अन्त्य गर्न आवश्यक छ। यस मध्यमकालीन अवधिमा प्रदेशको औद्योगिकरणको लागि आवश्यक पूर्वाधार विकास एवम् कच्चा पदार्थको उत्पादन तथा निर्यात लघु, घरेलु तथा साना उद्योग मार्फत गरिबी एवम् बेरोजगारी न्यूनीकरण गर्ने गरी योजना, वार्षिक कार्यक्रम तथा बजेटबीच सामञ्जयस्ता कायम गरिएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास मार्फत प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने, औद्योगिक विकास एवम् प्रादेशिक तथा वाह्य व्यापार अभिवृद्धी गर्ने, कर्णाली प्रदेशका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा एवंम् वन्यजन्तु तथा जैविक विविधताको संरक्षण मार्फत दिगो विकास हासिल गर्ने गरी यस क्षेत्रको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

### ३.१.२ विद्यमान अवस्था

यस उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशको विद्यमान अवस्था निम्न रहेको छ।

क) यस मन्त्रालयको कुल स्वीकृत दरवन्दी ७५१ भएको भएकोमा हाल सम्म ५६३ पदपुर्ति संख्या रहेको छ।

ख) संगठन संचना बमोजिम ५ वटा महाशाखा र सो अन्तर्गत १४ वटा शाखाहरु रहेका छन्।

ग) यस मन्त्रालय अन्तर्गत वन तथा वातावरण निर्देशनालय १, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय १, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र १, डिभिजन वन कार्यालयहरु ११, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु ९ र भु तथा जलाधार व्यवस्थापन कार्यालयहरु २ गरी जम्मा २५ ओटा निकायहरु रहेका छन्।

घ) यस मन्त्रालय अन्तर्गत ८ ओटा वहुवर्षीय आयोजनाहरु संचालनमा रहेका छन्।

ङ) यस मन्त्रालयबाट ४ ओटा ऐन, ५ ओटा नियमावली, ८ वटा कार्यविधी र १ वटा दिगदर्शन साथै बार्षिक कार्यक्रम कार्यविधीहरु बनेका छन् ।

च) पर्यटन वोर्ड गठन भएको छ।

### ३.१.३ मुख्य सवाल तथा चुनौती

उद्यमशीलता र औद्योगिक पूर्वाधारको कमी, घरेलु उद्योगबाट गुणस्तरीय र लागत प्रतिस्पर्धी उत्पादनको अभाव, निर्यातजन्य तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादनमा कमी र कच्चा पदार्थको सोझै निकासी आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। त्यसैगरी पर्यटकिय पूर्वाधारको अभाव एवंम् पर्यटन गन्तव्यहरूको प्रचारप्रसारको अभावले यस क्षेत्रको उल्लेख्य विकास हुन सकेको छैन्। पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनावद्ध सन्तुलन कायम गर्न नसक्नु, जडीबुटीको अव्यवस्थित सङ्कलन तथा कच्चा पदार्थको रूपमा निकासी हुनु, जलवायू परिवर्तका सम्भावित प्रभाव र असर न्यूनिकरण गर्न नसक्नु, वन अतिक्रमण, आगजनी, भू-क्षय जस्ता समस्याहरूले वन, जैविक विविधता तथा वातावरणको संरक्षण र व्यवस्थापनमा बाधा पुगेको छ। औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधारको विकास, स्वदेशी तथा वैदेशिक लगानी परिचालन, पर्यटकिय पूर्वाधारको विकास एवंम् विस्तार र उपलब्ध वन तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग, जलवायू परिवर्तन सम्बन्धी कार्यक्रमहरुको आन्तरिकीकरण, दिगो विकास, खानी तथा खनिज पदार्थको उत्खनन्, जडिबुटीको प्रशोधन तथा निर्यात जस्ता चुनौतीहरु विद्यमान रहेका छन्।

### ३.१.४ उद्देश्य

**(क) पर्यटन विकास**

- कर्णालीका पर्यटकीय गन्तव्य/सर्किटहरुको विकास गर्नु,
- कर्णालीलाई साहसिक पर्यटनको आकर्षकको केन्द्रका रूपमा विकास गर्नु।

**(ख) वाणिज्य तथा आपूर्ति**

- आधारभूत उपभोगका प्रतिस्पर्धी र तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी व्यापार बढाउनु,
- आपूर्ति व्यवस्थालाई सहज, सरल र सुदृढ बनाई सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु।

**(ग) उद्योग**

- प्रदेशको कुलगार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु,
- रोजगारमूलक र उच्च प्रतिफलयुक्त दिगो औधोगिक विकास गर्नु,
- लघु, घरेलु, मझौला तथा ठूला उद्योगहरूको विकास तथा विस्तारबाट कर्णाली प्रदेशको अर्थतन्त्रसुदृढ गरी निरपेक्ष गरिबीको अन्त्य गर्नु।

**(घ) खानी तथा खनिज सम्पदा**

- प्रदेशमा रहेका खानीहरूको अन्वेषण गरी त्यसको उत्खनन् कार्य प्रारम्भ गर्नु,

- खनिज उद्योगको विकासका लागि निजी क्षेत्रको पुँजीलाई प्राथमिकता दिई वैदेशिक लगानी समेत भित्र्याउनु।

**(ङ) जडीबुटी**

- प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख जडीबुटीहरूको खोज, अनुसन्धान गरी संरक्षण गर्नु,
- जडीबुटी खेतीलाई अभियानकै रूपमा अघि बढाई स्थानीय रोजगारीको सङ्ख्या र आयआर्जनमा वृद्धि गर्नु,
- आधुनिक प्रविधिको प्रयोग गरी मूल्य शृङ्खला अभिवृद्धि गर्नु,
- जडीबुटी प्रशोधन उद्योग सञ्चालन गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान दिनु।

**(च) वन तथा जैविक विविधता**

- वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु,
- जडीबुटी लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु।

**(छ) श्रम रोजगार**

- मर्यादित र उत्पादनशील रोजगारीका अवसर सिर्जना गर्नु,
- मर्यादित र उत्पादनशील रोजगारीका लागि नागरिकलाई सक्षम र सीपयुक्त बनाउनु,
- आन्तरिक रोजगारी र श्रम बजारलाई सम्मानित तथा व्यवस्थित बनाउनु।

## ३.१.५ रुपान्तरणकारी रणनीति

**(क) पर्यटन विकास**

- कर्णाली प्रदेशलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने,
- गुणस्तरीय पर्यटकीय सेवा सुविधाको बिस्तार गरी पर्यटकको बसाइ लम्ब्याउने,
- सुनौलो त्रिभुज र सुनौलो सिक्रीको अवधारणा अनुरूप पर्यटन पूर्वाधारको विकास र बिस्तार गर्ने,
- धार्मिक पर्यटनको बिस्तार गर्ने।

**(ख) वाणिज्य तथा आपूर्ति**

- तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी ब्यापार बढाउने,

- आवश्यक पूर्वाधार विकास गरी उत्पादित वस्तुहरू बजारसम्म पुर्याउने,
- नीतिगत सुधार गर्ने,
- आपूर्ति प्रणाली सुदृढ गर्ने।

**(ग) उद्योग**

- उद्योग सम्बन्धी नीति तथा कानुनको तर्जुमा गरी लगानीमैत्री वातावरण तयार गर्ने,
- तुलनात्मक लाभका उद्योग व्यवसायहरूको प्रवर्द्धन गर्ने,
- उद्योगलाई आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने।

**(घ) खानी तथा खनिज सम्पदा**

- खानी तथा खनिज पदार्थहरूको अन्वेषण, संरक्षण तथा उत्खनन् गर्ने,
- खानीमा लगानी गर्न लगानीमैत्री वातावरण सिर्जना गर्ने,
- खनिज प्रशोधन उद्योग स्थापना गर्ने।

**(ङ) जडीबुटी**

- जडीबुटीको पहिचान, सर्वेक्षण, संरक्षण तथा व्यवस्थापन गर्ने।
- जडीबुटी खेती बिस्तार गर्ने।
- जडीबुटी प्रशोधन तथा बजारीकरण गर्ने।

**(च) वन तथा जैविक विविधता**

- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्ने।
- दिगो वन संरक्षण तथा व्यवस्थापन गर्ने।
- वन क्षेत्रको माध्यमबाट उद्यम विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने।

**(छ) श्रम रोजगार**

- रोजगार प्रबर्द्धन नीति, कानुन, संरचना निर्माण तथा आन्तरिक श्रम बजार व्यवस्थापन गर्ने ।
- बजारको माग अनुसारका सीप विकास गर्ने ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउने।

### ३.१.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/ आयोजना अवधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | | वन संरक्षण तथा वन अपराध नियन्त्रण | - | ५३१३६५ | • वन क्षेत्रको संरक्षण र विकासका लागि वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्।<br>• निजी, सार्वजनिक स्थल तथा वन क्षेत्रमा समेत सामुदायिक फलफूल बगैंचाको विकास गरी समुदायको आम्दानी बढाइएको हुनेछ।<br>• महिला, दलित, आदिवासी तथा स्थानीय समुदायको सक्रीयतामा वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण, डढेलो, चोरी निकासी, मिचाहा प्रजाति नियन्त्रण क्रियाकलापहरू सञ्चालन भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • सरोकारवालासँग सहकार्य गरी सामुदायिक, निजी तथा कृषि वनको विकास र बिस्तारका साथै प्रदेशको नगर क्षेत्र तथा शहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुनेछ।<br>• वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत प्रदान गरिएको हुनेछ।<br>• सव डिभिजन वन कार्यालयहरुको संस्थागत विकास भएको हुनेछ। |
| ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु | - | २६५६७ | - |
| ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु | - | ९१७११ | - |
| ३०७०१९०१ | सिप विकास तथा रोजगारमुलक तालिम | | - | - | ३७३०० | बेरोजगार जनशक्तिलाई रोजगार वा स्वरोजगार तर्फ उन्मुख गराउन वा थप क्षमतावान बनाई व्यवसायिकरण तर्फ उन्मुख गराउन आवश्यकतामा आधारित उद्यमशिता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | विकास एंव सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन भइ बेरोजगार जनशक्ति रोजगार भएका हुनेछन्। |
| ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | | - | - | ४४५० | बेरोजगार जनशक्तिलाई रोजगार वा स्वरोजगार तर्फ उन्मुख गराउन वा थप क्षमतावान बनाई व्यवसायिकरण तर्फ उन्मुख गराउन आवश्यकतामा आधारित उद्यमशिता विकास एंव सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन भइ बेरोजगार जनशक्ति रोजगार भएका हुनेछन्। |
| ३०७०२०११ | प्रदेश वन निर्देशनालय | | - | - | ३४९८५ | - |
| ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | | - | - | ५४५०० | - |
| ३०७०२९०२ | एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम | | नदि प्रणालीमा आधारित जलाधार व्यवस्थापन गर्ने। | - | १५०००० | पानि मुहानहरुको संरक्षण/ तटबन्ध तथा बाँध निर्माण/जल पुनर्भरण पोखरी तथा ड्याम निर्माण भएका हुने। |
| ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/ पर्यापर्यटन | | कर्णालीका पर्यटकीय सर्किटहरुको विकास गर्नु। कर्णालीलाई | - | ३५०००० | स्वीकृत बहुवर्षिय आयोजनाहरु सम्पन्न भएका हुनेछन्/स्की महोत्सव, अल्ट्रा म्याराथन जस्ता साहसिक पर्यटकिय गतिविधिहरु संचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विकास | | शाहसीक पर्यटकीय प्रदेशको रूपमा विकास गर्नु। कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यन्वयन गर्ने। | | | भएका हुनेछन्। |
| ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | | कर्णालीको समृद्धिका लागि वन तथा जैविक विविधता क्षेत्रको दिगो व्यवस्थापन। वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु । जडीबुटी लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु। | - | १०२६२५ | कित्तामा आधारीत वन व्यवस्थापन तर्फ उन्मुख भइ वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण कार्यलाई समन्वित ढङ्गले सञ्चालन हुने/समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापनका कार्यक्रमहरु लागु भएका हुने। वनमा आधारित उद्यम सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा जोड दिइनुका उद्यम संचालनमा सहयोग गरिनेछ। |
| ३०७०३०११ | वन अनुसन्धान | | कर्णाली प्रदेशमा वन | - | २२१५० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा प्रशिक्षण केन्द्र | | तथा वनस्पति, जैविक विविधता, जलवायु परिवर्तन, कार्वन उत्सर्जन, वन भूउपयोग क्षेत्रमा असर तथा परिवर्तन, वन व्यवस्थापन प्रणाली, कृषी वन प्रणाली जस्ता विषयमा अध्ययन अनुसन्धान गर्ने र तालिम तथा प्रचार प्रसारका कार्यक्रमहरु सन्चालन गर्ने । | | | |
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | उद्योग पर्यटन वन वाणिज्य आपूर्ति लगायतका क्षेत्रमा कार्यक्रम संचालन गर्ने | - | ८००००० | - |
| ३०७०३९०१ | अनुसन्धान तथा विकास | | वन, वातावरण, जडिबुटी, जलवायु परिवर्तन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने | - | १०००० | वन, वन्यजन्तु, जडीबुटी आदीको संरक्षण तथा दीगो व्यवस्थापनमा टेवा पुगेको हुनेछ। |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | - | - | • वन क्षेत्रको संरक्षण र विकासका लागि वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्।<br>• निजी, सार्वजनिक स्थल तथा वन क्षेत्रमा समेत सामुदायिक फलफूल बगैंचाको विकास गरी समुदायको आम्दानी बढाइएको हुनेछ।<br>• महिला, दलित, आदिवासी तथा स्थानीय समुदायको सक्रीयतामा वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण, डढेलो, चोरी निकासी, मिचाहा प्रजाति नियन्त्रण क्रियाकलापहरू सञ्चालन भएको हुनेछ ।<br>• सरोकारवालासँग सहकार्य गरी सामुदायिक, निजी तथा कृषि वनको विकास र बिस्तारका साथै प्रदेशको नगर क्षेत्र तथा शहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुनेछ ।<br>• वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत प्रदान गरिएको हुनेछ।<br>• सव डिभिजन वन कार्यालयहरुको संस्थागत विकास भएको हुनेछ। |
| ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | - | - | - |
| ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | - | - | - |
| ३०७०१९०१ | सिप विकास तथा रोजगारमुलक तालिम | - | - | बेरोजगार जनशक्तिलाई रोजगार वा स्वरोजगार तर्फ उन्मुख गराउन वा थप क्षमतावान बनाई व्यवसायिकरण तर्फ उन्मुख गराउन आवश्यकतामा आधारित उद्यमशिता विकास एंव सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन |

| | | | | |
|---|---|---|---|---|
| | | | | भइ बेरोजगार जनशक्ति रोजगार भएका हुनेछन्। |
| ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | - | - | बेरोजगार जनशक्तिलाई रोजगार वा स्वरोजगार तर्फ उन्मुख गराउन वा थप क्षमतावान बनाई व्यवसायिकरण तर्फ उन्मुख गराउन आवश्यकतामा आधारित उद्यमशिता विकास एंव सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन भइ बेरोजगार जनशक्ति रोजगार भएका हुनेछन्। |
| ३०७०२०११ | प्रदेश वन निर्देशनालय | - | - | - |
| ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | - | - | - |
| ३०७०२९०२ | एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम | - | - | पानि मुहानहरुको संरक्षण/ तटबन्ध तथा बाँध निर्माण/जल पुनर्भरण पोखरी तथा ड्याम निर्माण भएका हुने |
| ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास | - | - | - |
| ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | - | - | कित्तामा आधारीत वन व्यवस्थापन तर्फ उन्मुख भइ वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण कार्यलाई समन्वित ढङ्गले सञ्चालन हुने/समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापनका कार्यक्रमहरु लागु भएका हुने। वनमा आधारित उद्यम सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा जोड दिइनुका उद्यम संचालनमा सहयोग गरिनेछ। |
| ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | - | - | - |
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - | - | - |
| ३०७०३९०१ | अनुसन्धान तथा विकास | - | - | - |

### ३.१.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ३८.५७ | ३८.५७ | ४० | ४१ | ४२ |
| २ | वनजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | १.४ | १.४ | १.५ | १.६ | १.६ |
| ३ | वन क्षेत्रबाट प्राप्त राजस्व रकम | रु लाखमा | ८७५ | ६२५ | १०१५ | १२२० | १५०० |
| ४ | सामुदायिक वनको संख्या | सङ्ख्या | २८२१ | २९३१ | ३०५० | ३०७० | ३१०० |
| ५ | सामुदायिक वनको क्षेत्रफल | हेक्टर | ३६३८६४ | ४२४०२५ | ४२५०० | ४२६०० | ४२७०० |
| ६ | संरक्षित भू-परिधि | सङ्ख्या | ० | ० | १ | १ | १ |
| ७ | निजी वनको संख्या | सङ्ख्या | १७० | १७४ | १८० | १८५ | १९० |
| ८ | निजी वन क्षेत्रफल | हेक्टर | १०४ | १०५ | १०७ | १०८ | ११० |
| ९ | वन नर्सरी | सङ्ख्या | १२ | १२ | १५ | १७ | २० |
| १० | कवुलियती वनको संख्या | सङ्ख्या | ७८४ | ७९२ | ७९५ | ७९९ | ८०० |
| ११ | कवुलियती वन क्षेत्रफल | हेक्टर | ८२२७ | ८३०९ | ८२२७.५ | ८२२८ | ८२२९ |
| १२ | धार्मिक वनको संख्या | सङ्ख्या | १२ | १२ | १३ | १५ | १७ |
| १३ | धार्मिक वन क्षेत्रफल | हेक्टर | ७९ | ७९ | ८९.४ | ८९.८ | ९०.५ |
| १४ | वन संरक्षण क्षेत्र संख्या | सङ्ख्या | १ | १ | १ | १ | १ |
| १५ | वन संरक्षण क्षेत्र क्षेत्रफल | हेक्टर | १७५.५ | १७५.५ | १७५.५ | १७५.५ | १७५.५ |
| १६ | चरन क्षेत्र | हेक्टर | ७१८२४४ | ७१८२४४ | ७१८२४४ | ७१८२४४ | ७१८२४४ |
| १७ | दाउरा उत्पादन | मे टन | ३२५ | ८९.७६ | २५० | ३,५० | ५०० |
| १८ | काठ उत्पादन | घनफिट | २३३५९६ | २३१९०३.२५ | ३५०००० | ४९५००० | ५०५००० |
| १९ | वन उद्यमको विकास तथा प्रवर्द्धन | सङ्ख्या | १५०० | ४९५ | १८०० | १८५० | १८५० |
| २० | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २७० | १४.८७ | ५०० | ७०० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | विरुवा उत्पादन (लाखमा) | सङ्ख्या | ९ | १.०९ | १० | १२ | १५ |
| २२ | प्राकृतिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर | प्रतिशत | ७ | ० | १० | १५ | १५ |
| २३ | व्यावसायिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर | प्रतिशत | ११ | ० | १५ | २० | २० |
| २४ | प्रशोधित जडीबुटीहरूको निर्यात वृद्धि दर | प्रतिशत | ० | ० | ५ | ५ | १० |
| २५ | जडीबुटीहरूको व्यावसायिक उत्पादन क्षेत्रफल | हेक्टर | १००० | १००० | १२०० | १५०० | २००० |
| २६ | जडीबुटीहरूको नर्सरी | सङ्ख्या | १५ | १५ | ५० | ७० | १,०० |
| २७ | जडीबुटीबाट प्राप्त कूल राजश्व | रु करोडमा | २ | २ | ५ | ७ | १० |
| २८ | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन (यार्सागुम्वा) | के जी | १००० | ८४.६९ | २००० | ५००० | ७००० |
| २९ | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन (जटामसी) | के जी | १५०००० | १३२१९८ | ३००००० | ४३७६२० | ४३७८२० |
| ३० | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन (टिमुर) | के जी | ७५००० | १४८०० | २००००० | २५०००० | ३००००० |
| ३१ | जडीबुटीबाट प्रदेशमा भएको कुल आम्दानी | रु करोडमा | ६ | ३ | १५ | २५ | ३५ |
| ३२ | गैरकाष्ठ वन पैदवार उत्पादन (खोटो) | केजी | ५५००००० | ५१००२९० | ६०५०००० | ६०५०००० | ७०५००००० |
| ३३ | गैरकाष्ठ वन पैदवार उत्पादन (गिट्टी) | घनमिटर | ० | ० | ० | ० | ० |
| ३४ | जडीबुटी प्रशोधन उद्योग (ठूला) | सङ्ख्या | ० | ० | १ | १ | १ |
| ३५ | जडीबुटी प्रशोधन उद्योग (मझौला) | सङ्ख्या | १ | १ | २ | २ | ५ |
| ३६ | जडीबुटी प्रशोधन | सङ्ख्या | ८ | ० | ७०० | ९०० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उद्योग (लघु उद्योग) | | | | | | |
| ३७ | रत्नपथ्थर प्रशोधन उद्योग | सङ्ख्या | २ | ० | ३ | ३ | ४ |
| ३८ | चुन ढुङ्गा उद्योग | सङ्ख्या | १ | ० | १ | १ | १ |
| ३९ | वालुवा गिट्टी | प्रतिशत | ० | ० | ५ | ७ | १० |
| ४० | नयाँ खानीहरूको अन्वेषण | सङ्ख्या | २ | ० | १ | २ | २ |
| ४१ | खानीहरूको उत्खनन् क्षेत्रबो वृद्धिदर | सङ्ख्या | १० | ० | ११ | १२ | १३ |
| ४२ | खानीबाट उत्पादित रत्न पत्थर | मे टन | ७ | ० | १० | ११ | १२ |
| ४३ | खानी प्रशोधन उद्योग (ठूला) | सङ्ख्या | ० | ० | ० | १ | १ |
| ४४ | खानी प्रशोधन उद्योग (मझौला) | सङ्ख्या | ० | ० | ० | १ | १ |
| ४५ | खानी प्रशोधन उद्योग (लघु उद्योग) | सङ्ख्या | ५० | ० | २० | २५ | २५ |
| ४६ | औद्योगिक उत्पादनको वृद्धि दर | प्रतिशत | ०.३ | ० | ५ | ७ | १० |
| ४७ | आयात प्रतिष्ठापन दर | प्रतिशत | ० | ० | १ | १ | ५ |
| ४८ | निर्यात वृद्धि दर | प्रतिशत | ० | ० | २ | ५ | ७ |
| ४९ | ठूला उद्योगहरू | सङ्ख्या | २० | ० | ० | १ | २ |
| ५० | मझौला उद्योगहरू | सङ्ख्या | ४ | ० | ३ | ७ | १० |
| ५१ | साना तथा घरेलु उद्योगहरू | सङ्ख्या | ३८०० | ११८६ | ३८०० | ३८०० | ४०००० |
| ५२ | खाद्य सञ्चय डिपो | सङ्ख्या | ३ | १ | १ | २ | ५ |
| ५३ | तोकिएको दुर्गम जिल्लामा खाद्य ढुवानी | मे टन | ५००० | ० | ५००० | ५००० | ५००० |
| ५४ | औद्योगिक क्षेत्र | सङ्ख्या | १ | १ | २ | ३ | ५ |
| ५५ | औद्योगिक ग्राम | सङ्ख्या | १७ | १७ | ५ | ७ | १० |
| ५६ | घरेलु तथा लघु उद्यमी | सङ्ख्या | १०६४७ | १०६४७ | १०६४७ | ११००० | १५००० |
| ५७ | प्रदेशमा हुने कूल व्यापार (आयात) | रु करोडमा | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५८ | प्रदेशमा हुने कूल व्यापार (निर्यात) | रु करोडमा | ० | ० | ० | ० | ० |
| ५९ | पर्यटन आयको वृद्धि दर | प्रतिशत | ५ | ५ | १० | १० | १५ |
| ६० | पर्यटकीय केन्द्रहरूको विकास र बिस्तार कार्यक्रम | सङ्ख्या | ५० | ५० | ८३ | १०८ | १५० |
| ६१ | पर्यटकीय मार्गको बिस्तार | कि मि | २०० | १५० | ५०० | ६०० | ६०० |
| ६२ | पर्यटकीयस्तरका होटलहरू | सङ्ख्या | १२५ | १५० | १५० | २०० | २०० |
| ६३ | होमस्टे | सङ्ख्या | ३५ | ३५ | ३५ | ४० | ४५ |
| ६४ | पर्यटक आवागमन स्वदेशी (लाख) | सङ्ख्या प्रतिवर्ष | ५ | ५ | ६ | ७ | १० |
| ६५ | पर्यटक आवागमन विदेशी (हजार) | सङ्ख्या प्रतिवर्ष | १२ | १२ | १ | १ | ५ |
| ६६ | पर्यटक आवागमन मानसरोवर लक्षित (हजार) | सङ्ख्या प्रतिवर्ष | ३० | ० | २ | ५ | ५ |
| ६७ | लघुउद्यम सञ्चालन गर्ने घरपरिवार | संख्या | ० | ० | १००० | २००० | ५००० |
| ६८ | लघुउद्यम बाट भएको स्वरोजगार संख्या | संख्या | २१००० | ० | ३५००० | ४५००० | ५५००० |
| ६९ | लघुउद्यम सम्वन्धी तालिम प्राप्त व्यक्ति | संख्या | २१००० | ० | ३५००० | ४५००० | ५५००० |
| ७० | वातावरण संरक्षणका कार्यक्रम | संख्या | ० | ० | १००० | १५०० | २००० |
| ७१ | फोहोर मैला प्रशोधन केन्द्र | संख्या | ० | ० | ५ | ७ | १० |
| ७२ | वायू गुणस्तर मापन केन्द्र | संख्या | ० | ० | ५ | ७ | १० |
| ७३ | संरक्षित जलाधार क्षेत्र | संख्या | ० | ० | २ | २ | २ |
| ७४ | जलाधार संरक्षणका लागि भएको वृक्षरोपण | हेक्टर | ० | ० | ५० | ६० | ७० |
| ७५ | अनुसन्धान तथा | संख्या | ० | ० | १० | १५ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास सम्वन्धी कार्यक्रम | | | | | | |
| ७६ | अनुसन्धान तथा विकास संलगन निकाय | संख्या | २ | २ | ५ | १५ | २० |
| ७७ | प्रदेशमा स्थापना भएका अनुसन्धान केन्द्रहरु | संख्या | १ | १ | २ | ३ | ४ |
| ७८ | बार्षिक स्वरोजगार सिर्जना | संख्या | ० | ० | १०००००० | १५००००० | २०००००० |
| ७९ | बार्षिक रोजगार सिर्जना | संख्या | ९३४०९० | ० | १०००००० | १५००००० | २०००००० |
| ८० | वार्षिक दक्ष जनशक्तिको उत्पादन | संख्या | ८३०० | ० | १०००० | १२००० | १५००० |
| ८१ | वैदेशिक रोजगारमा जाने संख्या | संख्या | ३०३४३ | ० | ५०००० | ७०००० | १००००० |

## ३.१.८ त्रिवर्षीय खर्च तथा श्रोत अनुमान

(रु. हजारमा)

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | २४२७९९८ | ९९७६६७ | १४३०३३१ | ० | ११४७९०० | ० | १२८००९८ |
| २०८३/८४ | २५४९३९८ | १०४७५५० | १५०१८४८ | ० | १२०५२९५ | ० | १३४४१०३ |
| २०८४/८५ | २६७६८६८ | १०९९९२८ | १५७६९४० | ० | १२६५५६० | ० | १४११३०८ |

# ३.२ भूमि व्यवस्था, कृषि तथा सहकारी

## ३.२.१ पृष्ठभूमि

### (क) कृषि

नेपालको कृषि क्षेत्र देशको आर्थिक विकासको मेरुदण्ड तथा समृद्धिको मुख्य आधार पनि हो। यस क्षेत्रले ग्रामीण क्षेत्रमा जनजीविकाको मुख्य स्रोतको रुपमा योगदान पुर्‍याउदै आएको छ। कृषि क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा २३.९ प्रतिशत र रोजगारीमा ६२ प्रतिशत योगदान गरीरहेको छ। नेपालमा दीर्घकालीन कृषि योजना (सन् १९९५-२०१५) कार्यान्वयन पश्चात हाल २० वर्षे कृषि विकास रणनीति (सन् २०१५-२०३५) कार्यान्वयन रहेको छ। हालसम्मका महत्त्वपूर्ण उपलब्धि, सिकाइ र वर्तमान आवश्यकतालाई आत्मसात गरेर कर्णाली प्रदेशले व्यावसायिक तथा प्राङ्गारिक कृषिलाई प्रदेश विकासको रुपान्तरणकारी क्षेत्रका रुपमा पहिचान गरी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गरीरहेको छ।

प्राङ्गारिक कृषिमा मूल्य अभिवृद्धि, बाली विविधीकरण, व्यवसायीकरण र औद्योगिकीकरण मार्फत कृषि पेसामा आवद्ध जनसङ्ख्याको आत्मसम्मान र जीवनस्तर सुधार गर्न आवश्यक छ। प्राङ्गारिक कृषिको विस्तारबाट स्वच्छ, पोषणयुक्त र बहुउपयोगी खाद्यवस्तुको उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयआर्जन र निर्यात प्रबर्द्धन प्रचुर संभावना रहेको छ। नेपाल सरकार र राजनैतिक दलको प्रतिबद्धता रहनु, उत्पादित प्राङ्गारिक कृषि उपजको माग विश्व बजारमा समेत बढ्दै जानु र प्राङ्गारिक उत्पादनमा निजी क्षेत्रलगायत बैङ्क तथा वित्तीय संस्थाको लगानी बढ्नु, तीनवटै तहका सरकारको तर्फबाट व्याज अनुदान तथा अन्य सहुलियतका कार्यक्रम उपलब्ध हुनु, प्रमुख कृषि पकेट क्षेत्र सडक सञ्जाल र पर्यटन बजारसँग जोडिनु आदिले प्राङ्गारिक कृषिको अभियानमा थप अवसर सिर्जना भएको छ। भुटान र भारतको सिक्किम राज्यले प्राङ्गारिक कृषि अभियानसँग पर्यटन जोडेर आम्दानीको प्रमुख स्रोतको रुपमा स्थापित गरीरहेको सन्दर्भमा कर्णाली प्रदेशमा पनि यसै प्रकारले कृषि पर्यटन विकासको संभावना रहेको छ। भूगोल र जलवायुको आधारमा क्षेत्रगत वर्गीकरण गरी अनुसन्धान तथा अन्य बाली विविधिकरण, व्यवसायीकरण र आधुनिकीकरण गरिनेछ।

### (ख) भू-उपयोग तथा भूमि व्यवस्था

कुल ३० हजार २ सय ११ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको देशकै सवैभन्दा ठूलो प्रदेशको रुपमा रहेको यस प्रदेशको भूवनोट विशिष्ट छ। उपलब्ध भूमिको विशिष्टताको आधारमा भू-उपयोग योजना बनाएर कार्यान्वयन गरी तुलनात्मक लाभ हासिल गर्न सक्ने अवसर प्रदेशलाई प्राप्त छ। प्रदेशको कुल भूमिको करिब ९.५२ प्रतिशत (२,८७,७६१ हेक्टर) भूमि खेती योग्य रहेको छ। सो मध्ये कुल खेतीयोग्य जमिनको २,००,६०२ हेक्टर भूमिमा मात्र खेती भईरहेको छ। प्रदेशको खेतीयोग्य भूमिको करिब ३०.२९ प्रतिशत जमिन बाँझो रहेको अनुमान छ। यसले

उक्त खाली जमिलाई नेपाल सरकारको भू-उपयोग नीतिअनुसार वर्गिकरण गरी उत्पादनमूलक एवम् आर्थिक सामाजिक रुपान्तरणका क्षेत्रमा लगाउन सकिने संभावना रहेको छ।

प्रदेशको कुल क्षेत्रफललाई आधार मान्दा प्रति घरपरिवार औसत ८.२५ हेक्टर रहेको देखिन्छ। यद्यपि, कृषियोग्य भूमिको मात्र विश्लेषण गर्दा प्रति घरपरिवार कृषियोग्य भूमि औसत ०.८२ हेक्टर हुन आउँदछ। डाँडाकाँडा, खर्क र हिमाली पाटन जस्ता बाँझो भूमिको समेत जडिबुटी र पशुपालनजस्ता क्षेत्रमा कुशल उपयोग गर्न सके जैविक विविधता संरक्षणा प्रदेशको विशाल भूगोललाई समृद्धिको आधार बनाउन सकिने प्रवल संभावना रहेको छ।

**(ग) पशुपन्छी तथा मत्स्य**

पशुपन्छी पालनको क्षेत्रमा यस प्रदेशको विशिष्ट पहिचान र योगदान रही आएको छ। यस क्षेत्रलाई कृषि विकासको महत्त्वपूर्ण अङ्गको रुपमा अपनाइएको छ। प्रदेशमा पछिल्लो समय पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा निजी क्षेत्रबाट ठूला लगानी पनि भित्रिन थालेको सन्दर्भमा व्यावसायिक संभावना उच्च रहेको आंकलन गर्न सकिन्छ। पशुपन्छी तथा मत्स्य क्षेत्रको प्रबर्द्धन गरेर प्रदेशलाई दुध, दही, घिउ, माछा, मासु, अण्डा आदिको उत्पादनमा आत्मनिर्भर बनाउन नेपाल सरकारको दीर्घकालीन लक्ष्य हासिल गर्न प्रदेशको योगदान महत्त्वपूर्ण हुने देखिन्छ।

**(घ) खाद्य सुरक्षा तथा सम्प्रभुता**

खाद्य सुरक्षा तथा सम्प्रभुताका दृष्टिले प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ। खाद्य सम्प्रभुताको सुनिश्चितता गर्दै खाद्य सुरक्षामा सुधार ल्याउन सके मानव विकासमा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण,२०७८ अनुसार यस प्रदेशमा २८ प्रतिशत घरपरिवारले पर्याप्त आहार उपभोग गर्न नपाएको अवस्था रहेको छ भने ३२ प्रतिशत घरपरिवार खाद्य असुरक्षामा रहेको अवस्था छ। यस प्रदेशमा खाद्य सुरक्षाका साथसाथै खाद्य सम्प्रभुताको सुनिश्चितताको आवश्यकता रहेको छ।

**(ङ) सहकारी तथा वित्तीय सेवा**

कुल ३० हजार २ सय ११ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको देशकै सर्वैभन्दा ठूलो प्रदेशको रुपमा रहेको यस प्रदेशको भूवनोट विशिष्ट छ। उपलब्ध भूमिको विशिष्टताको आधारमा भू-उपयोग योजना बनाएर कार्यान्वयन गरी तुलनात्मक लाभ हासिल गर्न सक्ने अवसर प्रदेशलाई प्राप्त छ। प्रदेशको कुल भूमिको करिब ९.५२ प्रतिशत (२,८७,७६१ हेक्टर) भूमि खेती योग्य रहेको छ।

## ३.२.२ विद्यमान अवस्था

**(क) कृषि**

प्रदेशको भूगोल, जलवायु तथा वातावरण प्राङ्गारिक कृषिका लागि अत्यन्तै उपयुक्त रहेको छ। यस प्रदेशको जीवनशैली, खेती प्रणाली र ग्रामीण अर्थतन्त्र पूर्ण रुपमा प्राकृतिक स्रोत र अर्थतन्त्रको प्राथमिक क्षेत्रमा आधारित छ। यस्तो प्रकृतिमा आधारित अर्थतन्त्र र स्रोतसाधनको विविधतामा टेकेर हरित अर्थतन्त्र निर्माणको दिशामा अग्रसर हुनु अहिलेको आवश्यकता हो। भौगोलिक तथा

जैविक विविधता प्रशस्त रहेको यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्र तुलनात्मक रुपमा प्राङ्गारिक अवस्थामा नै रहेका र प्रदेशका अन्य भागहरुमा समेत रासायनिक मल र विषादीको प्रयोग न्यून रहेको कारण व्यावसायिक रुपमा प्राङ्गारिक खेती प्रबर्द्धन गर्न सहज रहेको अवस्था छ। प्रदेश सरकारले कृषि भूमिको उर्वराशक्ति तथा उत्पादन क्षमतालाई दिगो र पर्यावरणीय रुपमा सन्तुलित राख्दै स्वस्थकर र गुणस्तरीय प्राङ्गारिक कृषिजन्य उत्पादनको उपभोग तथा बजारीकरणमा टेवा पुर्‍याउन कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ कार्यान्वयनमा ल्याएको छ।

**(ख) खाद्य सुरक्षा तथा सम्प्रभुत्ता**

- खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितता
- खाद्य उत्पादनमा बृद्धि
- लक्षित वर्ग उत्पादन कार्यक्रमको प्रभावकारिता
- कुपोषण र जनचेतना

विगतदेखि नै खाद्य असुरक्षित रहेको यस प्रदेशमा पछिल्ला केही बर्ष यता खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधारोउन्मुख रहेको छ। संविधानले खाद्य अधिकार र सम्प्रभुताको प्रत्याभूत गर्दै खाद्य असुरक्षाबाट मुक्त हुन पाउने अधिकार सुनिश्चित गरेको छ। नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० तर्जुमा गरेको छ र कृषि विकास रणनीति (सन् २०१५-२०३५) कार्यान्वयनमा रहेको छ। प्रदेशको खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७ र नियमावली, २०८० जारी भएका छन्। प्रदेश सरकारले खाद्य सुरक्षा तथा सम्प्रभुता सुनिश्चित गर्ने लक्ष्य प्राप्तिका साथ विभिन्न कार्यक्रम कार्यान्वयन गरीरहेको छ।

**(ग) पशुपन्छी तथा मत्स्य**

प्रदेशमा गाई, भैंसी, चौरी, भेडा, बाख्रा, च्याङ्ग्रा, बंगुर, कुखुरा, हाँस लगायतका विभिन्न किसिमका पशुपन्छीपालन हुने गरेको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार सबैभन्दा बढी बाख्राको सङ्ख्या १३ लाख ६९ हजार ६१६ छ भने गाईको सङ्ख्या ६ लाख ७४ हजार ४१७, भेडाको सङ्ख्या २ लाख १४ हजार ३०९ र भैंसीको सङ्ख्या १ लाख ६० हजार ०३४ रहेको छ। प्रदेशका सबै जिल्लामा पशुपन्छी तथा मत्स्य स्रोतकेन्द्रहरु स्थापना भएका छन। सुर्खेत र दैलेखमा बाख्रा, रुकुम पश्चिममा भैंसी, डोल्पा र हुम्लामा चौरी तथा जुम्लामा भेडाको स्रोतकेन्द्र स्थापना भई सञ्चालित छन्। च्याङ्ग्रा र माछाको अध्ययन अनुसन्धान गर्न र प्राविधिक तथा परामर्श सेवा सहजरुपमा उपलब्ध गराउन स्रोतकेन्द्र निर्माण गरी सञ्चालनको तयारीमा छन्। रुकुम पश्चिम, सल्यान, दैलेख र सुर्खेतमा गरी १२ वटा दुग्ध सङ्कलन तथा चिस्यानकेन्द्र स्थापना भएका छन्।

**(ग) सहकारी तथा वित्तीय सेवा**

प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको शाखा ५०४ रहेको र प्रतिशाखा औसतमा करिब ३ हजार ३१७ जनतालाई वित्तीय सेवा दिइरहेको अवस्था छ। यस प्रदेशको औपचारिक वित्तीय सेवाको पहुँच नेपालको राष्ट्रिय औसतभन्दा न्यून रहेको छ। प्रदेशमा सञ्चालित सहकारी संस्थाको कुल पूँजी रु. १५ अर्ब पुगेको र शेयर पूँजी रु. १ अर्ब ७५ करोड रहेको छ। सहकारी संस्थामा कुल रु. ८ अर्ब २० करोड बचत सङ्कलन हुँदा रु. ११ अर्ब ५१ करोड कर्जा लगानी भएको छ। यस प्रदेशमा सहकारी क्षेत्रको कुल १ हजार ५०० जनालाई रोजगारी प्रदान गरेको, उद्यमशीलता तथा व्यावसायिकता विकास र सर्वसाधारणको बचतको सुरक्षा तथा सेवाको गुणस्तर सुधारमा प्रदेश सरकारले पहल गरीरहेको छ। प्रदेश सरकारले प्रदेश सहकारी ऐन, २०७५ जारी गरेर सहकारीको कारोबारलाई व्यावसायिक, प्रतिस्पर्धी र सुरक्षित बनाउन प्रविधिको उपयोग तथा सूचकमा आधारित नियमनलाई जोड दिएको छ। उत्पादनमूलक तथा बहुउद्देशीय सहकारी संस्थाको प्रभावकारी परिचालन मार्फत सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरण, वित्तीय पहुँचमा वृद्धि, उद्यमशीलता विकास र गरिबी निवारणमा प्रदेश प्रतिबद्ध रहेको छ।

**(घ) भू उपयोग तथा भूमि व्यवस्था**

दिगो र वैज्ञानिक भूमि व्यवस्थापनको लागि प्रदेश सरकारले भू-उपयोग नीति, जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना र कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयन प्रयास गरीरहेको छ। प्रदेशमा गुठी प्रथा र हलिया प्रथा जस्ता भू-स्वामित्वका दृष्टिले परम्परागत भूमि व्यवस्थापन अभ्यासको अवशेष अझै केही मात्रामा बाँकी छ। नेपालको भू-उपयोग ऐन, २०७६ तथा नियमावली,२०७९ ले भू-उपयोगका आधारमा भूमिको वर्गीकरण र व्यवस्थापन गर्ने अधिकार स्थानीय तहको भू-उपयोग परिषद्लाई हस्तान्तरण गरेको छ। प्रदेशका स्थानीय तहबाट भू-उपयोग परिषद् गठन गरी भूमीको वर्गीकरण भईरहेको छ।

## ३.२.३ मुख्य सवाल तथा चुनौती

**(क) सहकारी तथा वित्तीय सेवा**

- सहकारी सिद्धान्त र मूल्य मान्यताको पालना
- सहकारी संस्थाको सेवा विस्तार
- वित्तीय साक्षरता र सहज पहुँच
- लक्षित वर्ग कार्यक्रमको प्रभावकारिता

**(ख) कृषि**

- रैथाने बाली संरक्षण र प्राङ्गारिक कृषि अभ्यास
- सुशासन, वन्यजन्तु व्यवस्थापन तथा विषादी नियमन
- कृषि उत्पादनको व्यावसायीकरण, विविधीकरण तथा बजारीकरण
- कृषि उद्यम तथा पूर्वाधारको विकास तथा विस्तार

- महिला निर्भर कृषि
- सम्मानित र व्यावसायिक कृषि

**(ग) खाद्य सुरक्षा तथा सम्प्रभुत्ता**

- खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितता
- खाद्य उत्पादनमा बृद्धि
- लक्षित वर्ग उत्पादन कार्यक्रमको प्रभावकारिता
- कुपोषण र जनचेतना

**(घ) पशुपन्छी तथा मत्स्य**

- उन्नत नश्ल पशु स्वास्थ्य र गुणस्तरीय आहार
- रैथाने पशुपन्छी संरक्षण र प्राङ्गारिक अभ्यास
- पशुपन्छी र मत्स्यपालनमा व्यावसायीकरण
- अव्यवस्थित पशु बजार
- निर्वाहमुखी उत्पादन तथा न्यून उत्पादकत्व
- पशुपन्छी सेवा तथा महामारी रोग नियन्त्रण

**(घ) भू उपयोग तथा भूमि व्यवस्था**

- भूमिको वर्गीकरण तथा भूउपयोग योजना
- अतिक्रमण नियन्त्रण तथा जोखिम न्यूनिकरण
- भूमिको स्वामित्व तथा उत्पादनशील उपयोग
- भूमिको खण्डिकरण तथा अव्यवस्थित सहरीकरण

## ३.२.४ उद्देश्य

**(क) सहकारी तथा वित्तीय सेवा**

- सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, स्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,
- सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु।

**(ख) भू उपयोग तथा भूमि व्यवस्था**

- कृषियोग्य भूमिको दिगो व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्नु,
- जोखिम संवेदनशील र भू-उपयोग योजना कार्यान्वयन तथा नियमन गर्नु,
- भू-स्वामित्वमा रहेका जटिलताको समाधान र अतिक्रमण नियन्त्रण गर्नु।

**(ग) कृषि**

- प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,
- कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण मार्फत प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु,

- कृषि उपजको सङ्कलन, भण्डारण, प्रशोधन, मूल्यशृङ्खला र बजारीकरणको प्रबर्द्धन गर्नु।

**(घ) पशुपन्छी तथा मत्स्य**

- पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
- रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्धन र बजारीकरण प्रबर्द्धन गर्नु।

**(ङ) खाद्य सुरक्षा तथा सम्प्रभुत्ता**

- गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तुको आपूर्ति व्यवस्थापन सर्वसुलभ बनाउनु,
- जोखिममा रहेका क्षेत्र र समूहमा खाद्य अधिकार प्रत्याभूत गर्नु,
- खाद्य उत्पादन तथा आयमा आधारित खाद्य सुरक्षा सुनिश्चित गर्नु।

## ३.२.५ रुपान्तरणकारी रणनीति

**(क) भूमि उपयोग तथा भूमि व्यवस्था**

- वैज्ञानिक भू-उपयोग योजना लागू गर्ने।
- भूमि अतिक्रमण नियन्त्रण तथा जोखिम न्यूनीकरण गर्ने।
- भू-स्वामित्व रहेका जटिलताको निराकरण गर्ने।
- भूमिको उत्पादनशील उपयोगलाई प्रोत्साहन गर्ने।

**(ख) खाद्य सुरक्षा तथा सम्प्रभुत्ता**

- खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितता
- खाद्य तथा पोषण असुरक्षित घरपरिवारलाई आवश्यक खाद्यको व्यवस्था मिलाउने
- स्थानीय स्रोतसाधनको संरक्षण, प्रवर्द्धन र उत्पादकत्व वृद्धि गर्ने।
- सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता तथा पहुँच सुनिश्चित गर्ने।
- कृषिको विविधीकरण, आधुनिकीकरण र व्यवसायीकरण मार्फत खाद्य असुरक्षाको जोखिम न्युनीकरण गर्ने।

**(ग) कृषि**

- रैथाने बाली तथा कृषि ज्ञान तथा प्रविधिको संरक्षण र प्रवर्द्धन गर्ने।
- स्थानीय उत्पादनको ग्रेडिङ, प्याकेजिङ, ब्राण्डिङ र गुणस्तर कायम गर्ने।
- जमिनको चक्लाबन्दी गरी सामुहिक खेती प्रणाली विकास गर्ने।
- उच्च मूल्य कृषि उत्पादन मूल्य श्रृङ्खला सुदृढीकरण गर्ने।
- विशेष कृषि उत्पादन पकेट क्षेत्र विकास गर्ने।
- प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्तरोन्नती गर्ने।
- प्राङ्गारिक कृषि पर्यटन प्रबर्द्धन गर्ने।
- कृषि बाली संरक्षणलाई व्यवस्थित गर्ने।
- कर्णालीका विशिष्ट कृषि उत्पादनको बजार तथा निर्यात प्रबर्द्धन गर्ने।

- महिला कृषकको क्षमता विकास गर्ने।

**(घ) सहकारी तथा वित्तीय सेवा**

- सहकारीको संस्थागत क्षमता विकास र प्रभावकारी नियमन गर्ने।
- वित्तीय साक्षरता विस्तार गर्ने।
- लघु घरेलु तथा साना व्यवसायीको क्षमता विकास गर्ने।
- स्थानीय सकार, बैंक तथा निजी क्षेत्रसँग सहकार्य गर्ने।

**(ङ) पशुपन्छी तथा मत्स्य**

- पशु नश्ल सुधार, गुणस्तरीय आहार तथा स्वास्थ्य सेवा सुनिश्चित गर्ने।
- रैथाने जात संरक्षण र प्राङ्गारिक अभ्यास प्रवर्द्धन गर्ने।
- पशुपन्छी र मत्स्यपालन व्यावसायिक आयोजनाको विकास र संचालन गर्ने।
- सामुदायिक पशुपालन व्यवसाय प्रवर्द्धन तथा सामूहिक उत्पादन प्रणालीको विकास गर्ने।

### ३.२.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अबधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी | • कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुऱ्याउने।<br>• तुलनात्मक लाभका कृषि तथा पशुपन्छी जन्य उपज प्रवद्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने।<br>• रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरण मैत्री कृषिको प्रवर्द्धन गर्ने। | - | २०००० | • नयाँ कृषि श्रोत केन्द्र, प्रयोगशाला, संकलन तथा चिस्यान केन्द्रको स्थापना भएको हुने।<br>• प्रमुख नाकाहरुमा कृषि प्रयोगशाला स्थापना भइ विषादी परीक्षण तथा नियमन प्रभावकारी भएको हुने/<br>• स्थानीय तह, गैर सरकारी क्षेत्र तथा समूदायसँऊको सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाइ आयोजना सञ्चालनमा आएको हुने<br>• कृषि सडक निर्माण तथा स्तरोन्नति मार्फत कृषि उत्पादनको बजारमा पहुँच भएको हुने<br>• कृषकहरुको रैथाने बाली संकलन, प्रशोधन तथा कर्णालीको पहिचान दिने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | "मूल्यवान कर्णाली किसानको सम्पदा" लोगो तयार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा बिक्रि सुनिश्चितता गर्दै कृषकको आयआर्जन र प्राङ्गारिक कृषिजन्य बस्तु प्रवर्द्धन भएको हुने। |
| ३१२०१९०३ | स्याउ तथा ओखर विकास कार्यक्रम | कृषि | • स्याउ तथा ओखर जस्ता विशेष उत्पादनमा अभिवृद्धि गरी अन्य प्रदेश एवं अन्तराष्ट्रिय बजारमा निर्यात गरी आर्थिक विकासमा टेवा पुऱ्याउने। | - | ३००० | • करिब १००० मेट्रिक टन ओखर उत्पादन भएको हुने।<br>• विभिन्न कृषि सहकारी संस्थाहरुबाट प्रत्येक जिल्लामा ओखर संकलन केन्द्र स्थापना भएको हुने। |
| ३१२०१९०४ | कृषि पूर्वाधार विकास कार्यक्रम | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु। | - | ५००००० | • कृषियोग्य जमिनको वर्षैभरी सिचाइ सुविधा।<br>• प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल।<br>• डेरी तथा दुग्ध संकलन केन्द्र।<br>• दुग्ध प्रशोधन केन्द्र । |
| ३१२०१०१८ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि | - | १३००० | • आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएको स्थानीय तह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा तालिम केन्द्र | | गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | | | • पोषणयूक्त स्थानीय खाद्य वस्तु जनचेतनाबाट लाभान्वित समुह तथा संख्या<br>• सूचकमा आधारित अनुगमन भएको संस्था । |
| ३१२०२०१३ | पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | कृषि | • पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्द्धन र बजारीकरण प्रवर्द्धन गर्नु। | - | १००००० | • १३ वटा पशुपन्छी श्रोतकेन्द्र स्थापना भएको हुने।<br>• माछा उत्पादन (वार्षिक) २९९ मेट्रिक टन पुगेको हुने।<br>• अण्डा उत्पादन (वार्षिक) ७८६५० गोटा पुगेको हुने। |
| ३१२९११२४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (संघ सशर्त अनुदान ) | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, | - | ३०००० | • काष्ठफल तथा फलफुल उत्पादन सम्बन्धी विभिन्न कृषक समूहहरुको गठन भएको हुने।<br>• फलफुल उत्पादन, बजारीकरण तथा प्रवर्द्धनमा सम्बन्धित उत्पादक सहकारी संस्थाहरुलाई आवद्ध गराउने।<br>• लक्षित बालीहरुको उत्पादनका लागि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु। | | | सामूहिक बगैचा निर्माण भएको हुने।<br>• लिड फार्मरहरुको क्षमता विकास भएको हुने । |
| ३१२००९०८ | सहकारी विकास कार्यक्रम | सहकारी तथा वित्तीय सेवा | • सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, श्रोत र पूँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,<br>• सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु । | - | ५००० | • प्रदेश र सबै स्थानीय तहमा सहकारी सूचना प्रणालीको स्थापना भएको हुने।<br>• विद्यालय शिक्षामा पाठ्यक्रम, आमसञ्चारका माध्यमबाट जनचेतना र सहकारी सञ्चालकको लागि व्यवस्थापन तालिम सञ्चालन भएको हुने। |
| ३१२००९११ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | भू-उपयोग तथा भूमि व्यवस्था | • कृषियोग्य भूमिको दिगो व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्नु,<br>• जोखिम संवेदनशील र भू-उपयोग योजना कार्यान्वयन तथा नियमन गर्नु,<br>• भू-स्वामित्वमा रहेका जटिलताको समाधान र अतिक्रमण नियन्त्रण गर्नु। | - | ४००० | • वैज्ञानिक भू-उपयोग गुरुयोजना कार्यान्वयन भई कृषियोग्य भूमिको गैर कृषि प्रयोग निरुत्साहित भएको हुने,<br>• संघ तथा स्थानीय सरकारको समन्वयमा भूमिहीन, सुकुम्बासी, विपन्न परिवारलाई खेतीयोग्य जग्गा उपलब्ध भएको हुने,<br>• उत्पादन बढाउन कृषि यान्त्रिकीकरणका लागि गह्रा सुधार तथा चक्लाबन्दी कार्यक्रम सञ्चालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भएको हुने । |
| ३१२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | खाद्य सुरक्षा तथा सम्प्रभुत्ता | • गुणस्तरीय र पोषणयूक्त खाद्यवस्तुको आपूर्ति व्यवस्थापन सर्वसुलभ बनाउनु,<br>• जोखिममा रहेको क्षेत्र र समूहमा खाद्य अधिकार प्रत्याभूत गर्नु,<br>• खाद्य उत्पादन तथा आयमा आधारित खाद्य सुरक्षा सुनिश्चित गर्नु । | - | १०००० | • प्रदेश स्तरीय खाद्य सुरक्षा प्रतिकार्य योजना तयार भइ प्रदेशका सबै स्थानीय तहमा कृषि उत्पादनको संकलन, भण्डारण र आपतकालीन वितरण गर्न व्यवस्था भएको हुने,<br>• स्थानीय तहसँग समन्वय गरी खाद्य तथा पोषण असुरक्षित घर परिवारको पहिचान सहित परिचयपत्र जारी भई खाद्य व्यवस्थापन भएको हुने,<br>• खाद्य असुरक्षा रहेका स्थानमा खाद्य उत्पादन वृद्धि तथा भण्डारणको व्यवस्था भई खाद्य असुरक्षाका सूचकमा सुधार हुनेछ। |
| ३१२९११२३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (संघ सशर्त अनुदान ) | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, | - | ५००००० | • प्राङ्गारिक कृषि अनुसन्धान केन्द्रको स्थापना, प्राङ्गारिक क्षेत्रको वर्गीकरण, नमूना प्राङ्गारिक गाउँ प्रमाणिकरण सहित उत्पादनको बजारीकरण भएको हुने,<br>• व्यवसायिक कृषि उत्पादनको लागि संभाव्य स्थानमा पकेट क्षेत्र (ब्लक), जोन तथा सुपर जोनको विकास गरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | | | सहकारी तथा निजी क्षेत्र मार्फत अदुवा, बेसार, सिमि, स्याउ ओखर जस्ता कृषि उत्पादनको विविधिकरण, यान्त्रिकीकरण, व्यवसायिकरण तथा प्रशोधन, ब्राण्डिङ्ग, प्याकेजिङ्ग लगायतका सुविधा भएको पार्क निर्माण भइ बजारिकरणमा सहज भएको हुने । |
| ३१२०२०११ | पशुपन्छी विकास निर्देशनालय | पशुपन्छी तथा मत्स्य विकास | • पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, <br>• रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्द्धन र बजारिकरण प्रवर्द्धन गर्नु । | - | २५००० | • जिल्लास्तरमा सहकारी, निजी, स्थानीय तहसँगको साझेदारीमा श्रोतकेन्द्र स्थापना भई सञ्चालन भएको हुने, <br>• संभाव्य स्थानमा प्राङ्गारिक पशुपन्छीजन्य तथा मत्स्य उत्पादन वृद्धि भएको हुने, <br>• पशुपन्छी जैविक विविधता विस्तार भई पोषणयूक्त रैथाने आहारको उपलब्धता मार्फत स्थानीय पशुपन्छीको उत्पादकत्व वृद्धि भएको हुने। |
| ३१२००९१२ | उत्थानशील उच्च मूल्य कृषि | कृषि | • प्राङ्गारिक र व्यवसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि | - | १००००० | • कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन भन्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम (R-HVAP) | | गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | | | मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने,<br>• विमा प्रकृयालाई समसामयिक, व्यवहारिक र सहज बनाइ कृषि विमा कृषक तथा कृषि व्यवसायी आकर्षित तथा लाभान्वित भएका हुने, |
| ३१२०२९०१ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | पशुपन्छी तथा मत्स्य विकास | • पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्द्धन र बजारीकरण प्रवर्द्धन गर्नु। | - | ८०५०० | • संभाव्य स्थानमा प्राङ्गारिक पशुपन्छीजन्य तथा मत्स्य उत्पादन वृद्धि भएको हुने,<br>• पशुपन्छी, मत्स्य, तथा मौरिपालक किसानको सम्मान, मर्यादा, विपद् राहत र विमामा आधारित जोखिम न्यूनीकरण तथा प्रोत्साहन उपलब्ध भएको हुने, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • पशुपन्छीको व्यवस्थित पालनबाट उत्पादकत्व वृद्धि भएको हुने साथै पशु मूत्र र मलबाट प्राङ्गारिक खेतीको खाद्य तत्व व्यवस्थापनमा सहयोग पुगेको हुने। |
| ३१२०००१३ | भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | सहकारी तथा वित्तीय सेवा | • सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, श्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,<br>• सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु । | - | ६५०० | • प्रदेश तथा स्थानीय तहमा सहकारी सूचना प्रणालीको स्थापना भएको हुने,<br>• व्यवसाय सुरु गर्न, उत्पादन बढाउन र बजारीकरण गर्न सहकारी, निजी र सार्वजनिक निजी साझेदारीमा व्यवसाय विकासका नमूना कार्यक्रम सञ्चालन भएको हुने,<br>• सहकारी मार्फत उद्यम व्यवसाय सिर्जना, विकास तथा प्रवर्द्धन भएको हुने। |
| ३१२०२९०२ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | पशुपन्छी तथा मत्स्य | • पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्द्धन र बजारीकरण प्रवर्द्धन गर्नु । | - | २०००० | • जिल्लास्तरमा सहकारी, निजी, स्थानीय तहसँगको साझेदारीमा श्रोतकेन्द्र स्थापना भई सेवा प्रवाह सहज भएको हुने,<br>• निजी क्षेत्रको साझेदारी र लगानीमा दुग्ध पदार्थ तथा मासु उत्पादन संकलन चिस्यान/प्रशोधन उद्योग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | स्थापना भई पशुपन्छीजन्य उत्पादनमा वृद्धि भएको हुने, |
| ३१२९११०२० | पशु सेवा विभाग (संघीय सशर्त) | पशुपन्छी तथा मत्स्य | • पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्द्धन र बजारीकरण प्रवर्द्धन गर्नु। | - | ४०००० | • जिल्लास्तरमा सहकारी, निजी, स्थानीय तहसँगको साझेदारीमा श्रोतकेन्द्र स्थापना भई सेवा प्रवाह सहज भएको हुने,<br>• निजी क्षेत्रको साझेदारी र लगानीमा दुग्ध पदार्थ तथा मासु उत्पादन संकलन चिस्यान/प्रशोधन उद्योग स्थापना भई पशुपन्छीजन्य उत्पादनमा वृद्धि भएको हुने, |
| ३१२९११२१ | कृषि विभाग (संघ सशर्त अनुदान ) | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | - | ५०००० | • तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने,<br>• विमा प्रकृयालाई समसामयिक, व्यवहारिक र सहज बनाइ कृषि विमा कृषक तथा कृषि व्यवसायी आकर्षित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | तथा लाभान्वित भएका हुने, |
| ३१२०००१२ | एकीकृत कृषि प्रयोगशाला | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | - | ३०००० | • स्थानीय तह, गैरसरकारी क्षेत्रसँग सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई आयोजना सञ्चालन भएको हुने,<br>• कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन भन्ने मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने, |
| ३१२००९०३ | ब्याज अनुदान कार्यक्रम | भूमि व्यवस्था, कृषि तथा सहकारी | • डिजिटल बजार तथा मोबाइल एप तयार भई रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उत्पादन, फलफुल तथा अन्य नगदेबालीको | - | ५०००० | • सहकारीका सदस्यले सहुलियत ब्याज अनुदान प्राप्त गरी पेसा व्यवसाय सञ्चालन गरेका हुनेछन् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बजार विस्तार भएको हुने,<br>• स्थानीय तह, गैरसरकारी क्षेत्रसँग सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई आयोजना सञ्चालन भएको हुने,<br>• कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन भन्ने मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, श्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, | | | |
| ३१२००९०४ | गरिव तथा विपन्न लक्षित विशेष कार्यक्रम | भूमि व्यवस्था, कृषि तथा सहकारी | • पशुपन्छी, मत्स्य, तथा मौरिपालक किसानको सम्मान, मर्यादा, विपद् राहत र विमामा आधारित जोखिम न्यूनीकरण तथा प्रोत्साहन | - | ५००० | • सहकारी मार्फत उद्यम व्यवसाय सिर्जना, विकास तथा प्रवर्द्धन भएको हुने।<br>• जोखिममा रहेको क्षेत्र र समूहमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उपलब्ध गराउनु,<br>• सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, श्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,<br>• सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु | | | खाद्य अधिकार प्रत्याभूत गर्नु, |
| ३१२००९०९ | प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | कृषि, पशुपन्छी तथा मत्स्य | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु ।<br>• पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, | - | १०००० | • तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने,<br>• विमा प्रकृयालाई समसामयिक, व्यवहारिक र सहज बनाइ कृषि विमा कृषक तथा कृषि व्यवसायी आकर्षित तथा लाभान्वित भएका हुने,<br>• निजी क्षेत्रको साझेदारी र लगानीमा दुग्ध पदार्थ तथा मासु उत्पादन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | संकलन चिस्यान/प्रशोधन उद्योग स्थापना भई पशुपन्छीजन्य उत्पादनमा वृद्धि भएको हुने, |
| ३१२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | - | २०००० | • डिजिटल बजार तथा मोबाइल एप तयार भई रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उत्पादन, फलफुल तथा अन्य नगदेबालीको बजार विस्तार भएको हुने,<br>• स्थानीय तह, गैरसरकारी क्षेत्रसँग सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई आयोजना सञ्चालन भएको हुने,<br>• कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन भन्ने मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने, |
| ३१२०१०१६ | कृषि विकास कार्यालयहरु | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु । | - | ५०००० | • विभिन्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको हुने,<br>• प्रदेश सरकाले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्त गर्ने सम्बन्धमा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने । |
| ३१२०१९०२ | साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र | - | ३०००० | • डिजिटल बजार तथा मोबाइल एप तयार भई रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उत्पादन, फलफुल तथा अन्य नगदेबालीको बजार विस्तार भएको हुने,<br>• स्थानीय तह, गैरसरकारी क्षेत्रसँग सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई आयोजना सञ्चालन भएको हुने, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बजारीकरणको प्रवर्द्धन गर्नु। | | | • कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन भन्ने मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने, |
| ३१२०१०१७ | वागवानी विकास केन्द्रहरु | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र | - | १६००० | • डिजिटल बजार तथा मोबाइल एप तयार भई रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उत्पादन, फलफुल तथा अन्य नगदेबालीको बजार विस्तार भएको हुने,<br>• स्थानीय तह, गैरसरकारी क्षेत्रसँग सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई आयोजना सञ्चालन भएको हुने,<br>• कृषि विषय पढेका, कृषि व्यवसाय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बजारीकरणको प्रवर्द्धन गर्नु | | | सञ्चालनमा सफल हुन्छन भन्ने मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन ।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने, |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | कृषि | • प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>• कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायिकरण मार्फत प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्नु,<br>• कृषि उपजको संकलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रवर्द्धन गर्नु। | - | १२००० | • डिजिटल बजार तथा मोबाइल एप तयार भई रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उत्पादन, फलफुल तथा अन्य नगदेबालीको बजार विस्तार भएको हुने,<br>• स्थानीय तह, गैरसरकारी क्षेत्रसँग सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई आयोजना सञ्चालन भएको हुने,<br>• कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन भन्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन।<br>• तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर भएको हुने,<br>• स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफुल, सुन्तला तथा अमिलो जातबो फलफुल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तराष्ट्रिय बजारमा निर्यात भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आ.व.मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | • भूमि व्ययवस्था, कृषि तथा सहकारी सम्बन्धी ऐन, नियवाली, निर्देशिका, मापदण्ड सम्बन्धी कार्यप्रकृयाको तयारी र प्रकाशन । | • २६% कृषियोग्य जमिनमा वर्षैभरी सिँचाइ उपलब्धता भएको हुने<br>• ४८९ मेट्रिक टन मह उत्पादन भएको हुने।<br>• १०० टन भन्दा बढी क्षमता भएका करिब ९ वटा शीत भण्डार स्थापना भएको हुने।<br>• वार्षिक रुपमा प्रतिव्यक्ति खाद्य उपलब्धता १९७ केजि भएको हुने। | • भूमि व्यवस्था, कृषि तथा सहकारीसँग सम्बन्धित विभिन्न नीतिगत संरचनाको निर्माण तथा तयारी।<br>• कृषि सरोकार बहुपक्षीय समन्वय र सहकार्य।<br>• वार्षिक बजेट तथा योजना तर्जुमा गोष्ठि सञ्चालन<br>• कर्णाली प्रदेशको भू-उपयोग नीति तथा योजना सम्बन्धी छलफल |

| | | | | |
|---|---|---|---|---|
| | | | • उच्च खाद्य असुरक्षामा रहेको घरपरिवारलाई ५% मा झार्ने। | • ब्याज अनुदान कार्यक्रमको प्रभावकारीता अध्ययन<br>• पशुपन्छिको महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम। |
| ३१२०१९०३ | स्याउ तथा ओखर विकास कार्यक्रम | • नयाँ श्रोत केन्द्रहरुको स्थापना<br>• "मूल्यवान किसानको सम्पदा" लोगो निर्माण तयारी अवस्थामा रहेको। | • ३००० मेट्रिक टन ओखर उत्पादन भएको हुने। | • नयाँ श्रोत केन्द्रहरुको स्थापना<br>• ओखर विकास सचेतना, अन्तरकृया तथा गोष्ठी संचालन<br>• सहकारी मार्फत ब्याज अनुदान कार्यक्रम सञ्चालन |
| ३१२०१९०४ | कृषि पूर्वाधार विकास कार्यक्रम | • प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल २८५९६ हेक्टर पुगेको।<br>• कृषियोग्य जमिनको वर्षैभरी सिंचाइ सुविधा करिब १९.५ हेक्टर पुगेको।<br>• १२ वटा पशुपन्छी श्रोतकेन्द्र स्थापना भएको। | • प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३०१८७९ हेक्टर पुगेको हुने।<br>• कृषि योग्य जमिनको वर्षैभरी सिंचाइ सुविधा पुगेको करिब २६ हेक्टर पुगेको हुने । | • विद्यमान कृषि श्रोतकेन्द्रको सुदृढिकरण र सम्भाव्यता अध्ययन।<br>• परीक्षण प्रयोगशाला एवं चिस्यान केन्द्रको स्थापना।<br>• विभिन्न कृषि सडक तथा सिंचाइ आयोजना सञ्चालन । |
| ३१२०१०१८ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | • आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएको स्थानीय तहको संख्या ८ पुगेको।<br>• पोषणयूक्त स्थानीय खाद्य | • आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएको स्थानीय तहको संख्या १९ पुगेको।<br>• पोषणयूक्त स्थानीय खाद्य वस्तु जनचेतनाबाट लाभान्वित समुह तथा | • रोड करिडर हिउदे फलफुल क्षेत्र विस्तार कार्यक्रम।<br>• च्याउ प्रवर्द्धन कार्यक्रम<br>• प्रत्येक पालिकामा पुष्प तथा सजावट विरुवा सम्बन्धी नर्सरी स्थापना |

| | | | | |
|---|---|---|---|---|
| | | वस्तु जनचेतनाबाट लाभान्वित समुह तथा संख्या ३० पुगेको।<br>• सूचकमा आधारित अनुगमन भएको संस्था १३ पुगेको। | संख्या ६० पुगेको।<br>• सूचकमा आधारित अनुगमन भएको संस्था ४० पुगेको। | • भूकुम्प प्रभावित कृषकहरुको लागि आयआर्जन कार्यक्रम। |
| ३१२०२०१३ | पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | • १२ वटा पशुपन्छी श्रोतकेन्द्र स्थापना भएको<br>• माछा उत्पादन (वार्षिक) २९५ मेट्रिक टन पुगेको।<br>• अण्डा उत्पादन (वार्षिक) ७८००० गोटा पुगेको। | • १७ वटा पशुपन्छी श्रोतकेन्द्र स्थापना भएको हुने।<br>• माछा उत्पादन (वार्षिक) ३३० मेट्रिक टन पुगेको ।<br>• अण्डा उत्पादन (वार्षिक) ८०९५० गोटा पुगेको । | • मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम<br>• एक पालिका एक पशुपन्छी तथा मत्स्य प्राविधिक सेवा निरन्तरता<br>• रेविज, पशुपन्छी दिवस लगायत अन्य दिवसहरु सञ्चालन<br>• पशुपन्छीजन्य उपजको मासिक मूल्य संकलन तथा रिपोर्टिङ्ग<br>• गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम। |
| ३१२९११२४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (संघ सशर्त अनुदान ) | • किसान तथा सम्बन्धित उत्पादक सहकारी संस्थाहरुको क्षमता विकास भएको।<br>• आयोजनाका सम्भावित लाभग्राहीहरुको लागि | • हिउदे फलफुल प्रति हेक्टर ८.५ मेट्रिक टन उत्पादन भएको हुने।<br>• सुन्तला जातका फलफुल प्रतिहेक्टर ११ मेट्रिक टन उत्पादन भएको हुने।<br>• फलफुल उत्पादन (सुन्तला, आँप, केरा, स्याउ र अन्य) को वार्षिक जम्मा | • स्थानीय तहमा क्षमता विकासका लागि मागमा आधारित कृषक तालिम<br>• लिड फार्मरहरुलाई लक्षित बालिहरुको POP सम्बन्धी तालिम<br>• PIU का कार्यकक्ष सुधार<br>• लिड फार्मरहरुलाई बगैचा व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | | आयोजनाका स्किमहरु सम्बन्धी अभिमुखीकरण भएको।<br>• आयोजना सम्बन्धी सूचना प्रवाह भएको। | उत्पादन १३५८३७ भएको हुने। | सामाग्री सहयोग।<br>• कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरुलाई अनुदान। |
| ३१२००९०८ | सहकारी विकास कार्यक्रम | • विभिन्न विषयगत सहकारी संघ, संस्थाका सञ्चालक, व्यवस्थापक, सदस्य एवं कर्मचारीहरुलाई व्यवस्थापन तथा नेतृत्व विकास तालिम प्रदान गरिएको।<br>• सहकारी सचेतना तालिम सञ्चालन गरिएको।<br>• स्थानीय तहका सहकारी हेर्ने कर्मचारीलाई विभिन्न क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिएको। | • सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आवद्ध सहकारी संघ, संस्थाको संख्या ७० पुगेको हुने।<br>• ब्याज अनुदान कार्यक्रमबाट लाभान्वित सहकारी सदस्य संख्या २००० पुगेको हुने।<br>• सूचकमा आधारित अनुगमन भएको संस्था ४० पुगेको हुने। | • सहकारी सचेतना तालिम सञ्चालन<br>• सहकारी संघ, संस्थालाई व्यवस्थापन तथा नेतृत्व विकास तालिम<br>• सहकारी संघ, संस्थालाई लेखा व्यवस्थापन तालिम<br>• संघ, संस्था एवं स्थानीय तहका कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण तालिम (TOT) |
| ३१२००९११ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | • प्रदेश भूमि व्यवस्था परिषद गठनको तयारी भएको,<br>• कर्णाली प्रदेशको भू-उपयोग प्रकाशन तथा | • कृषि कार्यमा प्रयोग भएको खेतीयोग्य भूमि ७५% पुगेको हुने,<br>• कृषियोग्य जमिनको चक्लाबन्दी ५० हेक्टर पुगेको हुने, | • प्रदेश भू-उपयोग परिषदको गठन<br>• प्रदेश भू-उपयोग नीतिको तर्जुमा<br>• प्रदेशभित्र रहेका मालपोत कार्यालयहरु तथा नापी कार्यालयहरुलाई प्रविधि सहयोग । |

| | | | | |
|---|---|---|---|---|
| | | वितरण | • .कृषियोग्य जग्गामध्य बाँझो जग्गा २०% का झरेको हुने,<br>• भूमिको प्रतिहेक्टर उत्पादकत्व रु.४८०४६० भएको हुने । | |
| ३१२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | • प्रदेश स्तरीय खाद्य सुरक्षा निर्देशक समितिको गठनको तयारी रहेको,<br>• खाद्य सुरक्षा तथा सम्प्रभुत्ताका सम्बन्धमा सरोकारवालासँग अन्तरकृया भएको। | • उच्च खाद्य असुरक्षामा रहेको परिवार ५% मा झार्ने,<br>• आपतकालिन खाद्यान्न भण्डारणको व्यवस्था भएका स्थानीय तहको संख्या १९ पुगेको हुने,<br>• पोषणयूक्त स्थानीय खाद्य वस्तु उत्पादन गर्ने किसान/समूह ६० पुगेको हुने,<br>• पोषणयूक्त स्थानीय खाद्यवस्तु जनचेतना कार्यक्रमबाट ६५% जनता लाभान्वित भएको हुने,<br>• खाद्य सम्प्रभुत्ता तथा खाद्य सुरक्षा कार्यक्रम समावेश गरी वार्षिक योजना बनाउने स्थानीय तह ६०% पुगेको हुने। | • प्रदेशस्तरीय खाद्य सुरक्षा निर्देशक समितिको गठन,<br>• प्रदेश खाद्य परिषदको गठन र सञ्चालन<br>• खाद्यसुरक्षाका सम्बन्धमा सरोकारवालासँग अन्तरकृया |
| ३१२९११२३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ( संघ सशर्त अनुदान ) | • ब्लक विकास कार्यक्रमहरको अनुगमन भएको,<br>• विभिन्न क्षमता विकास तथा | • १३५८३७ मेट्रिक टन फलफुल उत्पादन भएको हुने,<br>• प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३०१८७९ हेक्टर पुगेको हुने, | • ब्लक विकास कार्यक्रमको अनुगमन<br>• मार्सी धान बाली ब्यवसायिक ब्लक विकास कार्यक्रम,<br>• ड्रागन फलको व्यवसायिक ब्लक विकास |

| | | | | |
|---|---|---|---|---|
| | | प्रविधि सहायता कार्यक्रमहरु सञ्चालन भएको । | ३.२३९५८४ मेट्रिक टन तरकारी उत्पादन भएको हुने । | कार्यक्रम । |
| ३१२०२०११ | पशुपन्छी विकास निर्देशनालय | • गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रमहरु सञ्चालन भएको,<br>• विभिन्न सरोकारवालाहरुसँग अन्तरकृया तथा गोष्ठि सञ्चालन भएको,<br>• विभिन्न सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठ सञ्चालन भएको, | • मासु उत्पादन(वार्षिक )२६५०० मेट्रिक टन पुगेको हुने,<br>• दुध उत्पादन (वार्षिक) १३०५५८० मेट्रिक टन पुगेको हुने,<br>• अण्डा उत्पादन (वार्षिक) ८०९५० गोटा पुगेको हुने,<br>• माछा उत्पादन (वार्षिक ) ३३० मेट्रिक टन पुगेको हुने। | • जिल्लास्तरमा बाखापान तालिम सञ्चालन<br>• जिल्लास्तरमा कुखुरापालन तालिम सञ्चालन<br>• गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन<br>• स्थानीय तहका प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत/पशुपन्छी शाखा प्रमुखसँग समन्वय बैठक सञ्चालन । |
| ३१२००९१२ | उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम (R-HVAP) | • विभिन्न सीप विकास तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको,<br>• कृषि व्यवसाय प्रवर्द्धन समितिको गठन<br>• विषयगत क्षेत्रका सम्बन्धमा योजना तर्जुमा भएको । | • सुन्तला जातका फलफुल ११ मेट्रिक टन उत्पादन भएको हुने<br>• हिउदे फलफुल ८.५ मेट्रिक टन उत्पादन भएको हुने, | • बगैचा व्यवस्थापन कार्यक्रम<br>• सामूहिक अनुदान व्यवस्थापन कार्यक्रम । |
| ३१२०२९०१ | पशुपन्छी व्यवसाय | • विभिन्न प्राकृतिक विपतमा | • करिब १७ वटा पशुपन्छी श्रोतकेन्द्र | • बाखा प्रवर्द्धन कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | परेका कृषकलाई सहयोग गरिएको, विभिन्न बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको,<br>• कृषक तथा विपन्न आयआर्जन कार्यक्रम सञ्चालन गरिएको । | स्थापना भएको हुने,<br>• ३ वटा दुग्ध प्रशोधन केन्द्र स्थापना भएको हुने,<br>• करिब २६५०० मेट्रिक टन मासु उत्पादन(वार्षिक ) भएको हुने । | • प्रयोगशाला निदान सेवा<br>• प्राकृतिक विपदमा परेका कृषकलाई सहयोग कार्यक्रम ।<br>• उन्नत जातका घाँस बीउ/वेर्ना वितरण<br>• भूकुम्प प्रभावित कृषकहरुका लागि आय आर्जन कार्यक्रम । |
| ३१२०००१३ | भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | • सहकारी सम्बन्धमा ऐन तथा नियमावलीको तर्जुमा र कार्यान्वयनमा आएको,<br>• सहकारीको प्रशासनिक एवं अन्य व्यवस्थापकीय नियमन र प्रवर्द्धनका लागि आवश्यक कार्यविधि, मापदण्ड आदि तर्जुमा तयारी रहेको,<br>• सहकारी ऐन र नियमावलीले तोकेका विभिन्न संरचनाहरु गठन तथा सञ्चालनको तयारी रहेको । | • बैंक तथा वित्तीय संस्थाको संख्या ५८० पुगेको हुने<br>• करिब ७०% सहकारी कोपोमिसमा आवद्ध भएको हुने,<br>• व्याज अनुदानबाट लाभान्वित सहकारी सदस्य संख्या २००० पुगेको हुने । | • सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम सञ्चालन<br>• सहकारी लेखा व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन<br>• सहकारी मार्फत व्याज अनुदान कार्यक्रम सञ्चालन<br>• सहकारी संघ, संस्थाको तथ्याङ्क संकलन कार्यक्रम<br>• सहकारी ज्ञान र अनुभवको आदानप्रदान गर्न अन्तरप्रदेश भ्रमण कार्यक्रम । |
| ३१२०२९०२ | दुग्ध प्रवर्द्धन तथा | • विभिन्न व्यावसायिक दुग्ध | • ३ वटा दुग्ध प्रशोधन केन्द्र स्थापना | • व्यावसायिक दुग्ध प्रवर्द्धन कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | पशुपन्छी आहारा विकास कार्यक्रम | प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन भएको,<br>• विभिन्न सरोकारवालाबीच अन्तरकृया कार्यक्रम सञ्चालन भएको,<br>• अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन भएको । | भएको हुने,<br>• ३५ वटा डेरी तथा दुग्ध संकलन केन्द्र स्थापना भएको हुने<br>• वार्षिक प्रतिव्यक्ति ७५ लिटर दुध उपलब्धता भएको हुने । | • दुग्ध पकेट क्षेत्र पहिचान र प्रवर्द्धन कार्यक्रम<br>• दुग्ध कृषकहरुलाई उत्पादनमा अनुदान कार्यक्रम । |
| ३१२९११०२० | पशु सेवा विभाग (संघीय सशर्त) | • पशुपन्छी तथा मत्स्य विकासका सम्बन्धमा विभिन्न नीति योजना तथा कार्यक्रम तर्जुमामा सहयोग<br>• आपतकालीन पशुजन्य रोग निदानमा जनशक्ति, बजेट तथा प्रविधि सहयोग भएको,<br>• विभिन्न अभियान कार्यक्रममा सहायता भएको । | • अण्डा उत्पादन (वार्षिक) ८०९५० मेट्रिक टन पुगेको हुने,<br>• माछा उत्पादन (वार्षिक)३३० मेट्रिक टन पुगेको हुने<br>• दुध उपलब्धता (लिटर) ७५ मेट्रिक टन पुगेको हुने । | • पशुपन्छीका रोग नियन्त्रणका लागि खोप अभियान कार्यक्रम<br>• मेटेरेनरी परीक्षण कार्यक्रम<br>• खोरेत रोग नियन्त्रणका लागि जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन कार्यक्रम<br>• विभिन्न जनशक्ति सहायता कार्यक्रम |
| ३१२९११२१ | कृषि विभाग (संघ सशर्त अनुदान ) | • विभिन्न जनशक्ति, बजेट तथा प्रविधि सहायता कार्यक्रम उपलब्ध भएको , | • प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३०१८७९ हेक्टर पुगेको हुने<br>• .प्रमुख अन्नबालीको उत्पादन प्रतिहेक्टर | • DESES कार्यान्वयन<br>• जनशक्ति सहायता कार्यक्रम<br>• GPS प्रयोग सम्बन्धी प्राविधिक तालिम |

| | | | | |
|---|---|---|---|---|
| | | • विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सहकार्यमा सम्पन्न गरिएको,<br>• . विभिन्न नीति, योजना तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन प्राप्त भएको । | २.२ मेट्रिक टन पुगेको हुने । | सञ्चालन<br>• DESES तथा गुणस्तर नियमन सम्बन्धी तालिम । |
| ३१२०००१२ | एकीकृत कृषि प्रयोगशाला | • कृषि उत्पादनको परीक्षणसँग सम्बन्धित विभिन्न विकास तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन भएको २. क्षमता विकास तथा नीति योजना तर्जुमा भएको,<br>• कृषि उत्पादनको परीक्षण सम्बन्धमा विभिन्न नवीनतम प्रविधिलाई आन्तरिकीकरण गरिएको। | • नगदे बाली उत्पादन(तेलहन, आलु र उखु)को उत्पादन १९५९८३ मेट्रिक टन पुगेको हुने,<br>• प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३०१८७९ हेक्टर पुगेको हुने,<br>• तरकारी उत्पादन २३९५८४ मेट्रिक टन पुगेको हुने । | • विउ उत्पादक समूह तथा सहकारी एवं कम्पनीहरुलाई गुणस्तर सम्बन्धी स्थलगत तालिम<br>• बिउ विजन परीक्षणको लागि आवश्यक ग्लासवेयर, केमिकल तथा सामाग्री खरिद,<br>• रेफ्री नमुना परीक्षण कार्यक्रम<br>• क्रस चेक नमुना परीक्षण कार्यक्रम |
| ३१२००९०३ | ब्याज अनुदान कार्यक्रम | • व्याज अनुदान सम्बन्धमा कार्यविधि तर्जुमा भइ कार्यान्वयनमा आएको,<br>• समय सापेक्ष कार्यविधि परिमार्जन सम्बन्धमा | • प्रदेशमा प्रवाहित सहुलीयतपूर्ण कर्जा प्रवाह रु. ५ करोड पुगेको हुने<br>• ब्याज अनुदान कार्यक्रमबाट लाभान्वित सहकारी सदस्य संख्या २००० पुगेको हुने । | • ब्याज अनुदानग्राहीको प्रोफाइल तयारी र प्रकाशन,<br>• बैंक मार्फत व्याज अनुदान सहयोग कार्यक्रम<br>• सहकारीमार्फत ब्याज अनुदान सहयोग |

| | | | | |
|---|---|---|---|---|
| | | सरोकारवाला निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग अन्तरक्रिया गरिएको । | | कार्यक्रम<br>• ब्याज अनुदान कार्यक्रमको प्रभाव मूल्याङ्कन। |
| ३१२००९०४ | गरिव तथा विपन्न लक्षित विशेष कार्यक्रम | • सहकारी ऐन तथा नियमावली तर्जुमा भई कार्यान्वयनमा आएको,<br>• सहकारीका संघ, संस्थाका व्यवस्थापक, पदाधीकारी तथा सदस्यहरुको विषयक्षेत्रगत क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको,<br>• विभिन्न नियमन तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिएको । | • उच्च खाद्य असुरक्षामा रहेको परिवार ५% मा झरेको हुने,<br>• आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएका स्थानीय तहको संख्या १९ पुगेको हुने । | • गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन |
| ३१२००९०९ | प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | • प्राङ्गारिक कृषि तथा पशुपन्छी विकासका सम्बन्धमा ऐन तथा नियमावली तर्जुमा भइ कार्यान्वयन भएको,<br>• विभिन्न सरोकारवालाहरुसँग | • अन्न बालीको उत्पादन (धान, मकै,गहुँ, कोदो र फापर) ६९३७४८ मेट्रिक टन पुगेको हुने,<br>• मह उत्पादन ४८० मेट्रिक टन पुगेको हुने । | • प्राङ्गारिक घोषणा भएका पालिकामा प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रम<br>• गड्यौले मल उत्पादन सहयोग कार्यक्रम<br>• मूल्यवान लोगो निर्माण<br>• मूल्यवान लोगो प्राप्त गरेका बिक्रेताहरुलाई सहयोग कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | | समन्वय तथा सहकार्य भएको। | | |
| ३१२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | • कृषि व्यवसाय प्रवर्द्धनका सम्बन्धमा आवश्यक कानून तथा नीति तर्जुमा गर्ने तयारीमा रहेको,<br>• मौजुदा कानूनमा विद्यमान संरचनाहरु स्थापना गर्ने तयारीमा रहेको । | • करिब ९ वटा शीत भण्डार (१०० टन क्षमताभन्दा बढी) स्थापना भएको हुने,<br>• कृषि मजदुरको उत्पादकत्व रु. १७०३६५ पुगेको हुने । | • प्रादेशिक खाद्य सुरक्षा निर्देशक समितिको गठन<br>• खाद्य परिषदको गठन<br>• विभिन्न विषयगत समितिहरुको बैठक सञ्चालन |
| ३१२०१०१६ | कृषि विकास कार्यालयहरु | • विभिन्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको।<br>• प्रदेश सरकारले तर्जुमा गरेका नीति योजना तथा कार्यक्रम बमोजिम क्रियाकलापहरु कार्यान्वयन गरेको । | • प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३०१८७९ हेक्टर पुगेको हुने<br>• अन्न बालीको उत्पादन (धान, मकै,गहुँ, कोदो र फापर) ६९३७४८ मेट्रिक टन पुगेको हुने<br>• नगदे बाली उत्पादन (तेलहन, आलु र उखु) १९५९८३ मेट्रिक टन पुगेको हुने । | • ब्याज अनुदान कार्यक्रम<br>• विपन्न लक्षित विशेष कार्यक्रम सञ्चालन<br>• विभिन्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन |
| ३१२०१९०२ | साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम | • कृषि सिंचाइ तथा मर्मत सम्भारका सम्बन्धमा विभिन्न मापदण्ड तथा कार्यविधि तर्जुमा भई कार्यान्वयनमा रहेको । | • वर्षैभरी सिँचाइ उपलब्धता २६% पुगेको हुने । | • साना तथा मझौला सिंचाइ तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन। |

| | | | | |
|---|---|---|---|---|
| | | • पूर्वाधार निर्माणका सम्बन्धमा विभिन्न मन्त्रालयहरुसँग समन्वय र सहकार्य गरेको। | | |
| ३१२०१०१७ | वागवानी विकास केन्द्रहरु | • वागवानी विकास केन्द्र सञ्चालनका लागि भौतिक पूर्वाधार निर्माण भएको,<br>• विभिन्न रैथाने बालीका बिउ संकलन तथा खरिदका कार्यक्रम अगाडी बढाइएको। | • फलफुल उत्पादन (सुन्तला, आँप, केरा, स्याउ र अन्य) १३५८३७ मेट्रिक टन पुगेको हुने,<br>• मसला बाली उत्पादन (लसुन, प्याज, अदुवा, अलैची, बेसार आदि) ७०४५६ मेट्रिक टन पुगेको हुने,<br>• मह उत्पादन ४८० मेट्रिक टन पुगेको हुने। | • स्याउ तथा ओखरका बेर्ना उत्पादनका लागि बिउ संकलन तथा खरिद<br>• वागवानी विकास केन्द्र भित्र फलफुल रुटस्टक विरुवा उत्पादन कार्यक्रम |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | • कृषि क्षेत्रको विकासका लागि नीति, योजना तथा कानुन तर्जुमामा समन्वय र सहकार्य गरिएको,<br>• विभिन्न क्षमता विकासका तालिमहरु सञ्चालन गरीएको | • प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ३०१८७९ मेट्रिक टन पुगेको हुने<br>• अन्न बालीको उत्पादन (धान, मकै,गहुँ, कोदो र फापर) ६९३७४८ मेट्रिक टन पुगेको हुने<br>• नगदे बाली उत्पादन(तेलहन, आलु र उखु) १९५९८३ मेट्रिक टन पुगेको हुने। | • ब्याज अनुदान लाभग्राहीको प्रोफाइल तयारी र प्रकाशन<br>• गरिब तथा विपन्न लक्षित विशेष कार्यक्रम<br>• रैथाने बालीको बिउ वितरण कार्यक्रम<br>• जिल्लास्तर अगुवा कृषक तालिम |

## ३.२.७. परिमाणात्मक लक्ष्य

| क.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल | हे. | २९३९७६ | २८५९७६ | २९२०८९ | २९८१७४ | ३०१८७९ |
| २ | नगदे बाली उत्पादन(तेलहन, आलु र उखु) | मे.ट. | १८५६९९ | १८५९८९ | १८७३४६ | १९४९८४ | १९५९८३ |
| ३ | अन्न बालीको उत्पादन (धान, मकै,गहुँ, कोदो र फापर) | मे.ट. | ६४१९५६ | ६४६९५६ | ६६२४५५ | ६७४०५४ | ६९३७४८ |
| ४ | तरकारी उत्पादन | मे.ट. | १९६२७८ | १९७५३२ | १९९३८५ | २०६०९२ | २३९५८४ |
| ५ | दलहन उत्पादन (भटमास समेत) | मे.ट. | २५१९१ | २५२५६ | २५३४८ | २६४५१ | २७४७५ |
| ६ | फलफुल उत्पादन (सुन्तला, आँप,केरा,स्याउ र अन्य) | मे.ट. | १२४५९७ | १२५५४४ | १२६९८३ | १३०८२६ | १३५८३७ |
| ७ | मसला बाली उत्पादन (लसुन, प्याज, अदुवा, अलैची, बेसार आदि ) | मे.ट. | ६४८९७ | ६५२१३ | ६६३४८ | ६८१४१ | ७०४५६ |
| ८ | मह उत्पादन | मे.ट. | ३९२ | ३९५ | ४०० | ४१२ | ४८० |
| ९ | शीत भण्डार (१०० टन क्षमताभन्दा बढी) | संख्या | ६ | ६ | ६ | ६ | ९ |
| १० | वर्षैभरी सिँचाइ उपलब्धता | प्रतिशत | १९ | १९.५ | २० | २१ | २६ |
| ११ | कृषि मजदुरको उत्पादकत्व रु. | प्रतिव्यक्ति /वर्ष | १६१४०० | १६२००० | १६३२९८ | १६५५०० | १७०३६५ |
| १२ | खाद्य उपलब्धता (केजि) | प्रतिव्यक्ति /वर्ष | १८८ | १८८ | १८९ | १९० | १९७ |
| १३ | प्रमुख अन्नबाली | मे.ट./हे. | २.१३ | २.१४ | २.१४ | २.१५ | २.२ |
| १४ | प्रमुख दलहन बाली | मे.ट./हे | २.१८ | २.२ | २.२५ | २.३ | २.४५ |
| १५ | प्रमुख तरकारी बाली | मे.ट./हे | ११.५ | ११.५५ | ११.५५ | ११.७ | ११.९५ |
| १६ | हिउदे फलफुल | मे.ट./हे | ७.९१ | ७.९५ | ७.९९ | ८.१ | ८.५ |
| १७ | सुन्तला जातका फलफुल | मे.ट./हे | १०.५२ | १०.५५ | १०.६३ | १०.८ | ११ |
| १८ | दुध उत्पादन (वार्षिक) | मे.ट. | ११८७४२ | ११८७७६ | १२०००२० | १२०५००० | १३०५५८० |
| १९ | मासु उत्पादन(वार्षिक) | मे.ट. | २४७९२ | २४८१५ | २४९९० | २५५०० | २६५०० |
| २० | राँगा/भैंसी | मे.ट. | ११८८० | ११९०० | १२५०० | १८५०० | १९६५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | खसी/बोका/भेडा | मे.ट. | १४६०३ | १४७९९ | १४९८० | १५६०० | १६८४० |
| २२ | सुँगुर/बंगुर | मे.ट. | २८९२ | २८९२ | २५०७८ | २९३०० | ३६०८० |
| २३ | कुखुरा/हाँस | मे.ट. | ४२३० | ४४५० | ३५६८९ | ४३२०० | ५१८७० |
| २४ | अण्डा उत्पादन (वार्षिक ) | गोटा | ७७७३१ | ७८००० | ७८६५० | ७९००० | ८०९५० |
| २५ | माछा उत्पादन (वार्षिक) | मे.ट. | २९१ | २९५ | २९९ | ३०२ | ३३० |
| २६ | दुध उपलब्धता (लिटर) | प्रतिव्यक्ति /वर्ष | ६९ | ७० | ७० | ७१ | ७५ |
| २७ | मासु उपलब्धता (केजि) | प्रतिव्यक्ति /वर्ष | १४ | १४ | १४ | १५ | १८ |
| २८ | अण्डा उपलब्धता (गोटा) | प्रतिव्यक्ति /वर्ष | १८ | १८ | १८ | १९ | २१ |
| २९ | पशुपन्छी श्रोतकेन्द्र स्थापना | संख्या | १२ | १२ | १३ | १५ | १७ |
| ३० | दुग्ध प्रशोधन केन्द्र | संख्या | १ | १ | १ | २ | ३ |
| ३१ | डेरी तथा दुग्ध संकलन केन्द्र | संख्या | १२ | १३ | १६ | २५ | ३५ |
| ३२ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७ | ६.७५ | ६.५ | ६ | ५ |
| ३३ | आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएका स्थानीय तह | प्रतिशत | ० | ० | १० | १३ | १९ |
| ३४ | पोषणयूक्त स्थानीय खाद्य वस्तु उत्पादन गर्ने किसान/समूह | किसान समूह | ० | ० | ३५ | ५० | ६० |
| ३५ | पोषणयूक्त स्थानीय खाद्यवस्तु जनचेतना कार्यक्रमबाट लाभान्वित | संख्या | ० | ० | ४० | ५० | ६५ |
| ३६ | खाद्य सम्प्रभुत्ता तथा खाद्य सुरक्षा कार्यक्रम समावेश गरी वार्षिक योजना बनाउने स्थानीय तह | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ६० |
| ३७ | कृषि कार्यमा प्रयोग भएको खेतीयोग्य भूमि | प्रतिशत | ६९.७१ | ७० | ७० | ७२ | ७५ |
| ३८ | कृषियोग्य जमिनको चक्लाबन्दी | हे. | १० | २० | २८ | ४० | ५० |
| ३९ | कृषियोग्य जग्गामध्य बाँझो जग्गा | प्रतिशत | ३०.१ | ३० | ३० | २८ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४० | भूमिको प्रतिहेक्टर उत्पादकत्व | रु. | ४६८३३६ | ४६९००० | ४७०७४० | ४७५००० | ४८०४६० |
| ४१ | महिला वा महिला र पुरुषको संयूक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा | प्रतिशत | १२.६ | १२.८ | १२.९ | १३.५ | १६ |
| ४२ | प्रदेशमा बैंक तथा वित्तीय क्षेत्रको कुल कर्जा लगानी | रु. अर्ब | ६० | ६१ | ६५ | ७५ | ८५ |
| ४३ | सूचकमा आधारित अनुगमन भएको संस्था | प्रतिशत | १२ | १३ | १८ | २५ | ४० |
| ४४ | सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आवद्ध सहकारी संस्था | प्रतिशत | ४५ | ४५ | ५० | ६० | ७० |
| ४५ | प्रदेशमा प्रवाहित सहुलीयतपूर्ण कर्जा | रु.करोड | १.५ | १.६ | २ | ३ | ५ |
| ४६ | ब्याज अनुदान कार्यक्रमबाट लाभान्वित सहकारी सदस्य | संख्या | ९६० | १००० | ११०० | १५०० | २००० |
| ४७ | बैंक तथा वित्तीय संस्थाको शाखा | संख्या | ५०० | ५६५ | ५३० | ५५० | ५८० |
| ४८ | बैंक/वित्तीय संस्थाका प्रति शाखा ग्राहक | संख्या | ३३१७ | ३३२० | ३३२५ | ३००० | ४००० |

## ३.२.८ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | २५७११०० | १९२९४७१ | ६४१६२९ | ० | १९२५००० | ० | ६४६१०० |
| २०८३/८४ | २६९९६५५ | २०२५९४५ | ६७३७१० | ० | २०२१२५० | ० | ६७८४०५ |
| २०८४/८५ | २८३४६३८ | २१२७२४२ | ७०७३९६ | ० | २१२२३१३ | ० | ७१२३२५ |

# ३.३ भौतिक पूर्वाधार तथा शहरी विकास

## ३.३.१ पृष्ठभूमि

नेपालको संविधान लागू हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, योजना तर्जुमा, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, प्रदेशभित्र उपयुक्त भवन प्रविधिको विकास, प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, प्रदेशको यातायात व्यवस्थापन सम्बन्धी नीति, कानून मापदण्ड योजनाको, तर्जुमा तथा कार्यान्वयन, प्रदेश भित्रको सवारी दर्ता, नविकरण, चालक अनुमति, सार्वजनिक यातायातको रुट अनुमति, वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री यातायात प्रणालीको प्रवर्द्धन यस मन्त्रालय अन्तर्गत रहेको छ। साथै संघ र प्रदेशको साझा अधिकारको सूची, संघ, प्रदेश र स्थानीयतहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेशसरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत-संभार लगायतका विषयको आवश्यक नीति, कानून, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी, सवारी दर्ता, नवीकरण, वाटो इजाजत, सवारी चालक अनुमति-पत्र तथा समग्र प्रदेशको यातायात व्यवस्थापन जस्ता कार्य यस मन्त्रालयको कार्यजिम्मेवारी तोकिएको छ। यिनै भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत-सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन्।

## ३.३.२ विद्यमान अवस्था

- प्रादेशिक सडक सन्जाल गुरुयोजना कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत। अब उक्त गुरुयोजनाका आधारमा क्रमशः वातावरणमैत्री र अपाङ्गतामैत्री सडक आयोजनाहरु कार्यान्वयन गरिने। प्रदेश सरकारको अनुरोधमा सङ्घीय सरकारकबाट कर्णाली प्रदेशको रणनीतिक महत्वको रूपमा रहेका कर्णाली र भेरी करिडोर सडक आयोजनामा यथेष्ट बजेट विनियोजन भई निर्माण कार्य सुरू भएको ।
- सडक सञ्जालमा नजोडिएका स्थानीय तहका केन्द्रलाई राष्ट्रिय तथा प्रादेशिक सडक सञ्जालसँग जोड्ने कार्य भइरहेको। सर्वयाम यातायात सञ्चालनकालागि सडकहरुलाई क्रमशः स्तरोन्नति

गर्नुका साथै सडक यातायातलाई सुरक्षित, भरपर्दो र दिगो बनाइ बाह्रै महिना सञ्चालन गर्न नियमित मर्मतसम्भार र स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको।

- सङ्घ र स्थानीय तहसँगको सहकार्यमा आधा घण्टाको हिँडाइ दूरीभित्र पहुँच सुविधा पुर्याउने गरी झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको चालू आवको हालसम्म १२ वटा झोलुङ्गे पुल र ७ सडक पुल निर्माण सम्पन्न भएका छन्। ४१ वटा झोलुङ्गे पुल तथा १२ झोलुङ्गे पुल चालू आ.व.मा खरिद सहमति भएको।
- भूकम्प प्रभावित जाजरकोट, रुकुमपश्चिम र सल्यान जिल्लाका क्षति भएका सार्वजनिक विद्यालय तथा हेल्थपोष्टहरूको पूनर्निर्माणका लागि चालू आ.व.मा क्रमश: २५ करोड, २२ करोड तथा ३ करोड गरी कूल ५० करोड विनियोजन भएकोमा यसका लागि कार्यविधि स्वीकृत गरी पूनर्निमाणको लागि ठेक्का आह्वान गरी पूनर्निर्माणको काम सुरु भइसकेको छ। जस अनुसार रुकुमपश्चिममा २७ वटा विद्यालय तथा ५ स्वास्थ्यचौकी गरी ३२ वटा, जाजरकोटमा ३१ वटा विद्यालय तथा ११ स्वास्थ्यचौकी गरी ४२ वटा र सल्यानमा ४ वटा विद्यालय तथा २ स्वास्थ्यचौकी गरी ६ वटा गरी जम्मा ६२ विद्यालय र १८ स्वास्थ्य चौकी गरी कूल ८० वटा संस्थाहरूको यसै आर्थिक वर्ष भित्र पूनर्निमाण सम्पन्न गर्ने लक्ष्य अनुरूप काम अघि बढिरहेको छ। हेल्भेटाससँगको समन्वयमा जाजरकोट र रुकुममा करिव ६०० जना मिस्त्रीहरुलाई ५० दिने तालिमको आयोजना गरी ५० वटा घर तालिमकै चरणमा निर्माण गरिने निर्णय भएकोमा हालसम्म ३०० जनालाई तालिम सम्पन्न र ३० मोडेल घर निर्माण सम्पन्न भएको। प्रशिक्षार्थीहरूलाई सीप परीक्षणमा समेत संलग्न गराइ उत्तीर्ण प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र समेत उपलब्ध गराइएको। यसका साथै मन्त्रालयको समन्वयमा भूकम्प प्रभावित क्षेत्रमा काम गर्ने इन्जिनियर लगायतका प्राविधिकहरूलाई पनि भूकम्प प्रतिराधी संरचना निर्माण सम्बन्धी तालिम प्रदान गरिएको छ।
- यस अविधमा विपन्न परिवारको लागि थप २९३ आवास एकाई निर्माण भएका।
- वीरेन्द्रनगर, सुर्खेतलाई स्वच्छ, सुन्दर र व्यवस्थित शहरको रूपमा विकास गर्न प्रदेश राजधानी विकास कार्यक्रम सञ्चालन भइरहेको। प्रदेश सरकारका मन्त्रालयहरुलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माणको लागि डिजाइन सम्पन्न भई अन्य आवश्यक डकुमेन्ट तयार भइरहेको छ। यसै आ.व.मा खरिद प्रकृया सुरू हुन्छ।
- सडक सुरक्षा कार्यक्रमका लागि वीरेन्द्रनगर लगायतका सहरी सडकहरुमा सडक मार्किङ्ग सडक सुरक्षा कार्यक्रम सन्चालन, सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षालाई व्यवस्थित गर्न

प्रदेश सरकारको लगानीमा वीरेन्द्रनगर र चौरजहारीमा ट्रायल सेन्टर निर्माण सम्पन्न गर्ने कार्य भइरहेको।

- विभिन्न जिल्लामा वाढीको कारण क्षती भएका सडकहरूको तत्काल मर्मत गरी यातायात सेवा सुचारु गर्ने कार्य गरिएको छ।
- प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०८१ कर्णाली प्रदेश सभाबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- एकदर्जन जति वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत गर्ने कार्य भएको छ ।

## ३.३.३ मुख्य सवाल तथा चुनौती

- दरबन्दी अनुसार प्रयाप्त प्राविधिक कर्मचारीको अभावको कारण Quality control गर्न समस्या।
- कार्यालयले आफ्नो कार्य संचालनको गति पक्रदैं गर्दा विश्वव्यापी महामारीको रुपमा COVID-19 (कोरोना) को प्रभाव र आर्थिक वर्षको अन्तसम्म नै लकडाउन तथा जिल्लामा निशेधाज्ञा कायम रहनु।
- भौगोलिक विकटताको कारण अनुगमन संयन्त्र प्रभावकारी हुन नसकेको।
- निर्माण कार्य सञ्चालन गर्न स्पष्ट कार्यविधिको अभाव (रास्ट्रीय निकुन्ज नीति तथा नियम लगायत)।
- प्रदेशको आफ्नै सार्वजनिक खरिद ऐन तथा नियमावली बन्न नसक्दा विकास निर्माण कार्यमा अन्यौलता हुनु।
- Construction Material Testing Lab को अभाव।
- निर्माणाधिन योजनाहरुमा पर्याप्त वजेटको बिनियोजन नहुदा योजना सम्पन्न गर्न धेरै बर्ष लाग्ने तथा निर्माण सम्पन्न भएका योजनाहरुलाई मर्मत संभारमा आवश्यक वजेट ब्यवस्था नहुँदा समय समयमा योजना संचालन गर्न समस्या आइ पर्ने ।
- सडक लगायतका निर्माण कार्यमा IEE/EIA सम्बन्धी समस्या।
- सशर्त तर्फका कार्यक्रममा दायित्व भन्दा ज्यादै न्यून वजेट विनियोजन हुनु।

## ३.३.४ उद्देश्य

- वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवं विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप बिस्तार गर्ने।
- सडक सञ्जालको सन्तुलित विकास तथा बिस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने।

- संघ र प्रदेशहरू, प्रदेश र प्रदेशहरू, प्रदेश र स्थानीयतहहरू बिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध बिस्तार गर्नु।
- सडक पूर्वाधारको उचित मर्मत–संभार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने।
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने।
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिकरूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने।
- शहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा बिस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।
- सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने गराउने।
- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने गराउने।
- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत-सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानूनी संरचनाको सुधार गर्ने।

## ३.३.५ रुपान्तरणकारी रणनीति

- प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्रहरू, स्थानीय तहका केन्द्रबाट वडा केन्द्रहरू र बस्तीहरूसम्म साविक सडक सञ्जालको स्तरोन्नति र नयाँ सडकको निर्माण तथा बिस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा बिस्तार गर्ने।
- आयोजनाको मर्मत–सम्भार, पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गरि दिगो सेवा उपलब्ध गर्ने। संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।

- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने। विद्यमान शहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माण गर्ने गरी एकीकृत बस्ती विकास गरी भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने।

### ३.३.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अवधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३३७०१९०१४ | राजधानी एकिकृत पूर्वाधार विकास कार्यक्रम | 1,3,4,7,8 | राजधानी शहरको एकिकृत विकास गर्ने र सड्क लगायतका अन्य पूर्वाधारहरु निर्माण गर्ने | - | ३८८००० | • -प्रदेश राजधानी क्षेत्र व्यवस्थित हुन्छ।<br>• एकिकृत प्रशासनिक भवन निर्माण हुन्छ।<br>• सेवा प्रवाहमा सुधार हुन्छ। |
| ३३७०१९०७४ | सडक मोटरेवल पुल | 3,7 | यातायात पहुँचलाई सहज बनाउने, छोटो दरीमा गन्तव्यमा पुग्ने | - | ६८९७०० | • सडक सर्वयाम सञ्चालनयोग्य हुने।<br>• १८ वटा सडक पुलको निर्माण सम्पन्न हुने। |
| ३३७०१९०३४ | सडक लगायत पूर्वाधारको नियमित/आकस्मिक मर्मत | 3,7 | सडक यात्रालाई सर्वासुलभ सहज बनाउने | - | ३९५०० | • नियमित तथा आकस्मित मर्मत सम्भार भई सवारी सञ्चालन हुने। |
| ३३७०१९०३४ | झोलुङ्गेपुल | 3,7 | यातायात पहुँचलाई सहज बनाउने, छोटो दरीमा गन्तव्यमा पुग्ने | - | २०३००० | • ३५ वटा झोलुङ्गे पुल प्रदेश सरकारबाट निर्माण भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३७०१९०८४ | सडक निर्माण | 3,7 | यातायात पहुँचलाई सहज बनाउने, छोटो दरीमा गन्तव्यमा पुग्ने | - | ३४००००० | • ५२ किलोमिटर कालपत्रे सडक निर्माण हुने । |
| ३३७०१९०४४ | सरकारी भवन आवाश मर्मत | 3,7 | सरकारी आवास तथा भवनको निर्माण तथा मर्मत गर्ने | - | ६५०००० | • सरकारी भवनको आवधिक मर्मत हुने।<br>• सरकारी भवन निर्माण हुने। |
| ३३७०१९०९४ | जनता आवाश/विपन्न/एकिकृत बस्ती विकास | 2,3,7 | गरिब बिपन्न हरुलाई सुरक्षित आवासको व्यवस्था गर्नु | - | २२२००० | - |
| ३३७००९०२४ | ग्रामिण सडक संजाल आयोजना | 2,7 | ग्रामिण स्तरमा सडक पहुच पुर्याउने | - | १४८९०० | - |
| ३३७००९०३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना | 2,3,7 | जिल्ल सदमुकाम वा नजिकको राजमार्ग देखि पालिकाकेन्द्र सम्म पक्की सडक जोड्ने | - | ७२९५८६ | - |
| ३३७९११२८४ | ग्रामिण सडक संजाल सुधार आयोजना-एएफ | २,३,७ | ग्रामिण सडक संजाल मार्फत पहुच बिस्तार गर्ने | - | १०७४८६३ | - |
| ३३७०१९०६४ | समपुरक आयोजना | २,३,७ | सहलागानिमा ठुला तथा प्रदेशका रणनीतिक र गौरबका आयोजनालाई कार्यान्वयन गर्ने | - | २४००००० | • प्रदेश र संघीय सरकारको सहकार्यमा सडक लगायतका पूर्वाधार निर्माण।<br>• १ वटा आयोजना सम्पन्न हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३७०१०११ | पूर्वाधार विकास निर्देशनालय | 7 | पूर्वाधार विकासमा समन्वयकारी भूमिका खेल्नु | - | ० | • सडक, सडक पुल, झो.पु, लगायतका पूर्वाधार निर्माण गर्नु |
| ३३७०१०१२ | पूर्वाधार विकास कार्यालयहरु | 7 | पूर्वाधार विकास निर्माण मा समन्वयकारी भूमिका निर्वाह गर्ने | - | ० | • पूर्वाधार विकास निर्माणका क्षेत्रमा उल्लेखिनिय |
| ३३७०२०१२ | यातायात सेवा कार्यालयहरु | 12 | यातायात क्षेत्रको कार्यहरु विस्तार गर्नु | - | ० | • सवारी चालक अनुमति पत्र वितरण गरेको<br>• सवारी साधन दर्ता तथा नविकरण गरेको |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | 12 | यातायात क्षेत्रको सेवा प्रवाह गर्नु | - | ० | • सवारी चालक अनुमति पत्र वितरण गरेको<br>• सवारी साधन नवीकरण तथा दर्ता गरेको<br>• सवारी साधान प्रदुषण तथा गुणस्तर मापन गरेको |
| ३३७०००११४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | 7 | निर्देशनालय, कार्यालय तथा सेवा कार्यालय हरुमा समन्वयकारी भूमिका निर्वाह गर्नु | - | ० | - |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३३७०१९०१४ | राजधानी एकिकृत पूर्वाधार विकास कार्यक्रम | • प्रशासनिक भवन निर्माण खरिद प्रकृयामा रहेको।<br>• नगरक्षेत्रमा सडक पूर्वाधारहरुको विकास भएको । | • नगर क्षेत्रको सबै सडक कालोपत्रे हुने।<br>• सवारी ट्रायल सेन्टर स्थापना हुने।<br>• एकिकृत प्रशासनिक भवन निर्माण हुने। | • एकीकृत प्रशासनिक निर्माणको शुरुवात |
| ३३७०१९०७४ | सडक मोटरेवल पुल | • १२ वटा सडक पुल निर्माण सम्पन्न भएको। | • ९० वटा सडक पुल निर्माण हुने। | - |
| ३३७०१९०३४ | सडक लगायत पूर्वाधारको नियमित/आकस्मिक मर्मत | • १०० कि.मि. सडकको नियमित मर्मत हुने। | - | - |
| ३३७०१९०३४ | झोलुङ्गेपुल | • ४० वटा झोलुङ्गे पुल निर्माण हुने। | - | - |
| ३३७०१९०८४ | सडक निर्माण | • ७५ किलोमिटर कालपत्रे सडक निर्माण भएको हुने। | - | - |
| ३३७०१९०४४ | सरकारी भवन आवाश मर्मत | - | - | - |
| ३३७०१९०९४ | जनता आवाश/विपन्न/एकिकृत बस्ती विकास | - | - | - |
| ३३७००९०२४ | ग्रामिण सडक संजाल आयोजना | - | - | - |
| ३३७००९०३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना | - | - | - |
| ३३७९११२८४ | ग्रामिण सडक संजाल सुधार | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| | आयोजना-ए एफ | | | |
| ३३७०१९०६४ | समपुरक आयोजना | • प्रदेश र संघीय सरकारको सहकार्यमा ११ वटा आयोजना कार्यान्वयनमा रहेको। | - | - |
| ३३७०१०११ | पूर्वाधार विकास निर्देशनालय | - | - | - |
| ३३७०१०१२ | पूर्वाधार विकास कार्यालयहरु | • सडक, झो.पु, सडक पुल, सरकारी भवन, तथा अन्य पूर्वाधार संरचना निर्माण गरेको | - | - |
| ३३७०२०१२ | यातायात सेवा कार्यालयहरु | - | - | - |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरु | - | - | - |
| ३३७०००११४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | - | - | - |

### ३.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | सडक यातायातले जोडिएको स्थानीय तह | संख्या | ७६ | ७६ | ७९ | ७९ | ७९ |
| २ | प्रदेशको कुल कालोपत्रे सडक (प्रदेश सरकारबाट निर्माण) | कि.मि | ५२ | ७५ | १२० | १४० | १५० |
| ३ | प्रदेशको कुल ग्राभेल सडक (प्रदेश सरकारबाट निर्माण) | कि.मि | ७० | १०० | १५० | १८० | १८० |
| ४ | सडक पुल निर्माण (प्रदेश सरकारबाट निर्माण) | संख्या | १२ | १८ | २५ | ३० | ३५ |
| ५ | झोलुङ्गे पुल (प्रदेश सरकारबाट निर्माण) | संख्या | ३५ | ४५ | ७५ | ८० | ८० |
| ६ | स्मार्ट सवारी चालक अनुमतिपत्र वितरण | संख्या | ३५४८ | ४००० | ६००० | ८००० | १०००० |
| ७ | सवारी करबाट संकलित राजश्व (वार्षिक) | लाख | २५०० | ३५०० | ४४०० | ५००० | ५५०० |
| ८ | एकिकृत प्रशासकीय भवन निर्माण | संख्या | ० | ० | ० | १ | ० |
| ९ | जनता आवास विपन्नको घर (प्रदेश सरकारबाट निर्माण | संख्या | ३०० | ५०० | ५०० | ५०० | ५०० |

### ३.३.८ त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

**(रु. हजारमा)**

| आर्थिक वर्ष | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | ११०१२१०७ | २८०६२४ | १०७३१४८३ | ० | ४३०४८०७ | ० | ६७०७३०० |
| २०८३/८४ | ११५६२७१२ | २९४६५५ | ११२६८०५७ | ० | ४५२००४७ | ० | ७०४२६६५ |
| २०८४/८५ | १२१४०८४८ | ३०९३८८ | ११८३१४६० | ० | ४७४६०५० | ० | ७३९४७९८ |

## ३.४ जलश्रोत तथा उर्जा विकास

### ३.४.१ पृष्ठभूमि

**(क) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा**

कर्णाली जलविद्युत उत्पादन लगायत जलस्रोतको बहु-उपयोगको अधिक सम्भावना भएको प्रदेश हो। जलस्रोत तथा ऊर्जा, प्रदेशको समृद्धिको प्रमुख आधार हो। विश्वभर वातावरण संरक्षणका लागि दिगो, उत्थानशील तथा वातावरणमैत्री हरित ऊर्जाको उत्पादन र उपयोग, पहिलो प्राथमिकतामा रहेको सन्दर्भमा क्षमता अनुसारको जलविद्युत उत्पादन तथा जलस्रोतको उपयोग गरी कृषि, उद्योग, पर्यटन र यातायात लगायतका प्रमुख आर्थिक क्षेत्रको विकास गर्नुका साथै विद्युत निर्यातबाट आर्थिक वृद्धि हासिल गरी प्रदेशवासीको जीवनस्तर उकास्न महत्त्वपूर्ण योगदान पुर्‍याउन सकिने सम्भावना रहेको छ।

जलविद्युत उत्पादन, वितरण तथा उपयोगमा निजी क्षेत्र तथा विकास साझेदारको भूमिका महत्त्वपूर्ण रहेको छ। यस प्रदेशमा जलस्रोत तथा जलविद्युत र स्वच्छ ऊर्जा उत्पादन, उपयोग र निर्यातमा संघ तथा प्रदेश सरकारले प्राथमिकता दिँदै आएका छन्। यसैअनुरुप प्रदेश सरकारले पहिलो पञ्चवर्षीय योजना मार्फत **"कर्णालीको पानी जनताको लगानी"** लगायत यस क्षेत्रमा जनचाहना अनुसारको कार्यक्रम संचालनको प्रयास अगाडी बढाएको थियो। प्रदेशको शत प्रतिशत घरधुरीमा विद्युत सेवाको पहुँच पुर्‍याउन र अन्य क्षेत्रमा बढ्दै गएको यसको मागलाई सम्बोधन गर्न तथा विद्युतमा आत्मनिर्भर भई निर्यात गर्न प्रदेशको जलविद्युत उत्पादनमा लगानी बढाउन आवश्यक छ ।

प्रदेशभित्रको जलविद्युत उत्पादन न्यून रहेको र राष्ट्रिय प्रसारण लाइन उपलब्ध नभएका स्थानमा वैकल्पिक र नविकरणीय ऊर्जा मार्फत कर्णाली उज्यालो कार्यक्रम सफल पार्न सकिने आधार रहेको छ। यसबाट नै हाल छरिएर रहेका गाउँ-बस्तीलाई उज्यालो बनाउन सफल हुनुका साथै नागरिकको ऊर्जाको आवश्यकता सुलभ रुपमा र सुपथ मुल्यमा प्राप्त गर्न धेरै मात्रामा सफलता समेत मिलेको छ। वैकल्पिक तथा नविकरणीय ऊर्जा, तुलनात्मक रुपमा कम लगानीमा स्थानीयस्तरमै तत्काल उपलब्ध हुन् सक्ने ऊर्जा भएकोले ग्रामीण विद्युतीकरणका लागि यसको ठुलो महत्त्व रहेको छ। वैकल्पिक ऊर्जा अन्तर्गत सौर्य ऊर्जा नै प्रदेशमा हाल उपयोग भएका ऊर्जाको स्रोतमा प्रमुख भएतापनि लघु जलविद्युत, वायु ऊर्जा, जैविक ऊर्जा तथा हाल विश्वमा विकसित हुँदै गएको हाइड्रोजन ऊर्जाबाट समेत धेरै फाइदा लिन सकिने सम्भावना रहेको छ।

**(ख) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन**

सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन प्रदेश विकास तथा समृद्धिका लागि प्रमुख क्षेत्रका रुपमा रहेको छ। प्रदेशमा उपलब्ध उर्वर खेतीयोग्य जमिनमा वर्षैभरी पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराई उच्चमूल्य अन्नबाली, तरकारी तथा अन्यबालीको उत्पादन र उत्पादकत्व बढाई

खाद्यन्नमा आत्मनिर्भर, खाद्य सुरक्षा तथा पोषणमा अभिवृद्धि र निकासी प्रबर्द्धन गर्न सक्ने संभावना रहेको छ। यसैगरी जलस्रोतको उचित व्यवस्थापन तथा सिंचाइ विद्युत, पर्यटन, कृषि, उद्योग तथा खानेपानी लगायतका क्षेत्रमा बहुउपयोग गर्न सक्ने संभावना रहेको छ। नदीनालाहरुमा तटबन्धको व्यवस्था गरी जलउत्पन्न प्रकोपको नियन्त्रण, खेतीयोग्य भूमिको संरक्षण र बगरखेतीका लागि उल्लेख्य मात्रामा जमिन उपलब्ध हुन सक्ने संभावना पनि रहेको छ। साथै नदीनाला लगायत संभाव्य स्थानमा उच्च बाँध निर्माण गरी बहुउद्देश्यीय सिल्टेसन जलाशय निर्माण गरी विद्युत् उत्पादन, सिंचाइ, जलक्रिडा तथा सेडिमेन्टसन समेतमा उपयोग गर्न सकिने पनि संभावना रहेको छ।

प्रदेशभित्र उपलब्ध खेतीयोग्य जमिनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टार र अन्य स्थानहरुका लागि वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन संरचना जस्ता वैकल्पिक उपाय तथा जलाशयसहितका ठूला बहुउपयोगी जलस्रोत विकास आयोजना निर्माण र बाढी पहिरो लगायत विभिन्न कारणले सञ्चालनमा नरहेका सिंचाइ आयोजनालाई आवश्यक मर्मतसम्भारको उचित प्रबन्ध गरी पुनःसञ्चालनमा ल्याउन सकिने संभावना रहेको छ।

**(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता**

नेपालको संविधानको धारा ३५ (४) ले स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा प्रत्येक नागरिक पहुँच हुने व्यवस्थालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा परिपूर्तिका लागि प्रदेशमा स्वच्छ खानेपानीका स्रोत, अनुकुल धरातलीय बनौट, बसोबास र जनचेतना, संस्थागत आधार, पूर्वाधार तथा प्रविधिको विकास र विस्तार लगायतका संभावना तथा अवसर उपलब्ध रहेका छन्।

नेपाल सरकारले खानेपानी तथा सरसफाइसम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न नीति, कानुन र मापदण्ड अनुरुप खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वद्धनका कार्यक्रम उच्च प्राथमिकताका साथ सञ्चालन गरीरहेको छ। यसैअनुरुप प्रदेश सरकारले पनि खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य समेत राष्ट्रिय लक्ष्य तथा प्रदेशको हासिल गर्ने गरी विभिन्न नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरी यससम्बन्धी कार्यक्रम तथा आयोजना सञ्चालन गरीरहेको छ।

## ३.४.२ विद्यमान अवस्था

**(क) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा**

यस प्रदेशमा जलविद्युत उत्पादन क्षमता कुल १८ हजार मेगावाट रहेको प्रारम्भिक अनुमान सम्भाव्यता अध्ययनले देखाएको छ। यो राष्ट्रिय जलविद्युत उत्पादन क्षमताको महत्त्वपूर्ण हिस्सा हो।यसैले जलविद्युत उत्पादनलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ। प्रचुर सम्भावनाका

बाबजुद प्रदेशमा आ. व. २०७६/०७७ सम्म ८ मेगावाट जलविद्युत उत्पादन भएकोमा आ. व. २०८०/०८१ सम्म १६ मेगावाट मात्र उत्पादन भएको अवस्था छ। जलविद्युत उत्पादनको क्षेत्रमा लगानीको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्र र विकास साझेदारको विशेष अभिरुची रहेको छ भने आम-नागरिक समेत जलविद्युत आयोजनामा लगानी गर्न धेरै उत्सुक रहेका छन्। यसैगरी उत्पादित विद्युत खपतका लागि प्रशस्त आन्तरिक र बाह्य बजार विस्तार हुँदै गएको छ।

राष्ट्रिय जनगणना,२०७८ अनुसार बत्ती बल्न बिजुली प्रयोग गर्ने घरपरिवार ४९.६ प्रतिशत रहेको छ भने सोलार वा सौर्य ऊर्जा प्रयोग गर्ने घरपरिवार ४७.९ प्रतिशत रहेको छ।

### (ख) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

यस प्रदेशमा परम्परागत सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित सिँचाइ, भूमिगत सिँचाइ तथा वर्षातको पानी संङ्कलन जस्ता वैकल्पिक माध्यमबाट सिँचित क्षेत्रको विस्तार गर्ने प्रयास हुँदै आएको छ। नेपाल राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार यस प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल २१३,५४४ हेक्टर रहेकोमा खेती गरिएको क्षेत्रफल १३०,७३१ हेक्टर रहेको छ। खेती गरिएको क्षेत्रफल मध्ये ३५,२९७ हेक्टर क्षेत्रफल (२६.९९ प्रतिशत) मा वर्षैंभरी र ५,२३० हेक्टर क्षेत्रफल (४.० प्रतिशत) मा मौसमी गरी कुल ४०,५२७ हेक्टर क्षेत्रफल (३१.११ प्रतिशत) मा सिँचाइ सुविधा उपलब्ध रहेको छ। हिमाली, उच्च पहाडी तथा न्यून मात्रामा भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिँचाइ प्रणालीबाट जम्मा ३०,३९६ हेक्टर जमिनमा मात्र सिँचाइ सेवा उपलब्ध हुन सक्ने देखिन्छ भने थप ६९,५९७ हेक्टर जमिनमा लिफ्ट प्रणाली एवम् नवीनतम् यान्त्रिक प्रणालीबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने अनुमान गरिएको छ। प्रदेशको खेतीयोग्य जमिनमध्ये हालसम्म २६.९९ प्रतिशतमा मात्र वर्षैंभरी सिँचाइ सुविधा उपलब्ध रहेको छ।

### (ग) खानेपानी, सरसफाइ तथा स्वच्छता

यस प्रदेशमा आधारभूतस्तरको खानेपानी सुविधा ८८ प्रतिशत र उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा करिब ४ प्रतिशत जनसङ्ख्यामा उपलब्ध रहेको छ। यसैगरी प्रदेशभित्रका सबै जिल्ला तथा स्थानीय तह खुला दिसामुक्त क्षेत्र घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरीरहेका छन्। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको तथ्याङ्कअनुसार प्रथम पञ्चवर्षीय योजना अवधिमा यस प्रदेशका थप २,१०,५२३ जनसङ्ख्या खानेपानी सेवाबाट लाभान्वित भएका छन्। यस प्रदेशमा नेपालको जनगणना,२०७८ को तथ्याङ्कअनुसार जम्मा ३६६,०३७ घरपरिवार रहेकोमा १३०,४६५ घरधुरीले निजी धारा (परिसरभित्र), १६२,६१९ घरधुरीले सार्वजनिक धारा (परिसरबाहिर), १,६३५ घरधुरीले ट्युबवेल/ह्यान्डपम्प, ७,५७३ घरधुरीले राम्रोसँग ढाकिएको/कुवा, ९,२१० घरधुरीले खुला/कुवा, ४८,६९९ घरधुरीले मुलधारो, ४,२७६ घरधुरीले नदी/ खोला, ४८० घरधुरीले जार/बोतल र १,०८० घरधुरीले अन्य

स्रोतबाट खानेपानी सेवा उपभोग गरीरहेको देखिन्छ। उन्नत तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन तहगत सरकार, विकास साझेदार, समुदाय तथा निजी क्षेत्र समेतको सहभागितामा आयोजनाको विकास, विस्तार र स्तर वृद्धि तथा सम्बन्धित निकाय तथा उपभोक्ता समिति, सेवा प्रदायकको समेत क्षमता वृद्धि गरी दिगो सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक छ।

## ३.४.३ मुख्य सवाल तथा चुनौती

### (क) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

**(अ) जलस्रोतको एकीकृत तथा योजनावद्ध विकास, बहु-उपयोग र संरक्षण :**

नदि वेशिन तथा एकीकृत जलस्रोत व्यवस्थापन प्रणालीमा आधारित एकीकृत जलस्रोत विकास रणनीति उपलब्ध नहुनु, नदि वेशिन तथा एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा, अध्ययन एवं अनुसन्धान, नवप्रवर्तन र प्रविधि एवं अभ्यासमा आधारित जलस्रोतको एकीकृत वव्यस्थापन नहुनु, जलाशय, विद्युत, सिंचाइ तथा खानेपानी सम्बन्धी बहु-उपयोगी आयोजनाको विकास, विस्तार र संचालनमा प्राथमिकताका साथ लगानी र कार्यान्वयनको व्यवस्था नहुनु, प्राज्ञिक तथा अनुसन्धान संस्थासँगको सहकार्यमा अनुसन्धान तथा विकासबाट जलस्रोतको क्षेत्रमा विकास भएका नवीन प्रविधि तथा अभ्यासको प्रयोग गरी संरचना निर्माण, विकास तथा संचालन नहुनु यस क्षेत्रका प्रमुख सवालहरु हुन्। अध्ययन एवं अनुसन्धान, नवप्रवर्तन, प्रविधि एवं अभ्यास, नदि वेशिन तथा एकीकृत जलस्रोत व्यवस्थापन प्रणालीमा आधारित जलस्रोतको एकीकृत विकास तथा व्यवस्थापन गर्नु चुनौतीका रुपमा रहेका छन्।

**(आ) विद्युत आयोजनाको शीघ्र विकास, संचालन र उत्पादनः**

जलस्रोत तथा जलविद्युत विकास, संचालन तथा उपयोग सम्बन्धी अध्ययन तथा अनुसन्धान, नीति, नियम तथा प्रदेश संरचनाको व्यवस्था र दक्ष प्राविधिकको कमी हुनु, प्रदेशस्तरीय जलविद्युत आयोजना निर्माणका लागि स्थानीय नागरिकलाई शेयर लगानी गर्ने अग्राधिकार सहितको नीतिगत तथा कानुनी व्यवस्था हुन नसक्नु र विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेका जलस्रोत तथा जलविद्युत विकास आयोजनाको निर्माण प्रारम्म्भ हुन नसक्नु यस सम्बन्धी प्रमुख सवालका रुपमा रहेका छन्। जलविद्युतसमेत जलस्रोतमा आधारित आयोजना विकास र संचालन सम्बन्धमा सक्षम तथा सहज वातावरण निर्माण गर्नु, प्रदेशस्तरीय जलविद्युत आयोजना निर्माणका लागि स्थानीय नागरिकलाई शेयर लगानी गर्ने अग्राधिकार उपलब्ध गराउनु र वर्षैभरी समान रुपमा विद्युत उत्पादनका लागि जलप्रवाहमा आधारित आयोजनाभन्दा जलाशययुक्त तथा पम्प स्टोरेज सिद्धान्तमा आधारित जलविद्युत आयोजनालाई प्राथमिकताका साथ विकास र निर्माण गर्नु यसका प्रमुख चुनौतीहरु हुन्।

**(ङ) जलविद्युत उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवाक्षेत्रको विकास र विस्तारः**

प्रदेशमा जलविद्युत आपूर्ति भरपर्दो नहुनु र आवश्यकता अनुसार आन्तरिक विद्युतको माग पूरा हुन नसक्नु, विद्युत प्रसारण तथा वितरण लाइन निर्माणका आयोजनाहरु समयमा पूरा हुन नसक्नु यस क्षेत्रका प्रमुख सवालहरु हुन्। जलविद्युतको उच्च माग पूरा गर्न आवश्यक जलविद्युत आयोजनाहरुको निर्माण प्रारम्भ गर्नु र यसका लागि आवश्यक लगानीको व्यवस्थापन गर्नु, जलविद्युत एवं प्रसारण लाइन आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गा र सडकको क्षेत्राधिकार प्राप्त गर्नु तथा आयोजना समयमै र तोकिएको लागतमा सम्पन्न गरी प्रदेशका सबै नागरिकलाई विद्युत सुबिधा उपलब्ध गराउनु र प्रदेश समृद्धिको आधार तयार गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन्।

**(घ) जलविद्युत प्रवर्द्धनः**

पहिचान भएका जलस्रोत तथा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन र आयोजना विकास नहुनु, सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार भएका ठुला, मझौला र साना विद्युत आयोजना समेत संचालन हुन नसक्नु, जलविद्युत आयोजना संचालन तथा वितरणको लागि सडक तथा विद्युत लाइन लगायतका पूर्वाधारको विकास र विस्तारमा ढिलाइ हुनु, सबै घरपरिवारमा विद्युत सुबिधा उपलब्ध नहुनु आदि यस क्षेत्रका प्रमुख सवालहरु हुन्। प्रदेशभित्रको विद्युत वितरण प्रणालीलाई आधुनिक प्रविधियुक्त बनाउन स्वचालित एवं स्मार्ट ग्रिडमा आधारित विद्युत वितरण प्रणालीको प्रयोग गर्नु, उत्पादित विद्युतलाई वितरण लाइनमा जोड्नु र राष्ट्रिय ग्रिडमा प्रवाह गराउन उपयुक्त क्षमताको आन्तरिक प्रसारण लाइन निर्माण, विस्तार र स्तरोन्नति गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

**(ई) वैकल्पिक तथा नविकरणीय ऊर्जाको विकास तथा उपयोगः**

लघु जलविद्युत, सोलार तथा वायु ऊर्जा, वायोग्याँस लगायतका वैकल्पिक तथा नविकरणीय ऊर्जामा प्रदेशको आवश्यकता पूरा हुने गरी सबै स्रोतहरुको उपयोग गर्न आर्थिक स्रोत तथा प्राविधिक क्षमताको कमी हुनु, वैकल्पिक ऊर्जा घरायसी अवश्यकता परिपुर्तिमा मात्र सीमित हुनु, वैकल्पिक ऊर्जालाई अन्य कार्यमा उपयोगमा ल्याउन नसक्नु यस क्षेत्रका प्रमुख सवालहरु हुन्। सौर्य ऊर्जा मात्र नभई वैकल्पिक तथा नविकरणीय ऊर्जाका अन्य स्रोतहरु जस्तै वायु ऊर्जा तथा जैविक ऊर्जाको समेत विकास गर्नु र यसलाई ग्रामीण भेगमा विद्यमान परम्परागत ऊर्जाको स्रोत दाउरालाई प्रतिस्थापन गर्ने गरी विकास गर्नु, वैकल्पिक तथा स्वच्छ ऊर्जामा ग्रामीण समुदायको पहुँच बढाउनु, वैकल्पिक ऊर्जा प्रणालीको दिगो संचालन र व्यवस्थापन गर्नु, वैकल्पिक ऊर्जा प्रविधिबाट ऊर्जा उत्पादन,

उपयोग र व्यवस्थापनका लागि तहगत सरकारबिच आपसी समन्वय, सहकारी र साझेदारी गर्नु मुख्य चुनौतिका रुपमा रहेका छन्।

**(ख) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन**

**(अ) सिंचाइ सुविधा विकास तथा विस्तारः**

सिचाई सुविधा उपलब्ध खेतीयोग्य जमिनमा मानव बस्ती विकास हुन थाल्नु, निर्माणसम्पन्न भएर सञ्चालनमा आएका आयोजना पनि नियमित मर्मतसम्भारको अभावमा जीर्ण हुँदै जानु, अपेक्षाकृत ठूला सिंचाइ आयोजनाहरु समयमै सम्पन्न हुन नसक्नु, सिंचाइ प्रणालीको व्यवस्थापनमा प्रभावकारिता नदेखिनु, वैकल्पिक सिंचाइका संभावनाको यथेष्ट उपभोग हुन नसक्नु तथा पानीको किफायती प्रयोग हुन नसक्नु प्रमुख सवालहरु हुन्। सञ्चालनमा आइसकेका सिंचाइ आयोजनाको नियमित मर्मतसम्भारको अभावमा जीर्ण हुँदै जानु, कठिन भू-धरातलका कारण सिंचाइ आयोजनाको लागत महँगो हुनु, निर्माण कार्य प्रारम्भ भएका सिंचाइ आयोजनाहरु तोकिएको समयमै सम्पन्न हुन नसक्नु, स्थानीय उपभोक्ताको ठूला तथा मझौला सिंचाइ प्रणालीको व्यवस्थापन गर्ने क्षमता न्यून हुनु, स्थानीय रुपमा उपलब्ध सिंचाइका स्रोतहरुको आधुनिक प्रविधिको प्रयोगद्वारा उच्चतम उपभोग हुन नसक्नु अन्य सवालहरु हुन्। सिंचाइ तथा जलस्रोत व्यवस्थापनमा तहगत समन्वय र साझेदारी सहित नवप्रवर्तन तथा नवीन प्रविधि एवं अभ्यासलाई आत्मसात गर्दै दिगो, उत्थानशील तथा वातावरणमैत्री सिंचाइ सुविधाको विकास, विस्तार तथा दिगो सञ्चालन गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

**(आ) जोखिम तथा क्षति नोक्सानी न्यूनीकरणः**

निर्माण सामग्रीको उपलब्धताको लागि नदीजन्य स्रोतमा निर्भरता बढ्दै जाँदा वर्षैपिच्छे नदी र खोला सुक्दै जानु र खोलाको सतह गहिरिदै जानु, सिंचाइका मुहानबाट प्राकृतिक रुपमा खेतसम्म पानी उपलब्ध गराउन समस्या देखिनु, सिंचाइ उपलब्ध कृषि क्षेत्रमा बस्ती विकास र विस्तार हुँदा आयोजनाको आर्थिक उपादेयतामा ह्रास आउनु, प्रदेशका ठूला नदीहरुमा तटबन्धको उचित व्यवस्थाका साथ जलस्रोतको बहुउपयोग हुन नसक्नु यससम्बन्धी प्रमुख सवालहरु हुन्। बाढी, पहिरो, डुवान तथा नदी कटानबाट वर्षैपिच्छे उलेख्य रुपमा खेतीयोग्य जमिन, बस्ती, भौतिक संरचना, सांस्कृतिक सम्पदा र मानवीय जोखिम तथा नोक्सानी न्यूनीकरण गर्नु र जलस्रोत, सिंचाइ तथा नदी नियन्त्रण सम्बन्धी संरचनालाई उत्थानशील तथा दिगो बनाउनु चुनौतीका रुपमा रहेका छन्।

**(इ) सिंचाइ प्रणालीको दिगो व्यवस्थापन एवं मर्मत-सम्भारः**

सञ्चालनमा आएका आयोजनालाई दिगो र भरपर्दो बनाउनु एवम् यसको व्यवस्थापनका लागि स्थानीय जल उपभोक्ता समितिहरुको परिचालन गर्नु, सिंचाइ सुविधा पुग्न बाँकी

कृषियोग्य भूमिमा सिंचाइ सुबिधाका लागि थप आयोजनाको निर्माण गर्नु, सिंचाइ प्रणालीको विकासमा भूमिगत, लिफ्ट, ड्याम लगायत आधुनिक प्रविधिको उपयोग गर्नु, सिंचाइ सुविधा पुगिसकेका कृषियोग्य जमिनको अतिक्रमणलाई रोक्नु, बृहत सिंचाइ आयोजनाका लागि आवश्यक ठूलो लगानीको व्यवस्था तथा नवीन प्रविधिको प्रयोग तथा प्रदेशमा उपलब्ध अपार जलस्रोतको बहु-उपयोग गर्नु यसका प्रमुख सवाल तथा चुनौती हुन्।

**(ई) जल उत्पन्न प्रकोप व्यवस्थापनः**

जोखिम संवेदनशीलता अध्ययन तथा नक्साङ्कन सहित जलउपयोग गुरुयोजना तर्जुमा नहुनु, जोखिम भूसंवेदनशील भू-उपयोग योजना अनुसार खेतीयोग्य जमिन, गाउँ/बस्ती, बजार, विद्युत्, खानेपानी र सडक लगायत विकासका पूर्वाधारका संरक्षण र दिगो सञ्चालन हुन नसक्नु यससम्बन्धी सवालहरु हुन्। जलस्रोत तथा सिंचाइ संरचना निर्माण आयोजनासँगै जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि बाँध तथा जैविक प्रविधिबाट संरक्षण र व्यवस्थापन गर्नु चुनौतीका रुपमा रहेको छ।

## (ग) खानेपानी, सरसफाइ तथा स्वच्छता

**(अ) खानेपानी सेवा तथा सुविधाको विकास र विस्तारः**

प्रदेशभित्रका शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानीसेवा र सबै घरपरिवारमा शौचालय तथा सरसफाइ सुविधा विस्तार हुन नसक्नु, खानेपानी सुविधाको पहुँच नपुगेका हिमाली र उच्च पहाडी भूभाग, खानेपानीको संरचना निर्माण तथा विस्तार गर्न प्राविधिक रुपमा कठिन हुने डाँडाकाँडाका गाउँ-बस्ती र उच्चजनघनत्व रहेका सहरबजार क्षेत्रमा खानेपानी सुविधा विस्तार गर्न कठिनाइ हुनु, खानेपानी आयोजना सञ्चालनमा समुदायको सक्रिय सहभागिता हुन नसक्नु, बर्षेनी आउने बाढी पहिरोका कारण खानेपानीका मुहानमा क्षति पुग्नु, खानेपानीको गुणस्तरमा अपेक्षाकृत सुधार हुन नसक्नु प्रमुख सवालका रुपमा रहेका छन्। यस्तै निर्माण सम्पन्न आयोजनाहरु पनि उचित मर्मतसम्भारको अभावमा जीर्ण बन्दै जानु पनि सवालको रुपमा रहेका छन्। तहगत सरकार, विकास साझेदार, समुदाय तथा निजी क्षेत्र समेतको सहभागिता र सम्बन्धित निकाय, उपभोक्ता समिति तथा सेवा प्रदायकको क्षमता विकास गरी उच्च गुणस्तरको खानेपानी सुविधा सबै प्रदेशवासीलाई उपलब्ध गराउनु चुनौती रहेको छ।

**(आ) सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास र विस्तारः**

प्रदेशभित्रका शतप्रतिशत घरपरिवारमा शौचालय तथा सरसफाइ सुविधा पहुँच उपलब्ध नहुनु, अव्यवस्थित बसोबास तथा जनचेतनाको कमी हुनु, सहरी तथा सहरउन्मुख क्षेत्रमा ढल निकास तथा फोहोरमैलाको उचित व्यवस्थापन हुन नसक्नु, सरसफाइ तथा स्वच्छता क्षेत्रका प्रमुख सवालहरु हुन्। खानेपानीको स्रोत, वितरण तथा आपूर्ति र उपयोग प्रणाली सुव्यवस्थित बनाउनु, खानेपानीको स्रोत तथा वितरण प्रणालीमा हुने प्रदूषण न्यूनीकरण गर्नु,

बढ्दो वातावरणीय प्रदूषण नियन्त्रण गर्नु, ठोस तथा तरल फोहोरमैलाको व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

**(इ) खानेपानीको मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवं जलाधारको संरक्षण र पानीको पुनर्भरणः**

सतही तथा भूमिगत जलस्रोतको पहिचान, संरक्षण, पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत उपयोग तथा पुनःउपयोगलाई प्रोत्साहन एवम् प्रबर्द्धन गर्न नसक्नु सवालको रुपमा रहेको छ। यसैगरी खानेपानी पूर्वाधार तथा संरचना निर्माण र सुविधा विस्तार गर्दा परम्परागत र पुरातात्विक महत्त्व बोकेका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी नदीनाला एवं अन्य जलाधारका स्रोतको संरक्षण गर्नु चुनौती रहेको छ।

**(ई) खानेपानी सेवा सुविधाको स्तरवृद्धि तथा नयाँ प्रविधिको उपयोगः**

आधारभूत खानेपानी नपुगेका गाउँ, बस्ती, बजार तथा स्थानलाई उच्च प्राथमिकतामा राखी सतह, भूमिगत, लिफ्ट प्रविधिमा आधारित खानेपानी आयोजना निर्माण तथा सुविधा विस्तार हुन नसक्नु, खानेपानी सुविधा उपलब्ध गाउँ-बस्ती, बजार तथा सहरी क्षेत्रमा समेत खानेपानीको गुणस्तर कमजोर हुनु, खानेपानी सुविधाका लागि पूर्वाधार तथा संरचना निर्माण तथा नयाँ प्रविधि विकास र विस्तार अपेक्षित रुपमा हुन नसक्नु, अन्तर सरकार तथा निकायगत गतिविधिमा यथोचित समन्वयको कमी हुनु, जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक असरका कारण खानेपानीका स्रोतहरु विस्थापित हुँदै र प्रदूषित बन्दै जानु, खानेपानी तथा सरसफाइ क्षेत्रमा उपलब्ध स्रोतसाधनको कमी पनि यस क्षेत्रका प्रमुख सवालका रुपमा रहेका छन्।खानेपानी सुविधा विकास, विस्तार र स्तरोन्नतिसम्बन्धी आयोजनाको उच्च मागलाई व्यवस्थापन गर्नु, मानवबस्तीभन्दा धेरै टाढा रहेका खानेपानीका मुहानबाट खानेपानी आपूर्ति गर्नु, सीमित जनशक्ति तथा स्रोतसाधनबाट ठूलो मागलाई धान्नु, जलवायु परिवर्तन अनुकुलन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

## ३.४.४ उद्देश्य

**(क) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा**

- जलस्रोतको बहु-उपयोगबाट कृषि, उद्योग र सेवाक्षेत्रको विकास गर्नु,
- जलविद्युतको उत्पादन, उपभोग र निर्यात बढाउनु,
- वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार तथा उपयोगमा वृद्धि गर्नु ।

**(ख) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन**

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराई वृद्धि गर्नु,

- सिंचाइ सुबिधाको विकास, विस्तार र संचालन नयाँ प्रविधिमा आधारित, जलवायुमैत्री र दिगो बनाउनु,
- जलउत्पन्न प्रकोप नियन्त्रण तथा असर न्यूनीकरण गर्नु ।

**(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता**

- आधारभूत तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,
- उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा सुविधाको विकास र विस्तार गर्नु,
- सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास तथा विस्तार गर्नु ।

## ३.४.५ रुपान्तरणकारी रणनीति

### (क) जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

**(अ) जलस्रोतको एकीकृत तथा योजनावद्ध विकास, बहु-उपयोग र संरक्षण गर्नेः**

नदि वेशिन एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा, अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन र प्रविधि एवं अभ्यासमा आधारित भई जलस्रोतको एकीकृत विकास तथा व्यवस्थापन गरिनेछ। यसका लागि जलविद्युत, जलाशय र सिंचाइ समेतलाई समेटेर नदि वेशिन जलस्रोत व्यवस्थापन प्रणालीमा आधारित एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा गरिनेछ। तहगत सरकारबिच समन्वय, सहकारी तथा साझेदारी गरी जलाशय, विद्युत, सिंचाइ तथा खानेपानी आयोजनाको विकास, विस्तार र संचालनमा प्राथमिकताका साथ लगानी र कार्यान्वयनको व्यवस्था गरिनेछ। जलविद्युत, स्वच्छ ऊर्जा र जलस्रोत सम्बन्धी आयोजना निर्माणमा निजी र वैदेशिक लगानी आकर्षित हुने गरी सहज वातावरण तयार गरिनेछ। प्राज्ञिक तथा अनुसन्धान संस्थासँगको सहकार्यमा अनुसन्धान तथा विकासबाट जलस्रोतको क्षेत्रमा विकास भएका नवीन प्रविधि तथा अभ्यासलाई संरचना निर्माण, विकास तथा संचालनमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

**(आ) विद्युत आयोजनाको शीघ्र विकास, संचालन र उत्पादन गर्नेः**

प्रदेशको अधिकार क्षेत्रभित्रको जलस्रोत, जलविद्युत तथा ऊर्जा सम्बन्धी आयोजनाको शीघ्र विकास, संचालन, समन्वय, सहयोग, सहजीकरण र नियमनका लागि प्रदेशस्तरमा उपयुक्त संरचना स्थापना गरिनेछ। छिट्टै निर्माण गर्न सकिने विद्युत आयोजनाको पहिचान गरी ती आयोजना निजी क्षेत्रसँगको साझेदारीमा निर्माण गरिनेछ। वातावरणीय अध्ययन एवं विस्तृत आयोजना प्रतिवेदन तयार भएका जलस्रोत तथा जलविद्युत आयोजनाहरुको तत्काल निर्माण प्रारम्भ गर्न आवश्यक पहल, समन्वय, साझेदारी र पैरवी गरिनेछ।

**(इ) जलविद्युत उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवाक्षेत्रको विकास र विस्तार गर्नेः**

जलविद्युत समेत जलस्रोतमा आधारित आयोजना विकास र सञ्चालन सम्बन्धमा सबल वातावरण निर्माण गर्न आवश्यक नीति, नियम तथा प्रदेश संरचना र दक्ष प्राविधिकको

व्यवस्था मिलाइनेछ। प्रदेशस्तरीय जलविद्युत आयोजना निर्माणका लागि स्थानीय नागरिकलाई शेयर लगानी गर्ने अग्राधिकार उपलब्ध गराउने नीतिगत तथा कानुनी व्यवस्थाका लागि समन्वय, पैरवी र पहल गरिनेछ। वर्षैंभरी समान रुपमा विद्युत उत्पादनका लागि जलप्रवाहमा आधारित आयोजनाभन्दा जलाशययुक्त तथा पम्पस्टोरेज सिद्धान्तका आधारमा जलविद्युत आयोजनाहरुलाई प्राथमिकताका साथ निर्माण गर्न प्राथमिकता दिइनेछ। जलविद्युत उत्पादन, वितरण तथा उपयोगको लागि अन्तर सरकार, निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी र समुदायसँग समन्वय, सहकार्य, साझेदारी र सहलगानी प्रवर्द्धन गरिनेछ।

**(ई) जलविद्युत प्रवर्द्धन गर्नेः**

विद्युत वितरण प्रणालीलाई आधुनिक प्रविधियुक्त बनाउन प्रदेशभित्रको विद्युत वितरण प्रणालीमा स्वचालित एवं स्मार्ट ग्रिडको क्रमशः प्रयोग गर्दै लगिनेछ। उत्पादित विद्युतलाई वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रिडमा प्रवाह गराउन उपयुक्त क्षमताको आन्तरिक प्रसारण लाइन निर्माण र विस्तारका साथै उपलब्ध लाइनको क्षमता स्तरोन्नति गरिनेछ।

**(उ) वैकल्पिक तथा नविकरणीय ऊर्जाको प्रवर्द्धन तथा उपयोग विस्तार गर्नेः**

वैकल्पिक ऊर्जा प्रविधि तथा अभ्यासको प्रवर्द्धन, दिगो विकास एवं विस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। लघु तथा साना उद्यम व्यवसायको विद्युत आवश्यकता परिपूर्तिका लागि वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। वैकल्पिक ऊर्जालाई अस्पताल, विद्यालय, होटेल व्यवसाय, पर्यटकीय स्थल आदिमा ऊर्जाको भरपर्दो तथा वैकल्पिक स्रोतका रुपमा विकास र उपभोग गरिनेछ। ग्रामीण भेगका वैकल्पिक ऊर्जा प्रणाली तथा आयोजनाको दिगो सञ्चालनका लागि स्थानीय समुदाय तथा सरकारसँग साझेदारी र सहलगानीका लागि कोष स्थापना गरी परिचालन गरिनेछ। स्थानीय तह तथा समुदायलाई वैकल्पिक ऊर्जाको विकासका लागि क्षमता अभिवृद्धि, प्रविधि हस्तान्तरण एवं स्रोत परिचालन गर्न सहयोग र सहजीकरण गरिनेछ। जैविक पदार्थ/फोहोरको उपयोग गरी उपयुक्त क्षमताका वायोग्यास प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ। वैकल्पिक ऊर्जालाई सहरी क्षेत्रमा पनि विस्तार गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। वैकल्पिक ऊर्जातर्फ सौर्य ऊर्जा लगायत वायु ऊर्जा, जैविक ऊर्जा सहित हाल विकसित हुँदै गरेको हाइड्रोजन ऊर्जाको विकासमा समेत आवश्यक पहल गरिनेछ।

**(ख) सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन**

**(अ) सिंचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्नेः**

सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी विद्यमान नीतिमा आवश्यक परिमार्जन गरी जनशक्ति तथा साङ्गठनिक क्षमता अभिवृद्धि गरिनेछ। प्रदेश सिंचाइ विकासको गुरुयोजना तयार गरी सोअनुसार संभाव्य सिंचाइ आयोजना प्राथमिकीकरणका आधारमा

निर्माण गर्दै लगिनेछ। स्थानीय तहबाट निर्माण संभव हुने सिंचाइ आयोजना निर्माणका लागि स्थानीय तहहरुसँग समन्वय तथा साझेदारी गरिनेछ। कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रुपमा एकीकृत बाली, सिंचाइ तथा नदी नियन्त्रण तथा आयोजनाको निर्माण, स्तरोन्नति र मर्मतसम्भारसँगै जल व्यवस्थापनमा जोड दिइनेछ।

**(आ) सिंचाइ विकास, विस्तार र उपयोगमा नयाँ प्रविधिको प्रयोग गर्नेः**

पानीको स्रोत न्यून हुने तथा वर्षैभरि सिंचाइ उपलब्ध हुन नसक्ने क्षेत्रमा सिंचाइ सुविधा पुऱ्याउन आकाशे पानी तथा हिमपानी सङ्कलन र भण्डारण गर्नुका साथैबाँध तथा पोखरी निर्माण, तालतलैया संरक्षण गरी थोपा, फोहोराजस्ता सिंचाइ प्रविधि समेत उपयोग गरिनेछ। नदी किनारमा रहेका समथर टार तथा ज्युलाहरुमा सोलार तथा इलेक्ट्रिक पावर जस्ता उपयुक्त प्रविधिको प्रयोग गरी लिफ्ट सिंचाइ प्रणालीको विकास गरिनेछ। सम्भाव्य पहाडी क्षेत्रमा समेत भूमिगत सिंचाइ प्रणालीको विकास गरी सिंचाइ सुविधामा विस्तार गरिनेछ। अन्तर जलाधार क्षेत्र पथान्तरण (डाइर्भसन्) आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजनाको विकास र सञ्चालन गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ। जलस्रोतको बहु-उपयोग हुने गरी बृहत सिंचाइ आयोजना निर्माणका लागि सङ्घीय सरकारसँग र साना तथा मझौला सिंचाइ आयोजनाका लागि स्थानीय तहसँग साझेदारी गरी विकास, विस्तार तथा दिगो सञ्चालन गरिनेछ।

**(इ) सिंचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्नेः**

सिंचाइ प्रणालीलाई टिकाई राख्न नियमित मर्मतसम्भार तथा दिगो व्यवस्थापन र उपभोग सुनिश्चित गर्न उपभोक्ताको सहभागिता बढाउने तथा क्षमता विकास गरिनेछ। परम्परागत स्थानीय, सामुदायिक सिंचाइ व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने कार्यक्रम विकास तथा सञ्चालन गरिनेछ। सम्पन्न भएका सिंचाइ आयोजना सञ्चालन तथा मर्मतसम्भारको लागि मर्मतसम्भार कोषको व्यवस्थापन गरिनेछ।

**(ई) जलउपयोगको आधारमा जलउत्पन्न प्रकोप व्यवस्थापन गर्नेः**

जोखिम संवेदनशीलता अध्ययन तथा नक्साङ्कन, जलउपयोग गुरुयोजना र जोखिम संवेदनशील भू-उपयोग योजना अनुसार खेतीयोग्य जमिन, गाउँ/बस्ती, बजार, विद्युत्, खानेपानी र सडक लगायत विकास पूर्वाधारको संरक्षण र दिगो सञ्चालनका लागि जलस्रोत, सिंचाइ तथा संरचना निर्माण आयोजनासँगै जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि बाँध तथा जैविक प्रविधिबाट संरक्षण र व्यवस्थापन गरिनेछ।

**(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता**

**(अ) खानेपानी सुविधाको विकास, विस्तार र पहुँच वृद्धि गर्नेः**

"एक घर एक धारा" नीतिलाई कार्यान्वयन गर्दै सबै गाउँ-सहर तथा बस्तीमा नेपाल सरकार र स्थानीय तहसँग सहकार्य गरी आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने

प्रबन्ध गरिनेछ। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको डिजिटल प्रणालीमा आधारित वासप्लान (WASH Plan) निर्माणमा सहजीकरण गरी सोअनुसार तहगत समन्वय, सहकार्य र साझेदारीमा खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम तथा आयोजना विकास, निर्माण, सञ्चालन र मर्मतसम्भारको व्यवस्था गरिनेछ। खानेपानी सेवा तथा सुविधा विस्तारका लागि नयाँ प्रविधि (वर्षातको पानी सङ्कलन, लिफ्टिङ्ग, पहाडी भूमिगत बोरिङ्ग) को उपयोग गर्दै मुहानको संरक्षण र सुरक्षित पानीको व्यवस्था गरिनेछ। सञ्चालित आयोजना सञ्चालनलाई दिगो र भरपर्दो बनाउन उचित मर्मतसम्भारको लागि उपभोक्ताको क्षमता विकास गरिनेछ। सबै खानेपानी प्रणालीलाई N-WASH MIS प्रणालीमा अभिलेखीकरण गरी गरी अनुगमन तथा मूल्याङ्कनलाई नियमित तथा व्यवस्थित गरिनेछ।

**(आ) खानेपानी सेवा तथा सुविधा विस्तार र गुणस्तर वृद्धिका लागि नयाँ प्रविधिको उपभोग गर्नेः**

आयोजना तर्जुमालाई निर्धारित मापदण्डमा आधारित बनाउने र लाभ–लागत विश्लेषण समेत संभाव्यता अध्ययन पश्चात आयोजना तर्जुमा गर्ने परिपाटीको विकास गरी सञ्चालन गरिनेछ। सतह प्रणालीबाट खानेपानी वितरण गर्न स्रोतको अभाव भएका गाउँ/बस्तीमा बर्षातको पानी सङ्कलन, लिप्टिङ र पहाडी भुमिगत बोरिङ्ग प्रविधिबाट खानेपानी सेवा उपलब्ध गराइनेछ।

**(इ) मौजुदा खानेपानी सेवालाई स्तर वृद्धि गरी क्रमिक रुपमा मध्यम तथा उच्च स्तरको बनाउदै लैजानेः**

ठूला तथा सहरी खानेपानी आयोजनामा पानी प्रशोधन प्रणालीको निर्माण गरिनेछ। खानेपानी सुरक्षा योजनालाई आयोजनाको अभिन्न अङ्गको रुपमा लिई खानेपानी गुणस्तर सुनिश्चित गरिनेछ। खानेपानीका पूर्वाधारलाई सुरक्षित, भरपर्दो, दिगो तथा वातावरणमैत्री बनाइ खानेपानी सेवा तथा सुविधाको स्तर वृद्धि गरिनेछ।

**(ई) खानेपानीको मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधारको संरक्षण र पानी पुनर्भरणको प्रबन्ध गर्नेः**

खानेपानीसम्बन्धी संरचना निर्माण तथा सुविधा विस्तार गर्दा परम्परागत र पुरातात्विक महत्त्व बोकेका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधार क्षेत्र तथा स्रोतको पहिचान तथा संरक्षण गरिने छ। सतही तथा भूमिगत जलस्रोतको पहिचान, संरक्षण, पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत उपयोग तथा पुनःउपयोगलाई प्रोत्साहन एवम् प्रबर्द्धन गरिने छ। जलवायु परिवर्तन तथा मानवीय गतिविधिका कारण खानेपानीका मुहान तथा स्रोत सुक्दै जान थालेकाले तालतलैया संरक्षण, हरियाली प्रबर्द्धन र वर्षात्को पानीबाट पुनर्भरण पोखरी निर्माण लगायतबाट जमिनभित्रको पानी स्रोतको पुनर्भरण र दिगो व्यवस्थापन गरिने छ।

**(उ) सामुदायिक सहभागितामा सरसफाइलाई प्रविधिमैत्री अभियानको रुपमा सञ्चालन गर्नेः**

सरसफाइ सेवाको पहुँच नपुगेका र पर्यटकीय क्षेत्रमा फोहोरमैला सङ्कलन, प्रशोधन र व्यवस्थापन, ढल निकास तथा फोहोरपानी प्रशोधन र सार्वजनिक शौचालय लगायतका पूर्वाधार तथा सुविधाको विकास र विस्तार गरिनेछ। पूर्ण सरसफाइलाइ अभियानकै रुपमा सञ्चालन गर्न र उपयुक्त प्रविधिको प्रयोग गरी मलमूत्र र फोहरलाई प्रशोधन गरी प्राङ्गारिक मलको रुपमा अर्गानिक कृषि उत्पादनमा प्रयोग गर्न स्थानीय सरकार तथा समुदायसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

**(ऊ) फोहोरमैला व्यवस्थापनमा स्थानीय तह, समुदाय तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्नेः**

फोहोरलाई मोहरमा परिणत गर्ने गरी गाउँ-सहर तथा बस्तीबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि स्थानीय तहसँग प्रविधि र पूर्वाधार विकासमा सहकार्य तथा साझेदारी गरिनेछ। समुदाय तथा स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरी फोहोरमैला व्यवस्थापन गरिनेछ। फोहरमैलाको पुनःप्रयोग तथा बायोग्यास र जैविक मल उत्पादन जस्ता बहुउपयोगी आयोजना तथा अभ्यास विकास तथा कार्यान्वयनका लागि स्थानीय समुदाय र सहकारीसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

### ३.४.५ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अबधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०८००९०१ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | | तलबभत्ता लगायत कार्यालय संचालन सम्बन्धी नियमित प्रकृतिको चालु खर्च र नियमित प्रकृतिको पुँजीगत बजेट खर्च, क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | - | ८६७०० | • नियमित रुपमा कार्यालय संचालन भएको हुनेछ।<br>• कर्मचारीहरुले नियमित तलबभत्ता प्राप्त गरेको हुनेछ।<br>• क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको हुनेछ । |
| ३०८०१९०१ | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय | | तलबभत्ता लगायत कार्यालय संचालन सम्बन्धी नियमित प्रकृतिको चालु खर्च र नियमित प्रकृतिको पुँजीगत बजेट खर्च, क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | - | ४३१०० | • नियमित रुपमा कार्यालय संचालन भएको हुनेछ।<br>• कर्मचारीहरुले नियमित तलबभत्ता प्राप्त गरेको हुनेछ।<br>• क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको हुनेछ। |
| ३०८०१९०२ | खानेपानी, सिंचाइ | | तलबभत्ता लगायत कार्यालय | - | २२५००० | • नियमित रुपमा कार्यालय संचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा ऊर्जा विकास कार्यालयहरु | | संचालन सम्बन्धी नियमित प्रकृतिको चालु खर्च र नियमित प्रकृतिको पुँजीगत बजेट खर्च, क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | | | भएको हुनेछ।<br>• कर्मचारीहरुले नियमित तलबभत्ता प्राप्त गरेको हुनेछ।<br>• क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको हुनेछ। |
| ३०८०१९०३४ | सिंचाइ आयोजनाहरु | | सतह सिंचाइ आयोजना, नवीनतम प्रविधिमा आधारित सिंचाइ आयोजना, बहुउद्देश्यीय जलस्रोत उपयोग आयोजना | - | १२००००० | • थप कृषियोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध भएको हुनेछ।<br>• सोलारपम्प, लिफ्ट सिंचाइ, फोहरा सिंचाइ, थोपा सिंचाइ, पानी सङ्कलन पोखरी निर्माण लगायतका प्रविधिबाट थप कृषियोग्य जमिनमा सिंचाइ सुविधा पुगेको हुनेछ।<br>• ठूला फाँट, सेरा र जिउलामा बहुउद्देश्यीय जलस्रोत आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरु भएको हुनेछ। |
| ३०८०१९०४४ | नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनाहरु | | जोखिमयुक्त बस्ती तथा खेतबारी संरक्षण कार्यक्रम, ठूला तथा मझौला नदिमा सेडिमेण्टेसन ड्याम र नदि | - | ५६०००० | • जोखिमयुक्त बस्ती तथा खेतबारीको पहिचान गरी प्राथमिकताका आधारमा संरक्षण भएको हुनेछ।<br>• हुम्ला कर्णाली, मुगु कर्णाली, सानी भेरी, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नियन्त्रण कार्यक्रम | | | ठुलीभेरी, तिला, हिमा, लोहरे र शारदा लगायतका ठूला नदिमा सेडिमेण्टेसन ड्याम र नदि कटान नियन्त्रणका लागि तटबन्ध निर्माण भएको हुनेछ। |
| ३०८०१९०५४ | खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम | | एक घर एक धारा कार्यक्रम, नवीनतम प्रविधिमा आधारित खानेपानी कार्यक्रम, प्रदेश राजधानी खानेपानी विशेष कार्यक्रम, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम | - | १०००००० | • एक घर एक धारा कार्यक्रम मार्फत खानेपानी आयोजना निर्माण सम्पन्न गरी थप जनसङ्ख्यालाई आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध भएको हुनेछ।<br>• ग्राभिटी प्रणालीबाट खानेपानी वितरण गर्न स्रोतको अभाव भएका गाउँबस्तीहरुमा आकाशे पानी सङ्कलन, लिफ्टिङ र पहाडी भूमिगत बोरिङ्ग प्रविधिबाट खानेपानी सेवा उपलब्ध भएको हुनेछ । प्रदेश राजधानीको खानेपानी समस्या समाधान गर्न विभिन्न विकल्पको अध्ययन गरी आवश्यक खानेपानीको आपूर्ति भएको हुनेछ।<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको डिजिटल प्रणालीमा आधारित वासप्लान (WASH Plan) निर्माणमा सहजीकरण गरी सो अनुसार तहगत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | समन्वय, सहकार्य र साझेदारीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम तथा आयोजना विकास, निर्माण, सञ्चालन र मर्मत-सम्भारको व्यवस्था गरिनेछ। |
| ३०८९११२४४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना (संघ शसर्त अनुदान) | | खानेपानी आयोजना सम्बन्धी निर्माण | - | १२९००० | • खानेपानी आयोजना निर्माण सम्पन्न गरी थप बस्तीहरुमा खानेपानी सेवा सुबिधा उपलब्ध भएको हुनेछ। |
| ३०८९११२५४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम (संघ शसर्त अनुदान) | | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना, मर्मत-सम्भार कार्यक्रम | - | १९००० | • संभाव्यता अध्ययनको आधारमा साना तथा ठूला खानेपानी आयोजनामा खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम सम्पन्न गरी थप जनसङ्ख्यालाई आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध भएको हुनेछ।<br>• मर्मत-सम्भार गर्नुपर्ने आयोजनाको पहिचान गरी सम्बन्धित उपभोक्ताको सहभागितामा मर्मत-सम्भार भई सुचारु भएका हुनेछन्। |
| ३२९०११०८ | जलवायु | | सिंचाइ आयोजना, खानेपानी | - | १०८००० | • थप कृषियोग्य जमिनमा सिंचाइ सुविधा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्थानशील भू-परिधी जीविकोपार्जन आयोजना (संघ सशर्त) | | आयोजना र नदि नियन्त्रण कार्यक्रम | | | उपलब्ध भएको हुनेछ।<br>• खानेपानी आयोजना निर्माण सम्पन्न गरी थप जनसङ्ख्यालाई आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध भएको हुनेछ।<br>• जोखिमयुक्त बस्ती, खेतवारी संरक्षण र नदि कटान नियन्त्रणका लागि तटबन्ध तथा पहिरो व्यवस्थापन सम्बन्धी निर्माण भएको हुनेछ। |
| ३०८०१९०६ | ऊर्जा विकास कार्यक्रम | | राष्ट्रिय प्रसारण लाइन विस्तार समन्वय, सहकार्य र साझेदारी कार्यक्रम, कर्णालीको पानी जनताको लगानी कार्यक्रम, वैकल्पिक ऊर्जा, सोलार/वायु मिनि ग्रिड जडान, कर्णाली उज्यालो कार्यक्रम, जलविधुत आयोजना विकास तथा सञ्चालन, सहयोग र सहजीकरण | - | ६७७०० | • संघीय सरकारसँगको समन्वयमा प्रदेशभरी राष्ट्रिय प्रसारण लाइनको विस्तार भएको हुनेछ।<br>• कर्णाली प्रदेशमा निर्माण तथा सञ्चालन हुने जलविधुत आयोजनामा कर्णालीबासीको शेयर लगानीका लागि प्रोत्साहन, समन्वय तथा सहजीकरण भएको हुनेछ।<br>• विधुतको पहुँच नभएका गाउँ-बस्तीमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी विधुतीकरण गर्न कर्णाली उज्यालो कार्यक्रम सञ्चालन भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • ऊर्जाको भरपर्दो स्रोतको रुपमा वैकल्पिक ऊर्जाको उपयोगलाई लघु तथा घरेलु उद्योग, कृषि, अस्पताल, विद्यालय, पर्यटकीय स्थलमा विस्तार गरिएको हुनेछ।<br>• हिमाली जिल्लामा सोलार मिनिग्रिडको अध्ययन गरी निर्माण कार्य सुरु भएको हुनेछ।<br>• संघीय सरकारको समन्वयमा विकास साझेदार र निजी क्षेत्रको साझेदारी र लगानीमा जलविधुतका विभिन्न आयोजना विकास तथा सञ्चालन भई विधुत उत्पादन सुरु भएको हुनेछ। |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०८००९०१ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | नियमित रुपमा कार्यालय संचालन भएको छ। कर्मचारीहरुले नियमित तलबभत्ता प्राप्त गरेका छन्। क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको छ। | - | - |
| ३०८०१९०१ | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय | नियमित रुपमा कार्यालय संचालन भएको छ। कर्मचारीहरुले नियमित तलबभत्ता प्राप्त गरेका छन्। | - | - |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको छ। | | |
| ३०८०१९०२ | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरु | नियमित रुपमा कार्यालय संचालन भएको छ। कर्मचारीहरुले नियमित तलबभत्ता प्राप्त गरेका छन्। क्षेत्रगत विषयमा तालिम/गोष्ठी, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएको छ। | - | - |
| ३०८०१९०३४ | सिंचाइ आयोजनाहरु | सतह सिंचाइ आयोजना, नवीनतम प्रविधिमा आधारित सिंचाइ आयोजना तथा बहुउद्देश्यीय जलस्रोत उपयोग आयोजना अन्तर्गत सिंचाइ पूर्वाधार निर्माण गरी थप कृषियोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइएको छ। | सिंचाइ सुविधा पुगेको कृषि योग्य भूमि, वर्षभरी सिंचाइ हुने कृषि योग्य जमिन, ठूला सिंचाइ आयोजना निर्माण, मझौला सिंचाइ आयोजना निर्माण, साना सिंचाइ आयोजना निर्माण | सिंचाई पूर्वाधार निर्माण |
| ३०८०१९०४४ | नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनाहरु | जोखिमयुक्त बस्ती, खेतबारी संरक्षण, नदि कटान नियन्त्रणका लागि नदि नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्य गरी थप बस्ती, खेतबारी संरक्षण तथा कृषियोग्य जमिन उकास गरिएको छ। | - | बस्ती, खेतबारी संरक्षण, नदि कटान नियन्त्रणका लागि नदि नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्य |
| ३०८०१९०५४ | खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम | खानेपानी सम्बद्ध पूर्वाधार निर्माण कार्य गरी थप जनसङ्ख्यालाई आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध गराइएको छ। संघीय सरकार, स्थानीय तहसँगको समन्वयमा लागत साझेदारी हुने गरी प्रदेश राजधानीको | आधारभूत खानेपानी सुविधा पुगेको परिवार, सुरक्षित खानेपानी सुविधा पुगेको परिवार, | खानेपानी सम्बद्ध पूर्वाधार निर्माण |

| | | | | |
|---|---|---|---|---|
| | | खानेपानी समस्या समाधान भेरी लिफ्टिंग खानेपानी आयोजना कार्यन्वयन चरणमा रहेको छ। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको डिजिटल प्रणालीमा आधारित वासप्लान (WASH Plan) निर्माणमा सहजीकरण गरी सो अनुसार तहगत समन्वय, सहकार्य र साझेदारीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम तथा आयोजना विकास, निर्माण, सञ्चालन र मर्मत-सम्भारको व्यवस्था कार्यान्वयन गर्दै आएको छ। | उन्नत/सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार, खानेपानी आयोजनाहरुको निर्माण, लिफ्ट खानेपानी आयोजना | |
| ३०८९११२४४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना (संघ शसर्त अनुदान) | खानेपानी सम्बद्ध पूर्वाधार निर्माण गरी थप बस्तीहरुमा आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध भएको छ। | आधारभूत खानेपानी सुविधा पुगेको परिवार, सुरक्षित खानेपानी सुविधा पुगेको परिवार, खानेपानी आयोजनाहरुको निर्माण | खानेपानी संरचना निर्माण |
| ३०८९११२५४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम (संघ शसर्त अनुदान) | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना निर्माण, मर्मत-सम्भार कार्यक्रम सम्पन्न गरी थप जनसङ्ख्यालाई आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध भएको छ। | आधारभूत खानेपानी सुविधा पुगेको परिवार, सुरक्षित खानेपानी सुविधा पुगेको परिवार, खानेपानी आयोजनाहरुको निर्माण | खानेपानी पूर्वाधारको निर्माण तथा मर्मत |
| ३२९०११०८ | जलवायु उत्थानशील भू-परिधी जीविकोपार्जन आयोजना (संघ सशर्त) | - | सिंचाइ सुविधा पुगेको कृषि योग्य भूमि, वर्षभरी सिंचाइ हुने कृषि योग्य जमिन, आधारभूत खानेपानी | सिंचाइ, खानेपानी र नदि नियन्त्रण सम्बन्धी संरचना निर्माण |

| | | | | |
|---|---|---|---|---|
| | | | सुविधा पुगेको परिवार, सुरक्षित खानेपानी सुविधा पुगेको परिवार, खानेपानी आयोजनाहरुको निर्माण | |
| ३०८०१९०६ | ऊर्जा विकास कार्यक्रम | - | विधुतमा पहुँच प्राप्त परिवार, जलविधुत उत्पादन, खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घर परिवार, जलविधुतका ठूला आयोजना, जलविधुतका मझौला आयोजना | ऊर्जा समबन्धी पूर्वाधार निर्माण |

## ३.४.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | विधुतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७१ | ७५ | ८१ | ८६ | ९० |
| २ | जलविधुत उत्पादन | मे.वा. | १६ | २० | २४ | २९ | ३१ |
| ३ | खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घर परिवार | प्रतिशत | २३ | २७ | ३० | ३२ | ३५ |
| ४ | जलविधुतका ठूला आयोजना | सङ्ख्या | १ | १ | २ | ३ | ३ |
| ५ | जलविधुतका मझौला आयोजना | सङ्ख्या | १० | ११ | १२ | १३ | १४ |
| ६ | जलविधुतका साना आयोजना | सङ्ख्या | १३ | १५ | १८ | २० | २४ |
| ७ | वायु ऊर्जा उत्पादन | मे.वा. | ० | १ | १ | १ | १ |
| ८ | ठूलो वायोग्यास प्लाण्टको स्थापना | सङ्ख्या | २ | २ | ३ | ३ | ४ |
| ९ | विधुतीय चुलोको प्रयोग गर्ने घर | सङ्ख्या | १०००० | ११००० | १४००० | १६००० | १८००० |
| १० | एल.पि. ग्यासको प्रयोग गर्ने घर परिवार | प्रतिशत | १६ | १६ | १४ | १२ | १० |
| ११ | सार्वजनिक यातायात प्रणालीहरुमा विधुतबाट चल्ने सवारी साधनहरु | प्रतिशत | ०.५ | १ | ५ | १० | १४ |
| १२ | सिंचाइ सुविधा पुगेको कृषि योग्य भूमि | प्रतिशत | ३१ | ३५ | ३८ | ४१ | ४७ |
| १३ | वर्षभरी सिंचाइ हुने कृषि योग्य जमिन | प्रतिशत | २७ | २९ | ३२ | ३७ | ४० |
| १४ | ठूला सिंचाइ आयोजना निर्माण | सङ्ख्या | २५ | २६ | २७ | २८ | २९ |
| १५ | मझौला सिंचाइ आयोजना निर्माण | सङ्ख्या | २८० | ३०० | ३२० | ३६० | ३८० |
| १६ | साना सिंचाइ आयोजना निर्माण | सङ्ख्या | ९०० | १००० | १२५० | १५०० | १८०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | नयाँ प्रविधि सिंचाइ आयोजना | सङ्ख्या | २५० | ३०० | ३२० | ३४० | ३५० |
| १८ | जलाशय तथा पुनर्भरण पोखरी निर्माण | सङ्ख्या | ५ | ७ | १० | १२ | १५ |
| १९ | सिंचाइ सेवा शुल्क प्राप्त हुने आयोजनाहरु | प्रतिशत | १० | १५ | २० | २५ | ३० |
| २० | आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ |
| २१ | सुरक्षित खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ४ | २० | ३० | ३५ | ४० |
| २२ | उन्नत/सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ८३ | ८५ | ९० | ९२ | ९३ |
| २३ | खानेपानी आयोजनाहरुको निर्माण | सङ्ख्या | १४२५ | १४५० | १५०० | १६०० | १७५० |
| २४ | लिफ्ट खानेपानी आयोजना | सङ्ख्या | १६० | २०० | २३० | २५० | २६० |

## ३.४.८ त्रिवर्षीय खर्च तथा श्रोत अनुमान

**(रु. हजारमा)**

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | ३८३०३५८ | २७४५६५ | ३५५५७९३ | ० | ८८३४०५ | ० | २९४६९५३ |
| २०८३/८४ | ४०२१८७६ | २८८२९३ | ३७३३५८३ | ० | ९२७५७५ | ० | ३०९४३०१ |
| २०८४/८५ | ४२२२९७० | ३०२७०८ | ३९२०२६२ | ० | ९७३९५४ | ० | ३२४९०१६ |

## ३.५ सामाजिक विकास

### ३.५.१ पृष्ठभूमि

कर्णाली प्रदेश सरकारको मिति २०७४/११/०६ को निर्णयानुसार स्वीकृत कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार यस मन्त्रालयको ५८ वटा कार्य जिम्मेवारीहरू रहेको छ। यी कार्य जिम्मेवारीहरू सम्पादन गर्न मन्त्रालय वा अन्तर्गतमा ३९ कार्यालयहरू रहेका छन्। मन्त्रालयको लागि तोकिएको जिम्मेवारी सम्पादन गर्न भौगोलिक रुपमा मन्त्रालयको कार्यक्षेत्र भित्र १० जिल्ला, ७९ स्थानीय तह, २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

यस मन्त्रालयले सम्पादन गर्ने मुख्य कार्यक्रमहरूमा शिक्षा तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमनका साथै शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका छन्। त्यसैगरी प्रदेश स्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनका साथै प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन गर्ने विषयहरू रहेका छन्। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार-पसार सम्बन्धी नीति तथा कार्य योजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन र लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षणको जिम्मेवारी पनि यसको कार्यक्षेत्र अन्तर्गत पर्दछ। युवा प्रोत्साहन सहित खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रबर्द्धन गर्ने कामहरू पनि यसैको कार्यक्षेत्र भित्र पर्दछन्। विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी, भाषा, लिपि, संस्कृति, ललितकला, धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनका साथै ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिक सम्पदाहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन र संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन पनि यस मन्त्रालयको मुख्य कार्यक्षेत्र भित्र पर्दछन्।

### ३.५.२ विद्यमान अवस्था

प्रदेशमा शिक्षासम्बन्धी विभिन्न नीति, कानुन र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा रहेका छन् भने शिक्षा क्षेत्रको दश वर्षीय कार्ययोजना समेत तय गरिएको छ। हाल प्रदेशमा त्रिभुवन विश्वविद्यालयका आंगिक दुईवटा क्याम्पस, कर्णाली स्वास्थ विज्ञान प्रतिष्ठान र मध्यपश्चिम विश्वविद्यालय सहित बाल विकास केन्द्र, विद्यालय गरी जम्मा १० हजार ३०१ वटा शैक्षिक संस्थाहरु छन्। राष्ट्रिय जनगणना-

२०७८ को तथ्याङ्कअनुसार यस प्रदेशको कुल साक्षरता दर ७६.१प्रतिशत रहेको छ, जुन नेपालको औसत साक्षरता दर ७६.२ प्रतिशतको नजिकै रहेको छ। लैङ्गिक दृष्टिकोण विश्लेषण गर्दा पुरुषको साक्षरता दर ८३.३ प्रतिशत रहँदा प्रदेशको जनसङ्ख्यामा बढी हिस्सा ओगटेको महिलाको साक्षरता दर ६९.४ प्रतिशतमात्र रहेको छ। प्रदेशको युवा साक्षरता दर (१५-२४ वर्ष) ९३.८ प्रतिशत रहेको छ। यस्तै आ.व. २०७९/०८० को तथ्याङ्क हेर्दा प्रदेशमा बाल विकास केन्द्रको भर्नादर ८७.९ प्रतिशत र आधारभूत तहको खुद भर्नादर ९५.५ प्रतिशत छ भने माध्यमिक तहको खुद भर्नादर ५६.२ प्रतिशत रहेको छ। यसमध्ये प्राथमिक तहसम्म उत्तीर्ण गर्ने ३०.९ प्रतिशत, आधारभूत तह उत्तीर्ण गर्ने २१.५ प्रतिशत र एस.ई.ई. तहभन्दा माथिल्लो तह उत्तीर्ण गर्ने विद्यार्थीको प्रतिशत १५.८ रहेको छ । उपरोक्त तथ्याङ्कको विश्लेषण गर्दा बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहेको अवस्था छ भने माध्यमिक तह र उच्च शिक्षा हासिल गर्ने जनसङ्ख्याको प्रतिशत पनि ज्यादै न्यून रहेको छ। शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा १:३९ रहेको छ भने माध्यमिक तहमा १.६५ रहेको छ।

प्रदेश सरकारले संविधानतः स्वास्थ्य सेवाको उपलब्धता र व्यवस्थापन गर्न प्रदेश स्वास्थ्य नीति, ऐन नियमावलीको कार्यान्वयन मार्फत आधारभूत, विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराइरहेको छ। यसका अलावा प्रदेश सरकारले स्वास्थ्य सेवासम्बन्धी पूर्वाधार निर्माण तथा स्तरोन्नति, प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनरुस्थापना आदि स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचका लागि स्वास्थ्य विमा जस्ता क्षेत्रमा सङ्घीय सरकारसँग समन्वय तथा सहकार्य गरीरहेको छ। विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा प्रदेश सरकारले सञ्चालन गरीरहेको र आधारभूत स्वास्थ्य सेवाका लागि हरेक स्थानीय तहमा एकवटा प्राथमिक अस्पताल सञ्चालन, स्वास्थ्यसम्बन्धी उपकरण तथा औषधी वितरण, महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन, खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, सर्ने-नसर्ने रोगको रोकथाम तथा उपचारका साथै पुनर्स्थापना आदि कार्यमा स्थानीय तहसँग समन्वयात्मक रुपमा कार्य गरिरहेको छ।

राष्ट्रिय जनगणना,२०७८ को जनसांख्यिक सूचकअनुसार कर्णाली प्रदेशका जनताको औसत आयु ७२.५ वर्ष छ, जुन अन्य प्रदेशका मानिसको औसत आयुभन्दा बढी हो। यो राष्ट्रिय औसत आयु (७१.४ वर्ष) भन्दा पनि बढी हो। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार, यस प्रदेशमा नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २६ जना, एक बर्षमनि शिशु मृत्युदर (प्रति हजारमा) ३६ जना, पाँच वर्षमनिका बालबालिकामा हुने पुड्कोपन दर ३५.८ प्रतिशत, रक्तअल्पता भएका पाँच बर्षमनिका बालबालिकाहरु ४० प्रतिशत र रक्त अल्पता भएका प्रजनन् उमेर समूहका महिला २१ प्रतिशत छ। घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समयमा पुग्ने परिवार ४३.१ प्रतिशत रहेको छ। त्यसैगरी मातृ मृत्युदर प्रतिलाखमा १७२ जना रहेको छ जुन नेपालको औसत (१५१ जना) भन्दा अधिक हो।

यस प्रदेशमा स्वास्थ्य सेवा प्रवाहका लागि एउटा "द्वितीय ख" वर्गको प्रदेश अस्पताल, दुई "द्वितीय क" वर्गको अस्पताल र "प्राथमिक क" वर्गको ८ अस्पताल रहेका छन्। स्थानीय तहमा २३ आधारभूत अस्पताल, ३ सामुदायिक अस्पताल, १० निजी अस्पताल, १३ प्राथमिक स्वास्थ्यकेन्द्र, ३३० स्वास्थ्य चौकी, ३०० आधारभूत स्वास्थ्यकेन्द्र, ३८ सहरी स्वास्थ्यकेन्द्र, १४९ सामुदायिक स्वास्थ्य इकाइ, २९ निजी पोलिक्लिनिक र ६३१ फार्मेसी सञ्चालनमा छन्। त्यस्तै आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धानकेन्द्र, ९ आयुर्वेद स्वास्थ्यकेन्द्र, १८ आयुर्वेद औषधालय र ४० नागरिक आरोग्यकेन्द्र छन्। यस प्रदेशमा सङ्घअन्तर्गत दक्ष जनशक्तिको उत्पादन तथा विशेषज्ञ सेवा उपलब्ध गराउन जुम्लामा सुविधा सम्पन्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेको छ। रुकुमको चौरजहारीमा सामुदायिक मिसन अस्पताल सञ्चालनमा रहेको छ।

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सर्वव्यापी स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ नेपाल सरकारले स्वास्थ्य विमा बोर्ड गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरीरहेको छ भने यस प्रदेशमा समेत कार्यालय गरी समन्वयात्मक रुपमा कार्य गर्दै आएको छ। त्यसैगरी स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि समतामूलक वित्त व्यवस्थापन गर्ने लक्ष्यसहित नेपाल सरकारले राष्ट्रिय स्वास्थ्य वित्त रणनीति, २०८० जारी गरेको छ। स्वास्थ्य क्षेत्रमा आवश्यक स्रोतको सुनिश्चितता र कुशल व्यवस्थापन जस्ता मुख्य चुनौतीलाई सम्बोधन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा यो रणनीति कार्यान्वयनमा रहेको छ।

प्रदेशमा मातृ मृत्युदर र बाल मृत्युदर कम गर्ने उद्देश्यले दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि आकस्मिक हवाइ उद्धार, विपन्न नागरिकको स्वास्थ्य सेवामा पहुँच पुर्याउन लागि विपन्न नागरिक स्वास्थ्य विमा तथा स्वास्थ्य उपचार सहयोग, समग्र स्वास्थ्य र स्वस्थ जीवनशैली लाई उत्प्रेरित गर्न एक विद्यालय एक स्वास्थ्यकर्मी जस्ता विशेष एवम् महत्त्वपूर्ण कार्यक्रम सञ्चालनमा रहेका छन्।

प्रदेशमा कुल जनसङ्ख्यामा महिलाको जनसङ्ख्या ५१.२१ प्रतिशत, लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ९५.२७ छ। प्रदेशमा महिला साक्षरतादर ६९.४ प्रतिशत छ, जुन नेपालको औसत ७६.२ प्रतिशतभन्दा कम हो। यस प्रदेशमा आर्थिक रुपमा क्रियाशील महिलाको अनुपात ४७.७ प्रतिशत छ, महिला परिवारमूली भएका परिवारको प्रतिशत ३२.१ प्रतिशत र महिलाको नाममा घर वा जग्गा वा घरजग्गा हुने परिवारको सङ्ख्या मात्र १२.५ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम हो। नेपालको कुल जनसङ्ख्या मध्ये लैङ्गिक तथा यौनिक अल्पसंख्यकको जनसङ्ख्या २,९२८ छ, जसमध्ये प्रदेशमा २.८ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

लैङ्गिक विकास सूचकाङ्क, (GDI) २०२२ अनुसार कर्णाली प्रदेशको सूचकाङ्क ०.९०२ छ, जुन राष्ट्रिय औसतभन्दा न्यून हो। लैङ्गिक असमानता सूचकाङ्क, (GII) ०.५५८ छ। लैङ्गिक समानता तथा महिला

सशक्तीकरणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० तर्जुमा गरी सो अनुरुप महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रमहरु सञ्चालनमा छन्। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाइ उद्धारसम्बन्धी कार्यविधि, २०७७ अनुसार दूर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाहरुको लागि आकस्मिक हवाइ उद्धारको व्यवस्था गरिएको छ। उल्लेखित नीति तथा कानुनले महिला र लैङ्गिक अल्पसंख्यकको अधिकार र समावेशीकरणलाई प्राथमिकतामा राखेका छन्।

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा प्रदेशको विनियोजित बजेटमा निर्दिष्ट लैङ्गिक उत्तरदायी बजेटको हिस्सा क्रमशः ४२.४१ र ३९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यो हिस्सा ४३.८ प्रतिशत छ, जसले महिलाको स्वास्थ्य, सुरक्षा र सशक्तीकरणलाई प्राथमिकतामा राखी उनीहरुको अधिकार र आवश्यकता सम्बोधन गर्ने उद्देश्य लिएको छ।

### ३.५.३ मुख्य सवाल तथा चुनौती

**(क) नीतिगत :**

- संगठन तथा ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन, नीति कानूनहरूको निर्माण, तथ्य र नतिजामा आधारित योजना।

**(ख) कार्यगत :**

- कार्यान्वयनमा ढिलाइ, अन्तिम समयमा बजेट र कामको चाप, बैंक खाता छोरीको कार्यान्वयन, भौगोलिक विकतटताका कारण नियमित सेवा र आपूर्तिमा कठिनाइ, प्रकृयागत ढिलाइ, दोहोरोपना।

**(ग) नतिजामापन :**

- नतिजाको मापनमा कठिनाइ, अनुगमन मुल्यांकन, आवधिक प्रगति प्रतिवेदन, ब्यवस्थापन सूचना प्रणाली।

**(घ) संगठनात्मकः**

- बोझिलो र बहु कार्यक्षेत्र, कार्य र समन्वयमा कठिनाइ।

**(ङ) खर्च प्रणालीः**

- अपेक्षित खर्च नहुनु (मानव संशाधन, सूचना प्रणाली र भौतिक साधन/उपकरण, आकस्मिक खर्च ब्यवस्थापन) रकमान्तरको लागि माग, थप बजेट माग।

**(च) भौतिक पूर्वाधारपहुँच (Connectivity):**

- यातायात, सेवा प्रदायक संस्था, भवन, एम्बुलेन्स, सवारी साधन, दीगो निर्माण कार्य ।

## ३.५.४ उद्देश्य

- शैक्षिक गुणस्तरमा सुधार गर्दै स्वावलम्बी र प्रतिस्पर्धी मानव संशाधनको विकास तथा परिचालन गर्नु,शैक्षिक क्षेत्रमा कुशल व्यवस्थापन मार्फत ज्ञान, विज्ञान, प्रविधि र नवप्रवर्तन अभिवृद्धि गर्नु (शिक्षा),
- स्वास्थ्य सेवा प्रदायक निकायहरूबाट गुणस्तरीय सेवा प्रवाह गर्नु, स्वास्थ्य प्रणालीमा सुधार गर्न प्रविधियुक्त स्वास्थ्य सेवा स्थानीयस्तरमै उपलब्ध गराउनु र आधुनिक तथा बैकल्पिक स्वास्थ सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्नु (स्वास्थ्य),
- जनसङ्ख्या व्यवस्थापनबाट स्वस्थ ,उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार पार्नु (जनसंख्या),
- युवालाई ज्ञान ,सीप ,प्रविधियुक्त ,उद्यमशील र स्वावलम्बी बनाउदै विकासको सम्वाहक शक्तिको रूपमा स्थापित गर्नु) युवा,
- सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी विकासमा महिलाकोसमान र सार्थक सहभागिता सुनिश्चित गर्नु (महिला सशक्तीकरण तथा लैंङ्गिक समानता),
- बालबालिका तथा किशोरकिशोरीहरूको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरू सहित अनुकूल वातावरण सिर्जना गर्ने (बालबालिका तथा किशोरकिशोरी),
- जेष्ठ नागरिकमैत्री सेवा र सुविधाहरूको विस्तार गर्नु (ज्येष्ठ नागरिक),
- भौतिक संरचना, ज्ञान ,प्रविधि ,सूचना र सेवा सुविधामा सहज पहुँचको सुनिश्चितता गर्दै विकास निर्माण कार्यमा अपाङ्गता भएका नागरिकहरूको सहभागिता सुनिश्चितता गर्नु (अपाङ्गता),
- खेलकुदलाई सबै नागरिकको सरोकार र पहुँचको विषय बनाउनु र स्तरीय पूर्वाधार र व्यावसायिक खेलाडीहरू तयार गरी खेलकुद क्षेत्रलाई उद्योगका रूपमा विकास गर्नु (खेलकूद),
- साँस्कृतिक सम्पदा, भाषा, साहित्य, कला र संस्कृतिको उचित संरक्षण गर्दै सामाजिक-साँस्कृतिक एकता अभिवृद्धि गर्नु (भाषा, कला, साहित्य र संस्कृति),
- सबै वर्ग,क्षेत्र,लिङ्ग र समुदायको न्यायोचित पहुँच तथा सार्थक सहभागितामा समावेशी विकासगर्नु (सामाजिक समावेशिकरण),
- प्रदेशको राजनैतिक,आर्थिक,सामाजिक र साँस्कृतिक जीवनमा दलित समुदायको समान पहुँच स्थापित गरी विभेदरहित समाज निर्माण गर्नु (दलित मूल प्रवाहीकरण),

- जीवनयापनका बैकल्पिक अवसर सिर्जना र जोखिममा रहेका समुदाय एवम् क्षेत्रको पहिचान गरी मानव बेचबिखन रोकथाम गर्नु र पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुर्नस्थापनाको सेवालाई प्रभावकारी बनाउनु (मानव बेचबिखन, ओसारपसार),
- आफ्नो जीवनयापन आफै गर्न नसक्ने सबै उमेर ,लिङ्ग,वर्ग,जातजाति ,समुदाय र क्षेत्रका व्यक्ति तथा घरपरिवारलाई सामाजिक सुरक्षा प्रदान गर्ने (सामाजिक सुरक्षा)।

## ३.५.५ रुपान्तरणकारी रणनीति

- माध्यमिक तहसम्मको शिक्षामा सबै बालबालिकाको सहज पहुँच पुर्याउने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम उपलब्ध गराउने, विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधियुक्त अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने, परम्परागत ज्ञान सीप तथा वैकल्पिक सिकाइलाई सीपमूलक तथा आयमूलक कार्यक्रमसँग आवद्ध गर्ने र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्दै शैक्षिक क्षेत्रमा सुशासन कायम गर्ने (शिक्षा),
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य प्रणालीमा सुधार गर्दै विशिष्टिकृत स्वास्थ्य सेवा प्रदेशभित्रै उपलब्ध हुने व्यवस्था गर्ने, वैकल्पिक चिकित्सा पद्धतिहरूको विकास गर्ने र विपद् व्यवस्थापन तथा स्वास्थ्य जनचेतना अभिवृद्धि गर्ने (स्वास्थ्य),
- जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्ङ्गका रुपमा स्थापित गर्ने, स्वस्थ जीवनयापनका लागि उपयुक्त जीवनशैली एवम् वातावरणको निर्माण गर्ने र वाह्य तथा आन्तरिक बसाइँसराइको प्रभावकारी व्यवस्थापनगर्ने (जनसंख्या),
- व्यावसायिक सीप विकास, उद्यमशिलता र स्वरोजगारीका कार्यक्रमहरूको विस्तार गर्ने, विकास निर्माणमा युवाको सक्रिय सहभागिता गराउने र कृषिमा युवाको आकर्षण बढाउने (युवा),
- लैङ्गिक समानतामैत्री नीति तथा बजेट विनियोजन पद्धति अवलम्बन गर्ने र आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिलाको आर्थिक-सामाजिक -राजनैतिक सशक्तीकरण गर्ने (महिला सशक्तिकरण र लैंगिक विकास),
- बालबालिका तथा किशोर किशोरीको शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने, बालबालिकाका तथा किशोरकिशोरी, असहाय, अनाथ, अशक्त तथा बेवारिसे बालबालिका बिरुद्धहुने सबै प्रकारका हिँसाको अन्त्य, सबै प्रकारको बालश्रमको अन्त्यगर्ने, बालगृह, पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकालाई संरक्षण गर्ने र

बालबालिकाको पहुँचयुक्त पूर्वाधार निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने (बालबालिका तथा किशोर किशोरी),

- जेष्ठ नागरिकको पहिचान र जीवनयापन सहज बनाउनका लागि आवश्यक पूर्वाधार विकास गर्ने र जेष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई विविध क्षेत्रमा उपयोग गर्ने (ज्येष्ठ नागरिक),
- सबैखाले भौतिक संरचना अपाङ्गतामैत्री बनाउँदै उनीहरूको पहुँच र आवागमनलाई सहज बनाउने, अपाङ्गता भएका व्यक्तिको स्वतन्त्र जीवनयापनका लागि अनुकूल र टेवामूलक वातावरण निर्माण गर्ने र अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदेशको राजनैतिक, आर्थिक र सामाजिक  जीवनमा एकीकरण र मूलप्रवाहीकरण गर्ने,
- खेलकुद, व्यायाम र स्वास्थ्यसम्बन्धी व्यापक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा पूर्वाधारको निर्माण गर्ने, खेलकुदलाई उद्योगको रूपमा विकास गर्न गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने र खेलाडीहरू र खेलकुदसँग सम्बन्धित सङ्घ संस्थाहरूको क्षमता विकास र सुशासन कायम गर्ने (खेलकूद),
- सामाजिक, साँस्कृतिक र धार्मिक धरोहरहरूको संरक्षण र प्रबर्द्धन गर्ने, खस भाषा, कला, साहित्य र सङ्गीत आदि क्षेत्रसँग सम्बद्ध संस्थाहरूको सबलीकरण गर्ने र प'रातात्त्विक सम्पदाहरूको पहिचान, उत्खनन् र संरक्षणगर्ने (भाषा, कला, साहित्य र संस्कृति),
- प्रदेशका सवै स्रोत साधन तथा सेवा सुविधामा सबै नागरिकको पहुँच वृद्धि गर्ने, सकारात्मक कार्यका माध्यमबाट सबै क्षेत्रमा लक्षित वर्गको सार्थक सहभागितालाई सुनिश्चित  गर्ने र सबै समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने (सामाजिक समावेशिकरण),
- दलित मूलप्रवाहीकरणका बाधा अवरोधहरूको पहिचान गरी सम्बोधन गर्ने, मर्यादित जीवनयापनको लागि सामाजिक,आर्थिक,राजनैतिक सशक्तीकरणमा जोड दिने र दलित महिला तथा बालबालिकाको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने (दलित मूल प्रवाहीकरण),
- सघन निगरानी प्रणालीको विकास गरी मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने, प्रदेशभित्रै सुरक्षित जीवनयापनका वैकल्पिक अवसरहरू सिर्जना गर्ने र मानव

बेचबिखन तथा ओसारपसारबाट प्रभावित पीडितको उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने (मानव बेचविखन र ओसारपसार नियन्त्रण),

- सङ्घ रस्थानीय तहसँग सहकार्य, समन्वय र साझेदारीमा सामाजिक सुरक्षाको प्रावधान विस्तार गर्ने, सामाजिक सुरक्षाको प्रभावमा अभिवृद्धि हुने गरी बहुक्षेत्रीय पूरक सेवाहरू विस्तार गर्ने र सामाजिक सुरक्षा प्रणालीलाई चुस्त,सहज र दक्ष बनाउने (सामाजिक सुरक्षा)।

### ३.५.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अवधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ७०६३७३११३ | सामाजिक विकास मन्त्रालय | | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | - | १८००००० | • गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पृवाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,<br>• विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,<br>• आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त,जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने, -वालअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,<br>• सबैका लागि खेलकुदको अभिप्राय वमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | संस्थागत विकास गर्ने। |
| ७०६३७३५१३ | सामाजिक विकास मन्त्रालय | | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | - | ११४५७४९ | • गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूवाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,<br>• विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,<br>• आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त,जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने,<br>• वालअधिकार, लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,<br>• सबैका लागि खेलकुदको अभिप्राय वमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने। |
| ७०६३७३११४ | सामाजिक विकास मन्त्रालय | | प्रदेशको शिक्षा स्वास्थ्य तथा | - | ९३८००० | • गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूवाधार विकास, जनशक्ति व्यवस्थापन र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सामाजिक क्षेत्रको विकास गर्ने | | | स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,<br>• विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,<br>• आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त, जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने,<br>• वालअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,<br>• सबैका लागि खेलकुदको अभिप्राय वमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने। |
| ७०६३७३५१४ | सामाजिक विकास मन्त्रालय | | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | - | १३१३७०० | • गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पुर्वधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,<br>• विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,<br>• आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त,जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने,<br>• वालअधिकार, लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,<br>• सबैका लागि खेलकुदको अभिप्राय वमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने। |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ७०६३७३११३ | सामाजिक विकास मन्त्रालय | • प्रदेश अस्पतालको तला थप कार्य भैरहेको (७१% सम्पन्न) अस्पतालबाट नियमित रुपमा सेवा प्रवाह भैरहेको एवं प्राज्ञिक प्रतिष्ठानको रुपमा स्तरोन्नतीका लागि समेत उच्चस्तरीय सूझाव समिति गठन गरी प्रतिवेदन प्राप्त भैसकेको,<br>• कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा भै स्वीकृतको क्रममा रहेको, | गुणस्तरिय स्वास्थ्य सेवा, औसत आयु, साक्षरतादर, सामाजिक समानतामा बृद्धी | • युवाको प्राविधिक ज्ञान र सिप विकास गरी सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था,<br>• शिक्षालय सुधार योजना कार्यान्वयन,<br>• प्रदेशमा सञ्चालनमा रहेका |

| | | | | |
|---|---|---|---|---|
| | | • कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा अभियान अन्तरगत जिल्लाहरु साक्षर घोषणा भैरहेको (मुगु र जुम्ला भैसकेको),<br>• एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत भै सोही अनुसार कार्य भैरहेको,<br>• रङ्गशाला निर्माणको ९९ प्रतिशत कार्य सम्पन्न भईसकेको। | | अस्पतालहरूको स्तरवृद्धि। |
| ७०६३७३५१३ | सामाजिक विकास मन्त्रालय | • प्रदेश अस्पतालको तला थप कार्य भैरहेको (७१% सम्पन्न) अस्पतालबाट नियमित रुपमा सेवा प्रवाह भैरहेको एवं प्राज्ञिक प्रतिष्ठानको रुपमा स्तरोन्नतीका लागि समेत उच्चस्तरीय सूझाव समिति गठन गरी प्रतिवेदन प्राप्त भैसकेको,<br>• कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा भै स्वीकृतको क्रममा रहेको,<br>• कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा अभियान अन्तरगत जिल्लाहरु साक्षर घोषणा भैरहेको (मुगु र जुम्ला भैसकेको),<br>• एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत भै सोही अनुसार कार्य भैरहेको,<br>• रङ्गशाला निर्माणको ९९ प्रतिशत कार्य सम्पन्न भईसकेको। | गुणस्तरिय स्वास्थ्य सेवा, औसत आयु, साक्षरतादर, सामाजिक समानतामा बृद्धी | • युवाको प्राविधिक ज्ञान र सिप विकास गरी सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था,<br>• शिक्षालय सुधार योजना कार्यान्वयन,<br>• प्रदेशमा सञ्चालनमा रहेका अस्पतालहरूको स्तरवृद्धि। |
| ७०६३७३११४ | सामाजिक विकास मन्त्रालय | • प्रदेश अस्पतालको तला थप कार्य भैरहेको (७१% सम्पन्न) अस्पतालबाट नियमित रुपमा सेवा प्रवाह भैरहेको एवं प्राज्ञिक प्रतिष्ठानको रुपमा स्तरोन्नतीका लागि समेत उच्चस्तरीय सूझाव | पूर्वाधार र पहुँचमा बृद्धी | • युवाको प्राविधिक ज्ञान र सिप विकास गरी सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था, |

| | | | | |
|---|---|---|---|---|
| | | समिति गठन गरी प्रतिवेदन प्राप्त भैसकेको,<br>• कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा भै स्वीकृतको क्रममा रहेको,<br>• कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा अभियान अन्तरगत जिल्लाहरु साक्षर घोषणा भैरहेको (मुगु र जुम्ला भैसकेको),<br>• एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत भै सोही अनुसार कार्य भैरहेको,<br>• रङ्गशाला निर्माणको ९९ प्रतिशत कार्य सम्पन्न भईसकेको। | | • शिक्षालय सुधार योजना कार्यान्वयन,<br>• प्रदेशमा सञ्चालनमा रहेका अस्पतालहरूको स्तरवृद्धि। |
| ७०६३७३५१४ | सामाजिक विकास मन्त्रालय | • प्रदेश अस्पतालको तला थप कार्य भैरहेको (७१% सम्पन्न) अस्पतालबाट नियमित रुपमा सेवा प्रवाह भैरहेको एवं प्राज्ञिक प्रतिष्ठानको रुपमा स्तरोन्नतीका लागि समेत उच्चस्तरीय सूझाव समिति गठन गरी प्रतिवेदन प्राप्त भैसकेको,<br>• कर्णाली प्रज्ञा प्रतिष्ठानन स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा भै स्वीकृतको क्रममा रहेको,<br>• कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा अभियान अन्तरगत जिल्लाहरु साक्षर घोषणा भैरहेको (मुगु र जुम्ला भैसकेको),<br>• एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत भै सोही अनुसार कार्य भैरहेको,<br>• रङ्गशाला निर्माणको ९९ प्रतिशत कार्य सम्पन्न भईसकेको। | पूर्वाधार र पहुँचमा बृद्धी | • युवाको प्राविधिक ज्ञान र सिप विकास गरी सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था,<br>• शिक्षालय सुधार योजना कार्यान्वयनप्रदेशमा सञ्चालनमा रहेका अस्पतालहरूको स्तरवृद्धि। |

### ३.५.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आधारभूत सरसफाइ | प्रतिशत | ० | ० | ० | ० | ० |
| २ | औसत आयु | वर्ष | ७२.५ | ७२.५ | ७२.५ | ७२.५ | ७२.५ |
| ३ | खुद भर्नादर | प्रतिशत | ७०.६ | ८०.१ | ८६ | ९०.२ | ९८.६ |
| ४ | बाल मृत्युदर | प्रति हजार | ४६ | ३५ | २८ | २६ | २५ |
| ५ | मातृ मृत्युदर | प्रति लाख | १,७२ | १,६१ | १,५० | १,०० | ७० |
| ६ | लैगिक समता वा समानता सूचकाङ्क | प्रतिशत | ०.९९ | १ | १ | १ | १ |
| ७ | लैङ्गिक विकास सूचकाङ्क | अनुपात | ०.५३ | ०.५७ | ०.६३ | ०.७ | ०.८ |
| ८ | लैङ्गिक सशक्तिकरण मापक | | ० | ० | ० | ० | ० |
| ९ | शिशु मृत्युदर | प्रति हजार | २६ | १९ | १४ | १३ | १२ |
| १० | सरसफाईमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९७.३ | ९८ | ९९ | १,०० | १,०० |
| ११ | साक्षरता दर | प्रतिशत | ७६.१ | ८० | ८६ | ९०.२ | ९८.६ |

### ३.५.८ त्रिवर्षीय खर्च तथा श्रोत अनुमान

(रु. हजारमा)

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | ५७७५६८९ | २९९२३७३ | २७८३३१६ | ० | ३३७६७४० | ० | २३९८९४९ |
| २०८३/८४ | ६०६४४७३ | ३१४१९९२ | २९२२४८२ | ० | ३५४५५७७ | ० | २५१८८९६ |
| २०८४/८५ | ६३६७६९७ | ३२९९०९१ | ३०६८६०६ | ० | ३७२२८५६ | ० | २६४४८४१ |

## ३.६ आर्थिक मामिला तथा योजना मन्त्रालय

### ३.६.१ पृष्ठभूमि

आर्थिक र सामाजिक विकासको जनचाहनालाई सम्बोधन गर्न सीमित स्रोत र साधनको अधिकतम परिचालन गर्दै समृद्धनेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा साकार पार्न समष्टिगत आर्थिक र वित्तीय स्थायित्व कायम गर्दै तीव्र आर्थिक वृद्धि हासिलगर्नु आवश्यक छ। अतिकम विकसित राष्ट्रबाट भएको स्तरोन्नति सार्थक बनाउँदै सन् २०३० मा दिगो विकास लक्ष्य हासिल गर्न दोहोरो अंकको आर्थिक वृद्धि गर्नु जरुरी छ र सोका लागि सरकारका नीति, योजना तथा कार्यक्रम सोही अनुरूप निर्देशित गर्नुपर्नेभएको छ।कर्णाली प्रदेशक दोस्रो पञ्चबर्षिय लिएको लक्ष्य अनुरूप स्रोत परिचालन र विनियोजन कुशलता सुनिधित हुने गरी नीति र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु परेको छ।

आवधिक योजनाको दिर्घकालीन लक्ष्य एवम् उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ। नागरिकको बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रहि सम्बोधन गर्नुपर्ने अवस्था छ। स्रोतको उपलब्धता, आवश्यकता तथा कार्यान्वयन क्षमताको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न सकिएमा सार्वजनिक खर्चको प्रभावकारितामा वृद्धि गर्न सकिन्छ।

समृद्धिको लक्ष्य हासिल गर्न रणनैतिक महत्त्वका उच्च प्रतिफलयुक्त ठुला परियोजनाहरूमा वैदेशिक सहायता, वैदेशिक लगानी एवम् सार्वजनिक ऋण परिचालन मार्फत वित्तीय स्रोतको न्यूनता पूर्ति गर्न जोड दिनुपर्ने हुन्छ। प्रदेशको विकास र समृद्धिको लागि सार्वजनिक स्रोतको परिचालनले मात्र सम्भव नहुने हुँदा निजी र सहकारी क्षेत्रको संयुक्त सहभागितामा दिगो र तीव्र विकास गर्नु आवश्यक छ।

### ३.६.२ विद्यमान अवस्था

आ.व. २०८०/८१ मा प्रदेशको कुल ग्रार्हस्थ उत्पादनमा आन्तरिक राजस्वको अनुपात ०.३० रहेको छ। तसर्थ राजस्वको दायरा फराकिलो र दिगो बनाइ प्रदेशको सार्वजनिक वित्त संरचनालाई सक्षम र सुदृढ बनाउनेतर्फ ध्यान केन्द्रित गर्न जरुरी रहेको छ। समग्र विकास खर्च तथा प्रशासनिक खर्चको आवश्यकता पूरा गर्न, वित्तीय संङ्घीयताको अभ्यासलाई सबल बनाउन र सङ्घीय अनुदान माथिको निर्भरता घटाउन प्रदेशको राजस्व वृद्धि गरी प्रभावकारी परिचालनलाई जोड दिनुपर्ने हुन्छ।

### ३.६.३ मुख्य सवाल तथा चुनौती

सीमित कराधिकार तथा राजस्वको दायरा, न्यून आन्तरिक आय, सङ्घीय अनुदान माथिको निर्भरता, विनियोजन कुशलता एवम् दक्षताको अभाव, कमजोर बजेट कार्यान्वयन क्षमता, न्यून पुँजीगत खर्च एवम् चालु खर्चको बढदो चाप, वित्तीय तथा आर्थिक अनुशासनको अभाव, प्रदेशको

आवश्यकता र प्राथमिकताको आधारमा वैदेशिक सहायता प्राप्त एवम् परिचालन हुन नसक्नु, सार्वजनिक ऋण सम्बन्धी स्पष्ट कानुनी प्रबन्धको अभाव जस्ता समस्या प्रमुख रहेको छन्।

## ३.६.४ उद्देश्य

### ३.६.४.१ सोच

- बचत तथा लगानी प्रर्वद्धनबाट समृद्ध अर्थतन्त्र निर्माण (बचत तथा लगानी)
- सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गरी प्रदेशको आर्थिक समृद्धि (सार्वजनिक वित्त)
- राजस्व सङ्कलन तथापरिचालनबाट आत्मनिर्भर, दिगो र सबल प्रदेश अर्थतन्त्रको निर्माण (राजस्व परिचालन)
- वैदेशिक सहायताको परिचालनबाट ठुला आयोजनाहरूको निर्माण (वैदेशिक सहायता परिचालन)
- आर्थिक समृद्धिका लागि सार्वजनिक ऋणको उपयोग (सार्वजनिक ऋण)
- समतामूलक र समृद्ध अर्थतन्त्रको लागि अन्तरसरकारी वित्त व्यवस्थापन (अन्तर-सरकारी वित्त)
- सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीबाट प्रदेशको समतामूलक आर्थिक-सामाजिक विकास (सार्वजनिक-निजी-सहकारी साझेदारी)
- नवीन प्रविधि सहितको प्रयाप्त वैदेशिक लगानी (वैदेशिक लगानी)

### ३.६.४.२ लक्ष्य

**(क) बचत तथा लगानी**

- बचत र लागानी परिचालन मार्फत दुई अङ्कको आर्थिक वृद्रिदर हासिल गर्ने।

**(ख) सार्वजनिक वित्त**

- सार्वजनिक खर्चको नतिजामूखी परिचालनबाट दुई अङ्कको आर्थिक वृद्दि हासिल गर्ने।

**(ग) राजस्व परिचालन**

- राजस्व सङ्कलनको दायरा फराकिलो गरी प्रदेशको राजस्व चार गुणा वृद्दि गर्ने।

**(घ) वैदेशिक सहायता परिचालन**

- प्रदेश विकासका प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायतालाई सदुपयोग गरी दिगो, फराकिलो तथा तिव्र आर्थिक विकास हासिल गर्ने।

**(ङ) सार्वजनिक ऋण**

- विकासका लागि पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा सार्वजनिक ऋणको उपयोय गर्ने।

**(च) अन्तर-सरकारी वित्त**

- अन्तरसरकारी वित्त हस्तान्तरणको प्रभावकारी परिचालन गर्ने।

**(छ) सार्वजनिक-निजी-सहकारी साझेदारी**

- सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा लगानी अभिवृद्धि गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र नागरिकको जीवनस्तरमा सुधार गर्ने।

**(ज) वैदेशिक लगानी**

- वैदेशिक लगानीको उपयोगबाट प्रतिस्पर्धात्मक क्षमता विकास गरी समृद्धि हासिल गर्ने।

**३.६.४.३ उद्देश्य**

**(क) बचत तथा लगानी**

- वित्तीय क्षेत्रको विस्तार, विकास र सुदृढीकरण गर्ने।
- बचत गर्ने क्षमता र बानीको विकास गर्दै लगानी वृद्धि गर्ने।

**(ख) सार्वजनिक वित्त**

- प्रभावकारी कानुन एवम् संस्थागत आधारशिला खडा गर्ने।
- सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु

**(ग) राजस्व परिचालन**

- प्रभावकारी राजस्व संरचना तयार गरी कुल बजेटमा राजस्वको हिस्सा वृद्धि गर्ने।
- उत्पादन, लगानी, व्यवसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्ने ।

**(घ) विकास सहायता परिचालन**

- प्रदेश विकासका प्राथमिकता र आवश्यकता अनुरूप अधिकतम वैदेशिक पुँजी र प्रविधि आकर्षित र उपयोग गर्ने।

- विकास सहायताको छनोटपूर्ण उपयोग मार्फत उत्पादन, उत्पादकत्व तथा रोजगारी बढाउँदै मुलुकलाई विकास वित्तमा क्रमशः आत्मनिर्भर उन्मुख बनाउने।

**(ङ) सार्वजनिक ऋण**

- आर्थिक वृद्धि, रोजगारी सिर्जना र पुँजी निर्माणमा सहयोग पुग्ने गरी सार्वजनिक ऋण परिचालन गर्ने।
- ऋणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गरी उत्पादन तथा उतपादकत्व वृद्धि गर्ने।

**(च) अन्तर-सरकारी वित्त**

- संघबाट हुने वित्तीय हस्तान्तरणलाई प्राथमिकताका क्षेत्रमा लगानी गर्ने।
- स्थानीय तहको खर्चको आवश्यकता हेरी सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने।

**(छ) सार्वजनिक-निजी-सहकारी साझेदारी**

- अनुकूल वातावरण सृजना तथा सुरक्षाको प्रत्याभूति दिइ निजी र सहकारी क्षेत्रलाई लगानीको लागि उत्प्रेरित गर्ने।
- निजी क्षेत्रलाई बस्तु तथा सेवाको सहज आपूर्ति र रोजगारी सिर्जनाका लागि प्रोत्साहित गर्ने।
- सहकारी क्षेत्रलाई स्थानीय बचत सङ्कलन र उत्पादनमूलक क्षेत्रको लगानीमा केन्द्रित गर्ने।

**(ज) वैदेशिक लगानी**

- वैदेशिक लगानीको माध्यमबाट पुँजी, प्रविधि, व्यवस्थापकीय र व्यावसायिक सीप तथा कौशल भित्र्याउनु।
- प्रदेशका भौतिक पूर्वाधार, जलस्रोत, खनिज तथा जडिबुटी लगायतका प्राकृतिक स्रोतको सदुपयोगमा प्राथमिकताका साथ वैदेशिक लगानी आकर्षित गर्नु।

### ३.६.५ रुपान्तरणकारी रणनीति

**(क) बचत तथा लगानी**

- सबै क्षेत्रमा वित्तीय सुबिधा र पहुँच सुनिश्चित गर्ने।
- तिव्र र दिगो आर्थिक विकासका लागि आण्तरिक तथा बाह्य लगानी प्रवर्द्धन गर्ने।

**(ख) सार्वजनिक खर्च**

- कर्णाली प्रदेशको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी विनियोजन दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी नतिजामूलक बनाउने।

- सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने।
- प्रदेशको विकासको आवश्यकता सम्बोधन गर्ने गरी न्यायोचित, सन्तुलित र पुरिपूरक रुपमा अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने।
- सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने।
- बजेट विनियोजनका मापदण्ड तथा आधारहरूलाई वैज्ञानिक बनाउँदै वित्तीय प्रणालीका जोखिमहरूको न्यूनिकरण गर्ने।

**(ग) आन्तरिक राजस्व**

- सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने ।
- राजस्व प्रशासनको विकास तथा आधुनिकिकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने।
- आर्थिक विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी/व्यवसायमैत्री बनाउने।
- कर संरचना र दरमा सामयिक सुधार गरी कर प्रणालीलाई सरल र समन्यायिक बनाउने ।
- राजस्वलाई प्रदेश समृद्धिको आधार बनाउने।

**(घ) अन्तर-सरकारी वित्त**

- प्रदेश र स्थानीय तहका एकल तथा साझा कार्य जिम्मेवारीहरु सामञ्जस्यपूर्ण ढङ्गबाट पूरा गर्न स्रोत व्यवस्थापन गर्ने।
- स्थानीय तहलाई गरिने वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने।
- प्रदेशमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने।
- प्रदेशको प्राथमिकता, प्रतिष्पर्धात्मक र तुलनात्मक लाभको क्षेत्रमा वित्तीय हस्तान्तरणलाई उपयोग गर्ने।
- स्थानीय तहको आवश्यकताको आधारमा सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने।

**(ङ) विकास सहायता परिचालन**

- संविधान, सङ्घीय तथा प्रदेश कानुन एवम् राष्ट्रिय नीति अनुरूप विकास सहायता नीति तर्जुमा गर्ने।

- प्रादेशिक आवश्यकता, नीति तथा प्राथमिकताका आधारमा विकास सहायताको परिचालन गर्ने।
- विकास सहायता प्रभावकारिता सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रिय नीति अनुरुप विकास सहायताको परिचालन गर्ने।
- संघीय संरचना बमोजिम विकास सहायता प्रणाली रुपान्तरण गरी प्रादेशिक सन्तुलन र समन्यायिकताको सिद्धान्त अनुरुप विकास सहायता उपयोग गर्ने।

**(च) सार्वजनिक ऋण**

- घाटा बजेट पूर्तिका लागि सार्वजनिक ऋण परिचालन गर्ने।
- सार्वजनिक ऋणलाई पूजिगत तथा उत्पादनमूलक क्षेत्रमा परिचालकन गरी उत्पादन, उत्पादकत्व बढाई रोजगारी सिर्जना गर्ने
- प्रदेशले धान्न सक्ने नसक्ने आकलन तथा अध्ययन गरेर मात्र सार्वजनिक ऋण परिचालन गर्ने।

**(छ) सार्वजनिक-निजी-सहकारी साझेदारी**

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीका लागि नीति, कानुन र संरचनाको व्यवस्था गर्ने।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई स्पष्ट गरी लगानीको अनुकूल वातावरण सृजना गर्ने।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रदेशले कार्यान्वयन गर्ने आयोजनाहरूमा लगानी गर्न सक्ने व्यवस्था मिलाउने।

**(ज) वैदेशिक लगानी**

- प्रदेशमा वैदेशिक लगानीमैत्री वातावरण तयार गर्ने।।
- रूपान्तरकारी आयोजनाहरूमा नयाँ प्रविधि समेत आउने गरी वैदेशिक लगानी गर्न सक्रिय पहल गर्ने ।

### ३.६.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अवधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय (चालु) | - | • कार्यालयका नियमित काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>• कर्मचारिको पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रदान गर्ने,<br>• अन्य विवध। | - | ८४८०० | • कार्यालयको सञ्चालन तथा व्यवस्थापन नियमित हुने,<br>• मन्त्रालयका काम कारवाही सहज तथा व्यवस्थित हुने। |
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय (पूँजी) | - | • प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन,<br>• मन्त्रालयको लागि आवश्यक पूजिगत सम्पत्ति खरिद तथा निर्माण। | - | ८४०० | • प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,<br>• पुँजीगत खर्च वृद्धि,<br>• आन्तरिक स्रोत परिचालन,<br>• विनियोजन दक्षता अभिवृद्धि। |
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय (चालु) | - | • प्रदेश सरकारको लेखा प्रणालीको व्यवस्थापन र खर्चप्रणाली व्यवस्थित गरी आर्थिक | - | २२७०० | • कार्यालय सञ्चालन तथा व्यवस्थापन,<br>• कर्मचारीको पारिश्रमिक तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अनुशासन कायम गर्ने। | | | सेवा सुविधा प्रदान,<br>• मन्त्रालयका कामकारवाहीलाई नियमित सञ्चालन। |
| ३०५०१०११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय (पूँजी) | - | • प्रदेश सरकारको लेखा प्रणालीको व्यवस्थापन र खर्चप्रणाली व्यवस्थित गरी आर्थिक अनुशासन कायम गर्ने। | - | १८०० | • व्यवस्थित लेखा प्रणालीको माध्यमबाट आर्थिक अनुशासन कायम भएको हुने।<br>• सूचना प्रणालीमा आधारित लेखा प्रणालीको विकास। |
| ३०५०१०१२३ | प्रदेश लेखा ईकाई कार्यालयहरू (चालु) | - | • प्रदेश सरकारको लेखाप्रणाली को व्यवस्थापन र खर्च प्रणाली व्यवस्थित गरि आर्थिक अनुशासन कायम गर्ने। | - | ६२९६० | • प्रदेश सरकारका निकायहरूको आन्तरिक लेखा परिक्षण नियमित हुने,<br>• कार्यालुका दैनिक काम कारवाहीमा सहजिकरण हुने,<br>• कार्यालय व्यवस्थापनमा सहजिकरण हुने। |
| ३०५०१०१२४ | प्रदेश लेखा ईकाई कार्यालयहरू (पूँजी) | - | • प्रदेश सरकारको लेखाप्रणाली को व्यवस्थापन र खर्च प्रणाली व्यवस्थित गर्न आवश्यक पूँजिको निर्माण तथा सम्भार गर्ने। | - | २५२० | • व्यवस्थित लेखा प्रणालीको माध्यमबाट आर्थिक अनुशासन कायम भएको हुने।<br>• सूचना प्रणालीमा आधारित लेखा प्रणालीको विकास। |
| ३०५०३०११३ | जिल्ला समन्वय समितिहरू | - | • जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता | - | ० | • जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,<br>• जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाविच समन्वय गर्ने,<br>• जिल्लाभित्रका गाउँपालिका र नगरपालितकविध कुनै विवाद उत्पन भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,<br>• अन्य विविध। | | | सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धीत विषय हैने प्रदेश सरकारको मन्त्रालयलाई समेत सुझाव दिने । |

| **ब.उ.शी.नं.** | **कार्यक्रम/आयोजना** | **हालसम्मको प्रगति स्थिति** | **आगामी तीन वर्षको उपलब्धि सूचक** | **यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप** |
|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय (चालु) | • कार्यालय सञ्चालन तथा व्यवस्तापन नियमित तथा सुचारु रहेको,<br>• कर्मचारीहरूको पारिश्रमिक तथा सेवा सुबिधा निमयत प्रदान गरिएको,<br>• अन्य आकस्मिक क्रियाकलप | • कार्यालय व्यवस्थित रुपमा सुचारु गर्ने,<br>• कर्मचारिहरूको सेवा सुविधा समयसापेक्ष बनाउने,<br>• छरितो र प्रविधी मैत्री सेवा प्रवाह गर्ने। | • नियमित कार्यसञ्चालन तथा व्यवस्थापन,<br>• कार्यालयका चालु तथा नियमित प्रकृतिका कार्यहरू सञ्चालन,<br>• अन्य विविध । |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन गरिएको। | | |
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय (पूँजी) | • पूवजिगत सम्पत्ती खरिद गरिएको<br>• पुँजीगत खर्च वृद्धि,<br>• आन्तरिक स्रोत परिचालन,<br>• विनियोजन दक्षता अभिवृद्धि गर्दै गएको। | • प्रदेशको समष्टिगत आर्थिक अवस्थामा सुधार हुने,<br>• पुँजीगत खर्च वृद्धि गर्दै जाने,<br>• आन्तरिक स्रोत परिचालन अभिवृद्धी हुने,<br>• विनियोजन दक्षता अभिवृद्धि हुने। | • सवारी साधन खरिद,<br>• डिजिटल प्रणाली निर्माण,<br>• मनत्रालयको भवन मर्मत तथा कार्यकक्षहरू सुधार,<br>• विनियोजन दक्षता अभिवृद्धि |
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय (चालु) | • कार्यालय सञ्चालन तथा व्यवस्थापन,<br>• कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधा प्रदान,<br>• मन्त्रालयका कामकारवाहीलाई नियमित सञ्चालन। | • प्रदेश सरकारको लेखा प्रणालीको व्यवस्थापन र खर्चप्रणाली व्यवस्थित गरी आर्थिक अनुशासन कायम हुने। | • कार्यालयका निमयत कामकारवाही सञ्चालन तथा व्यवस्थापन,<br>• अन्य विविध तथा आकस्मिक कार्यहरु सञ्चालन, |
| ३०५०१०११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय (पूँजी) | • कार्यालयको पूँजिगत सम्पत्ति खरिद तथा निर्माण,<br>• कार्यालयको लागि आवश्यक सफ्टवयर निर्माण गरिएको। | • कार्यलयको लागि आवश्यक पूँजिगत सम्पत्तीको खरिद तथा निर्माण, | • पूँजिगत निर्माण तथा खरिद ।<br>• कार्यालयको लागि ए.सी. खरिद तथा जडान।<br>• फर्निचर तथा ल्यापटप खरिद।<br>• ट्रस तथा ब्याडमिन्टन कोर्ट निर्माण। |
| ३०५०१०१२३ | प्रदेश लेखा ईकाई | • कार्यालय सञ्चालन तथा | • कार्यालय सञ्चालन तथा व्यवस्थापन | • आन्तरिक लेखा परिक्षाण |

| | | | | |
|---|---|---|---|---|
| | कार्यालयहरू (चालु) | व्यवस्थापन नियमित रहेको,<br>• प्रदेश सरकारका निकायहरूको आन्तरिक लेखा परिक्षण भइरहेको,<br>• नियमित निकासा र अन्य आवश्यक कामहरु भइरहेको। | छरितो र प्रविधि मैत्री हुने,<br>• प्रदेश सरकारका निकायहरूको आन्तरिक लेखा परिक्षण नियमित र वास्तविकतामा आधारित बनाउने।<br>• नियमित निकासा र अन्य आवश्यक कामहरु आवश्यकता र मागमा आधारित हुने। | नियमित गर्ने,<br>• कार्यालय सञ्चालन र व्यवस्थापन समय सापेक्ष बनाउने। |
| ३०५०१०१२४ | प्रदेश लेखा ईकाई कार्यालयहरू (पूँजी) | • पूँजिगत निर्माण तथा खरिद ।<br>• कार्यालय मर्मत सम्भार।<br>• फर्निचर तथा ल्यापटप खरिद। | • कार्यालयको आफ्नै सिविधा सम्पन्न भौतिक पुर्वाधार निर्माण गर्ने,<br>• कार्यालयको लागि आवश्यक पूँजिगत स्पत्तिको निर्माण तथा सम्भार गर्ने,<br>• कार्यालयको लागि आवश्यक प्रविधि तथा सफ्टवयर निर्माण गर्ने। | • पूँजिगत निर्माण तथा खरिद ।<br>• कार्यालय मर्मत सम्भार।<br>• फर्निचर तथा ल्यापटप खरिद। |
| ३०५०३०११३ | जिल्ला समन्वय समितिहरू | • प्रदेशका जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समीक्षाको कार्यक्रम गरिएको। | • जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने,<br>• त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम | • जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने,<br>• त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने । | • त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने,<br>• त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने । |

### ३.६.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आन्तरिक राजस्व सङ्कलन | रु. करोड | ५०.४८ | ५८.९४ | ५९.५३ | ६६.६७ | ६८.६७ |
| २ | कुल बजेट खर्च | प्रतिशत | ५९.५२ | २७.६६ | ७५ | ७७ | ७७ |
| ३ | चालु बजेट खर्च | प्रतिशत | ६६.४७ | ७४ | ७७ | ८० | ८५ |
| ४ | पुँजीगत बजेट खर्च | प्रतिशत | ५४.६२ | ६७ | ७० | ७५ | ७७ |
| ५ | राष्ट्रिय कुल ग्रार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश | प्रतिशत | ४.२९ | ४.१९ | ४.८ | ५.२ | ५.९ |
| ६ | प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन | अमेरिकी डलर | १०७६ | १०८९ | ११५० | १२३० | १४५० |
| ७ | प्रदेशको कुल ग्राहस्थ उत्पादनमा प्राथमिक क्षेत्रको योगदान | प्रतिशत | ३०.३ | ३१.६७ | २८.४ | २८ | २७.१ |
| ८ | प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान | प्रतिशत | ९.४८ | ९.४२ | १२.४ | १३.१ | १५.२ |
| ९ | प्रदेशको कुल ग्राहस्थ उत्पादनमा सेवा सेवा क्षेत्रको योगदान | प्रतिशत | ६०.२१ | ५८.९१ | ५९.२ | ५८.९ | ५७.७ |
| १० | वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | ३.२६ | ४.७४ | ६.६ | ७.५ | ८.६ |
| ११ | प्राथमिक क्षेत्रको वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | २.५ | ४.४ | ५.५ | ६ | ६.५ |
| १२ | द्वितिय क्षेत्रको औषत आर्थिक वृद्धिदर | प्रतिशत | -०.५ | ३.७ | ८.९ | ११ | १३.५ |
| १३ | सेवा क्षेत्रको औषत आर्थिक वृद्धिदर | प्रतिशत | ४.४ | ४ | ६.८ | ७.८ | ८.८ |

### ३.६.८ त्रिवर्षीय खर्त तथा स्रोत अनुमान

(रु. हजारमा)

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | २०१३४५ | १८८४०५ | १२९४० | ० | २०१३४५ | ० | ० |
| २०८३/८४ | २११४१२ | १९७८२५ | १३५८७ | ० | २११४१२ | ० | ० |
| २०८४/८५ | २२१९८३ | २०७७१७ | १४२६६ | ० | २२१९८३ | ० | ० |

# ३.७ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## ३.७.१ पृष्ठभूमि

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची-२ को प्रदेश शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्यजिम्मेवारी पूरा गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्थापना भएको हो। प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा यो कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश सरकार (मन्त्रिपरिषद्) को गठन भएसँगै यस कार्यालयले प्रदेश सरकारको प्रशासकीय काम कारबाहीको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्दै आएको छ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरूबीच समन्वय, निर्देशन र सुपरीवेक्षण, अन्तर-सरकार समन्वय, प्रदेश सरकारको नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यजिम्मेवारी यस कार्यालयमा रहेको छ। सोही बमोजिम नीतिगत समन्वय र सुशासन कायम गर्ने, शासकीय सुधार गर्ने, विद्युतीय शासनमा जोड दिने, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्ने, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख राख्ने र सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पत्ती विवरण राख्ने लगायतका कार्यक्रमहरुलाई थप व्यवस्थित गर्न आवश्यक छ।

## ३.७.२ विद्यमान अवस्था

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार निर्दिष्ट कार्यहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रभावकारी एवम् पारदर्शी रुपमा सम्पन्न गर्दै आएको छ। यस कार्यालय अन्तर्गत मुख्य कार्यक्रमहरुको रुपमा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम, प्रदेश कर्मचारी अभिलेखालय, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम रहेका छन्। कार्यालयको कूल दरवन्दी संख्या ६३ रहेकोमा हाल ६१ पदपूर्ती रहेको छ।

## ३.७.३ मुख्य सवाल तथा चुनौती

नीतिगत अस्थिरता, तर्जुमा भएका नीतिको प्रभावकारी कार्यान्वयनको अभाव, नीतिको पूर्व र उत्तरविधायिकी परीक्षण, अन्तरसरकार समन्वयलाई प्रभावकारी बनाउन नसकिनु, भ्रष्टाचार तथा अनियमितताको गुनासो, प्रदेश र स्थानीय तहको क्षमता विकास अपेक्षित रुपमा गर्न नसकिनु, सङ्घीय निजामती सेवा सम्बन्धी कानूनको अभावमा प्रदेश निजामती सेवा र स्थानीय सेवा सञ्चालनमा द्विविधा उत्पन्न भई कर्मचारीको मनोवल न्यून हुनु, कार्यजिम्मेवारीअनुसारको संगठन संरचना नहुनु र व्यवस्थापन परीक्षण लगायतका व्यवस्थापकीय औजारलाई

नतिजामूलक बनाउन नसकिनु लगायतका प्रमुख समस्याहरु रहेका छन्। सार्वजनिक नीति निर्माणलाई तथ्यपरक बनाउनु, नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, प्रदेशको एकल र साझा अधिकारका विषयमा कानून निर्माण गर्नु, रिक्त दरवन्दीको माथिल्ला पदपूर्ति गर्नु, कर्मचारीको कार्यसम्पादन व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउनु, संगठन संरचना र दरवन्दीलाई समसामयिक बनाउनु, भ्रष्टाचार र अनियमितता हटाइ सुशासन कायम गर्नु, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको शासकीय र कार्यक्षमताको अभिवृद्धि गर्नु, अन्तरसकार समन्वयलाई प्रभावकारी बनाउनु प्रमुख चुनौति रहेका छन्।

## ३.७.४ उद्देश्य

(क) कानून, नीति तथा निर्णय निर्माणलाई सहभागितामूलक, न्यायपूर्ण, स्पष्ट, परिवर्तनशील र सबैका लागि पहुँचयोग्य बनाउनु,

(ख) पारदर्शी, जवाफदेही, उत्तरदायी, सदाचारयुक्त र प्रविधिमैत्री सेवा प्रवाहबाट सुशासन कायम गर्नु,

(ग) मानव अधिकारमैत्री सरकार, समाज र शासन पद्धतिको विस्तार र विकास गर्नु,

(घ) भ्रष्टाचारलाई नियन्त्रण गर्न प्रदेश सरकारका निकायलाई नियन्त्रण, निर्देशन र कानूनी, नीतिगत व्यवस्थाको साथै निर्णय निर्माण गर्नु,

(ङ) भ्रष्टाचार न्यूनीकरण गर्न कानूनी, नीतिगत र संस्थागत व्यवस्था गर्नु,

(च) प्रदेश र प्रदेशभित्र रहेका स्थानीय तहको शासनको सबलीकरण गर्न क्षमता विकास गर्नु।

## ३.७.५ रुपान्तरणकारी रणनीति

(क) सुशासन प्रवर्द्धनका लागि कानूनी, संरचनात्मक र प्रक्रियागत सुधार गर्ने,

(ख) सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित गर्ने,

(ग) सबै खाले दण्डहिनताको अन्त्य गरी मानव अधिकारमैत्री संस्कारको विकास गर्ने,

(घ) भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने सम्बन्धी नीति तथा कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्ने,

(ङ) सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवम् पारदर्शी बनाउने,

(च) कार्ययोजना बमोजिम योजनावद्ध रुपमा प्रदेश तथा स्थानीय तहहरूको क्षमता विकास गर्ने,

(छ) प्रदेश र स्थानीय तहको कुशल श्रोत परिचालन क्षमता अभिवृद्धिको लागि तालिम प्रदान गर्ने,

(ज) अन्तरसरकार समन्वय र सहकार्यमा नीतिगत सामञ्जस्यता कायम गरी आपसी सहकार्य र साझेदारी सुदृढ गर्ने।

### ३.७.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अवधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | नीतिगत समन्वय र सुशासन कायम गर्ने | - | १९,००,०० | • प्रदेश कर्मचारी अभिलेखालय स्थापना भएको हुनेछ,<br>• प्रदेशका सम्पूर्ण स्थानीय तहहरुमा मध्यमकालीन खर्च संरचना, आवधिक योजना निर्माणमा सहजीकरण गरिनेछ,<br>• प्रदेश तथा स्थानीय तहका सबै कर्मचारीको क्षमता विकास सम्बन्धी योजना तथा नीति बनाइ सबैका लागि कम्तीमा एक तालिम प्रदान गरिनेछ। |
| ३०१००१०२ | मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम | | स्थानीय पूर्वाधार विकास मार्फत बेरोजगार युवालाई रोजगारीको अवसर सिर्जना गर्ने । | - | १,१७,००,०० | • आगामी तीन आर्थिक वर्षमा ४५ हजार बेरोजगार युवाले न्यूनतम १०० कार्यदिन बराबरको रोजगारी प्राप्त गरेको हुनेछन्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३०१००९०३ | प्रदेश कर्मचारी अभिलेखालय | | प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख राख्ने साथै सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पत्ती विवरण राख्ने । | - | १०,०० | • प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख प्रणालीलाई व्यवस्थित गर्ने । |
| ३०१६१९०१ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | | प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्ने । | - | ० | • कम्तीमा ६० प्रतिशत जनप्रतिनिधिले क्षमता विकास सम्बन्धी तालीम प्राप्त गरेको हुनेछन्। |
| ३०१९११२१ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | | प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्ने । प्रदेश र स्थानीय तहका निकायहरुको संस्थागत सुदृढीकरण गर्ने । | - | ० | • जनप्रतिनिधि तथा कर्मचारीहरूमा विद्यमान कानून कार्यविधिको विषयमा सशक्तिकरण भएको हुने,<br>• प्रदेश तथा स्थानीय तहले आफ्ना क्षेत्राधिकारभित्रका विषयवस्तुहरू सम्बन्धी आवश्यक दस्तावेजहरू तर्जुमा गर्ने क्षमता अभिवृद्धि भएको हुने । |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • प्रदेश निजामती सेवा ऐन तथा नियमावली लगायतका महत्वपूर्ण कानून तर्जुमा गरी कार्यान्वयन गरिएको,<br>• स्थानीय सेवा ऐन तथा नियमावली तर्जुमा गरी कार्यनन्वयनमा रहेको,<br>• कर्मचारीको बढुवा सम्बन्धी कार्य अगाडि बढाइएको, प्रदेश कर्मचारीको व्यक्तिगत सूचना प्रणाली (PIS) तयार गरी अभिलेखलाई व्यवस्थित गरिएको,<br>• संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन पुनसंरचनाको कार्य सञ्चालनमा रहेको,<br>• प्रदेश समन्वय परिषद्को बैठक बसेको। | • प्रदेश सकरकारका निकाय तथा कर्मचारीको कार्यसम्पादन व्यवस्थापन प्रणाली लागू भइ कार्यसम्पादनलाई वस्तुपरक बनाइनेछ,<br>• कम्तीमा ५० वटा सरकारी निकायको व्यवस्थापन परीक्षणको गरिनेछ। | • व्यवस्थापन परीक्षणलाई समयानुकुल परिमार्जन गरी कार्यान्वयन गर्ने,<br>• सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने,<br>• कार्यसम्पादन व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने,<br>• मानव अधिकार तथा कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रदेश तथा स्थानीय तहको क्षमता विकास गर्ने। |
| ३०१००१०२ | मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम | • ७१८ वटामा योजना कार्यान्वयन भइ १५ हजार बेरोजगार युवाले आंशिक रोजगारी प्राप्त गरेको। आर्थिक वर्ष २०८२/०८३ को लागि मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गरी | • स्थानीय पूर्वाधार विकास मार्फत वार्षिक २० हजार व्यक्तिले प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गर्नेछन्। | • रोजगार, उद्यमशिलता र उत्पालनमूलक क्षेत्रमा सबै (७१८) वडामा योजना कार्यान्वय गर्ने, समयानुकुल परिमार्जन गरी थप प्रभावकारी बनाउदै लैजाने । |

| | | | | |
|---|---|---|---|---|
| | | लागू गरिएको । | | |
| ३०१००९०३ | प्रदेश कर्मचारी अभिलेखालय | • मन्त्रालयको शाखाको रुपमा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख तथा कर्मचारी र जनप्रतिनिधि सहितको सम्पत्ति विवरण राख्ने गरेको छ। | • संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी छुट्टै कार्यालयको रुपमा स्थापना भई स्वायत्तता प्राप्त गरेको हुनेछ । | • कर्मचारी अभिलेख प्रणालीको पूर्ण रुपमा विकास गरी वास्तविक तथ्याङ्कमा आधारित अभिलेख प्रणालीको निर्माण गर्ने । सम्पत्ति विवरण प्रणालीलाई थप पारदर्शी र पहुँचयोग्य बनाउने । |
| ३०१६१९०१ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | • ३२ वटा स्थानीय तहको राजश्व सुधार योजना, १० वटा स्थानीय तहको आवधिक योजना, २४ वटा स्थानीय तहको क्षमता विकास योजना र ७९ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण भएको,<br>• प्रदेश तथा स्थानीय तहका ७१२० जना कर्मचारी र २८३५ जना जनप्रतिनिधलाई तालिम प्रदान गरिएको<br>• मध्यमकालीन खर्च संरचना लगायतका कार्यमा सहयोग पुग्ने गरी अनलाइन | • प्रदेश तथा स्थानीय तहका सबै कर्मचारीलाई कुनै न कुनै तालिम प्रदान भएको हुनेछ, अध्ययन अनुसन्धान तथा परामर्श सेवा वापत प्रतिष्ठानलाई क्रमशः स्वनिर्भर बनाउँदै प्रतिष्ठानको कुल बजेटमा आन्तरिक आयमा हिस्सा कम्तीमा १०%, पुगेको हुनेछ। निजी तथा अन्य क्षेत्रको लागि आवश्यक प्रशिक्षण मोड्युल तयार गरिनेछ,<br>• ५० वटा स्थानीय तहको | • आवधिक योजना, राजश्व सुधार योजना, क्षमता विकास योजनामा प्रशिक्षण गर्ने, व्यावसायिक योजना निर्माण र कार्यान्वयन गर्ने, अधिकृत तथा सहायकस्तरका कर्मचारीलाई छोटो र लामो अवधिको तालिम प्रदान गर्ने, प्रतिष्ठानको प्रशिक्षण भवन सम्पन्न गरी प्रयोगमा लयाउने, तालिम सम्बन्धी पाठ्यक्रम तथा मोड्युल निर्माण गर्ने, एकीकृत सेवा प्रवाह सञ्चालन केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| | | तथा डिजिटल अध्ययन सामग्री सामग्री तयार गरिएकोप्रतिष्ठानको ,<br>• प्रशिक्षण भवन सम्पन्न हुने अन्तिम चरणमा रहेको । | आवधिक योजना र सबै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयार भएको हुनेछ। | स्थापना गर्न प्रोत्साहन गर्ने। |
| ३०१९११२१ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | • प्रदेश तथा स्थानीय तहको बेरुजु व्यवस्थापन प्रणालीको विकास गरी सो को सञ्चालन सम्बन्धी तालिम दिइएको, विभिन्न क्षेत्रमा प्रशिक्षक प्रशिक्षण तालिम दिइएको, प्रदेश कानून निर्माणमा सहयोग र सहजीकरण भएको, नवप्रवर्तन साझेदारी कोष अन्तर्गत विभिन्न आयोजना कार्यान्वयन गरिएको। | • १० वटा स्थानीय तहको स्थानगत एकीकृत योजना निर्माण भएको हुनेछ<br>• स्थानीय तहको असल अभ्यासको आदानप्रदान भएको हुनेछ। | • बेरुजु व्यवस्थापन, कानून निर्माणमा सहजीकरण, नविन परियोजना बैङ्क स्थापना सहयोग, स्थानीय नप्रवर्तन र आर्थिक विकास लगायतका कार्य गर्ने । |

### ३.७.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | अनुसन्धान तथा विकासमा संलग्न निकाय | संख्या | ० | ० | ० | ० | ० |
| २ | अनुसन्धान तथा विकास सम्बन्धी कार्यक्रम | संख्या | ० | ० | ० | ० | ० |
| ३ | आफ्नै प्रशासकीय भवन भएका स्थानीय तहहरु | संख्या | ३१ | ४० | ५२ | ६८ | ७३ |
| ४ | आयोजना बैंक तयार गर्ने स्थानीय तह | | १० | २० | ३५ | ५० | ७९ |
| ५ | आवधिक योजना तयार गर्ने स्थानीय तह | संख्या | १० | २० | ३५ | ५० | ० |
| ६ | गैरसकारी संस्थाहरु | संख्या | ० | ० | ० | ० | ० |
| ७ | गैरसरकारी संस्थाहरुले सञ्चालन गरेका कार्यक्रम | संख्या | ० | ० | ० | ० | ० |
| ८ | प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको क्षमता विकास तालीम सञ्चालन | संख्या | ४० | १० | ४५ | ४५ | ४५ |
| ९ | प्रदेश तथा स्थानीय तहका पदाधीकारीहरुको क्षमता विकास तालीम सञ्चालन | संख्या | १५ | ५ | २० | २० | २० |
| १० | प्रदेश निजामति सेवा सहितका कानूनहरुको तर्जुमा | संख्या | ५ | ५ | ५ | ५ | ६ |
| ११ | प्रदेशमा स्थापना भएका अनुसन्धान केन्द्रहरु | | ३ | ३ | ४ | ५ | ७ |
| १२ | भ्रष्टाचारका घटनाहरु | संख्या | १६,०० | १५,०० | १४,०० | १२,०० | १०,०० |
| १३ | मध्यमकालीन खर्च संरचना तयार गर्ने स्थानीय तह | संख्या | ४० | ५० | ६० | ७९ | ७९ |
| १४ | मानव अधिकार | संख्या | २,३८ | २,१० | २,०५ | २,०० | १,५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उल्लङ्घनका घटनाको उजुरी फर्छ्यौट | | | | | | |
| १५ | मानव अधिकार उल्लङ्घनका घटनाहरा कारवाही प्रकृया अगाडी बढेको । | संख्या | ० | ० | ० | ० | ० |
| १६ | मानव अधिकार उल्लङ्घनका घटनाहरु | संख्या | ० | ० | ० | ० | ० |
| १७ | मौजुदा जनशक्तिको अवस्था/रिक्त र पदपुर्ति | संख्या | ० | ० | ० | ० | ० |
| १८ | वार्षिक दक्ष जनशक्तिको उत्पादन | संख्या | ० | ० | ० | ० | ० |
| १९ | वार्षिक रोजगार सिर्जना | संख्या | १.३ | १.५ | १.६ | १.८ | २ |
| २० | वार्षिक स्वरोजगार सिर्जना | संख्या | ० | ० | ० | ० | ० |
| २१ | विकास साझेदार संस्थाहरु | संख्या | ० | ० | ० | ० | ० |
| २२ | विद्युतीय प्रणाली मार्फत सेवा प्रवाह गर्ने स्थानीय तह | संख्या | ४६ | ५५ | ६७ | ७९ | ७९ |
| २३ | विद्युतीय माध्यमबाट सूचना तथा सेवा प्रवाह गर्ने सरकारी निकाय | संख्या | ४८ | ५८ | ७० | ८० | १,०० |
| २४ | स्थानीय तथ्याङ्क अद्यावधिक गरेका स्थानीय तह | संख्या | ४५ | ५८ | ६७ | ७० | ७९ |
| २५ | हेलो सरकार तथा हाम्मा मुख्यमन्त्री हाम्मा कुडामा प्राप्त जनगुणासाहरुको सुनुवाइ तथा सुझाव कार्यान्वयन | संख्या | ७५ | ७८ | ८० | ८५ | ८५ |

## ३.७.८ त्रिवर्षीय खर्च तथा श्रोत अनुमान

(रु. हजारमा)

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | ३८०५२१ | ३३२७३८ | ४७७८३ | ० | १९०५२१ | ० | १९०००० |
| २०८३/८४ | ३९९५४७ | ३४९३७५ | ५०१७२ | ० | २०००४७ | ० | १९९५०० |
| २०८४/८५ | ४१९५२४ | ३६६८४४ | ५२६८१ | ० | २१००४९ | ० | २०९४७५ |

## ३.८ आन्तरिक मामिला तथा कानून

### ३.८.१ पृष्ठभूमि

नेपालको संविधानले अंगीकार गरेको तीन तहको शासन प्रणाली अनुरूप प्रदेश सरकार गठन भएको हो। त्यसै अनुरूप प्रदेशमा शान्ति सुरक्षा अमनचयन कायम गर्न आवश्यक पर्ने कानून निर्माण गर्ने, प्रदेशको क्षेत्राधिकार भित्र रहेर यस प्रदेशलाई व्यवस्थित रूपमा सञ्चालन गर्न यस मन्त्रालयको स्थापना भएको हो। समग्र प्रदेशको शान्ति, सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सम्बन्धी कार्यजिम्मेवारी रहेको छ। यसका अतिरिक्त विपद् व्यवस्थापन, कानून तर्जुमा, सञ्चार क्षेत्रका कार्य समेत यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेको छ।

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै समग्र प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, नेपालको संविधान द्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन ब्यवस्था संचालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरूको तर्जुमा, समसामयिक संशोधन, फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउने यस मन्त्रालयको मूलभूत उद्देश्यहरू रहेका छन्।

### ३.८.२ विद्यमान अवस्था

मन्त्रालयको क्षेत्राधिकार भित्र रहेर जनताको चाहना र आवश्यक्ता अनुसार प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी विधिको शासन एवं प्रविधिमैत्री प्रदेश निर्माणका लागि विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रदेशमा विपद् उत्थानशीलता बृद्धि गर्ने गरी कार्ययोजना तयार पारी कार्यान्वयनमा रहेको छ।

### ३.८.३ मुख्य सवाल तथा चुनौती

समग्र प्रदेशको शान्ति, सुरक्षा तथा सुव्यवस्थाको जिम्मेवारी रहेको सन्दर्भमा प्रदेश प्रहरी परिचालनमा समन्वयकारी भुमिका मात्र रहनु, विपद प्रतिकार्यको लागि आवश्यक दक्ष जनशक्ति एवम् प्रविधिकोको व्यवस्थापन गर्नु तथा संघीय कानुनसँग सामञ्जस्यता हुने गरी प्रदेश कानून तर्जुमा गर्नु पर्ने चुनौती रहेका छन्।

### ३.८.४ उद्देश्य

#### (क) शान्ति सुरक्षा र सुव्यवस्था

- सबै सुरक्षा निकाय र सम्बद्ध पक्षबिच आपसी सहयोग र समन्वय कायम गरी प्रभावकारी र विश्वसनीय सुरक्षा प्रणाली स्थापित गर्नु,

- सुरक्षा निकायलाई समयानुकूल सबल, सुदृढ र जनउत्तरदायी बनाउनु।

**(ख) विपद् व्यवस्थापन**

- प्रभावकारी पूर्वतयारी गरी विपदबाट हुने क्षतिलाई न्यून गर्नु।
- विपद्को प्रभाव न्यूनीकरण, सामना र द्रुत प्रतिकार्यको क्षमता विकास गर्नु।

**(ग) सूचना र सञ्चार प्रविधि**

- नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरि डिजिटल कर्णाली प्रदेश निर्माण गर्नु।

### ३.८.५ रुपान्तरणकारी रणनीति

**(क) शान्ति सुरक्षा र सुव्यवस्था**

- सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।
- नागरिक मैत्री सुरक्षा व्यवस्था सुदृढ बनाउने।

**(ख) विपद् व्यवस्थापन**

- उच्च जोखिममा रहेका समुदाय, क्षेत्र र निराकरणका उपायहरू पहिचान गर्ने।
- जोखिम न्यूनीकरण गर्न नीतिगत, संस्थागत र बन्दोबस्ती सम्बन्धी व्यवस्था गर्ने।

**(ग) सूचना तथा सञ्चार प्रविधि**

- डिजिटल कर्णाली प्रदेशको निर्माण गर्ने।
- सूचना तथा सञ्चार पूर्वाधारको विकास र विस्तार गर्ने।

**(घ) कानुन निर्माण**

- कानुन निर्माण कार्यलाई प्रभावकारी बनाउने।

### ३.८.६ प्रमुख कार्यक्रम

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | पञ्चवर्षिय आयोजना | उद्देश्य | कार्यक्रम/आयोजना अबधि (सुरु समाप्ति) | लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय (चालु ) | | • शान्तिपुर्ण र सुरक्षित कर्णाली प्रदेश निर्माणका लागि सरोकारवाला निकायसँग समन्वय सहकार्य गर्ने,<br>• सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी डिजिटल कर्णाली निर्माण गर्नु,<br>• विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि संस्थागत,कार्यक्रमगत र नितिगत व्यवस्था गर्ने ,<br>• प्रदेशमा आवश्यक कानुन निर्माण गर्ने | - | २५२३५५ | • प्रदेशको सुरक्षा व्यवस्थापन मजबुद भएको हुने,<br>• कानून निर्माण र प्रकाशन कार्य प्रभावकारी भएको हुने,<br>• विपद् व्यवस्थापनका लागि विपद् पुर्व तयारीका साथै संस्थागत नितिगत र कार्यक्रमगत कार्यक्रमहरु सत्ञ्चालन हुने,<br>• कर्णाली प्रदेशमा रहेका सञ्चारकर्मीको क्षमता अभिबृद्धि हुने,<br>• साईबर सुरक्षा, डिजिटल साक्षरता र डिजिटल कर्णाली निर्माण हुने |
| ३१४०००११४ | आन्तरिक मामिला | | • सुरक्षित यातायातका लागि ट्राफिक | - | ४७६४५ | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा कानून मन्त्रालय (पूँजी) | | लाईटको जडान गर्ने, <br>• प्रदेश सुरक्षा निकायका भवन निर्माण गर्ने, <br>• डिजिटल ठेगाना प्रणाली निर्माण | | | |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
